वर्ष : १६, अंक : २५, काठमाडौं, २०७७ असोज १६ गते शुक्रबार, 2 October 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
| --- | --- |
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

## जसपामा समायोजन प्रक्रिया सुरु

काठमाडौं । जनता समाजवादी पार्टी नेपाल (जसपा) मा समायोजनको प्रक्रिया अगाडि बढेको छ । तत्कालीन समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टी नेपालले एकीकृत भएपछि बनेको जसपामा समायोजनको प्रक्रिया आन्तरिक विवादका कारण अड्किएको थियो । दुबै पार्टीले आ-आफ्नो केन्द्रीय सदस्यको नामावली बुझाएपछि समायोजनको प्रक्रिया अगाडि बढेको हो । तत्कालीन राजपा नेपालका अध्यक्षमण्डलका सदस्यहरुले आ-आफ्नो तर्फबाट सदस्यको नामावली बुझाएका हुन । जसपा नेपालका नेता रामसहाय यादवकाअनुसार दुवै पार्टीको तर्फबाट केन्द्रीय सदस्यको नामावली बुझाउने काम भएको छ र अब समायोजनको काम अगाडि बढ्छ ।
पार्टीको अन्तरिम विधानअनुसार केन्द्रीय समितिको संख्या ७०१ रहनेछ । त्यसमा दुवै दलले आधा-आधा केन्द्रीय सदस्य राख्न पाउनेछन् । त्यसमध्ये ५१ सदस्यीय कार्यकारिणी समिति यसअघि नै बनिसकेको छ । जसमा तत्कालीन राजपा नेपालले २६ जना र समाजवादी पार्टीले २५ जना राखेका छन् । बाँकी रहेका ६५० मा दुवै दलले ३२५-३२५ जना नयाँ नाम पठाएका छन् । समाजवादी पार्टीले पहिलेदेखि ३२५ जनाको नाम ठिक पारेर राखेको थियो तर राजपा नेपालमा भने नामावलीमा कुरा मिलिरहेको थिएन । ६ जनाको अध्यक्षमण्डलमा भागबण्डा गर्दा र नेताहरुको संख्यामा कुरा नमिल्दा निकै समय लागेको हो । पूर्व राजपाका एक नेताका अनुसार उसले ३२५ जनाको नामावली बुझाउने ठाउँमा ३८४ जनाको नाम बुझाएको छ ।
समायोजनका लागि गठन भएको ५ जनाको कार्यदलले त्यस बारेमा छलफल गरि केन्द्रीय समितिको टुंगो लगाउने छ । केन्द्रीय समितिको टुंगो लाग्ने वित्तिकै प्रदेश, जिल्ला, पालिका, भातृसंगठन लगायत विभिन्न विभाग र समितिहरुको समायोजन शुरु हुने छ । पार्टीको सम्पूर्ण एकता प्रकृया मंसिरभित्र सम्पन्न गर्ने लक्ष्य सो पार्टीले लिएको छ । गत बैशाख ७ गते समाजवादी पार्टी र राजपा नेपालको बीचमा एकीकरण भएको थियो । असार २८ गते सो पार्टीले निर्वाचन आयोगबाट आधिकारिता पाएको थियो ।

## सञ्चारक्षेत्रलाई जनउत्तरदायी बनाउने प्रतिबद्धता



काठमाडौं । प्रेस काउन्सिल नेपालका नवनियुक्त कार्यवाहक अध्यक्ष गोपाल बुढाथोकीले सञ्चारक्षेत्रलाई थप जनउत्तरदायी बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् । यही असोज ९ गतेदेखि पद बहाली गरेका बुढाथोकीले प्रेस काउन्सिल नेपालबाट हुने सञ्चारमाध्यमको नियमन प्रभावकारी बनाउन तथा सञ्चारक्षेत्रलाई जनउत्तरदायी बनाउन सम्बद्ध व्यक्ति संस्था र सरोकारवाला सबैलाई अनुरोधसमेत गरेका हुन् । उनले आफू कार्यवाहक अध्यक्षका रूपमा आफू एवम् काउन्सिल बोर्डले प्रेस काउन्सिल ऐन-नियम, विनियम, निर्देशिका, कार्यविधि र पत्रकार आचारसंहिताको परिधिभित्र रहेर निष्ठापूर्वक कार्य गर्ने-गराउने जानकारी गराएका छन् ।

प्रतिबद्धतापत्र पृष्ठ ६ मा

# ९३ वर्षपछि नेपालमा आधुनिक रेल

मधेशवाणी डेस्क



काठमाडौं । धनुषाको कुर्थादेखि भारतको जयनगरसम्म रेल सञ्चालनका लागि रेल सेट नेपाल आइपुगेसँगै नेपालमा रेल यातायाततर्फको आधुनिक यात्रा शुरु भएको छ । नेपालको रेल्वे विकासमा आधुनिक यात्रा तय गर्न ९३ वर्ष कुर्नु परेको छ ।
भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण भएको धनुषाको कुर्थादेखि भारतको जयनगरसम्म रेलमार्गमा सञ्चालनका लागि दुई सेट डेमो ट्रेन नेपाल आइसकेको छ । रेललाई अहिले धनुषाको इनरवामा त्रिपाल छापेर राखिएको छ ।
जनकपुर-जयनगर रेलमार्गमा सेवा सञ्चालन गर्न इन्जिन र बोगी भारतको मद्रासमा बनाई हाजिपुर-जयनगर हुँदै जनकपुरधामसम्म ल्याइएको छ । २ थान १६ सय एचपी डेमु रेल सेट ८३ करोड ९३ लाख ६० हजार रुपैयाँमा खरिद गरिएको हो । यसमा एउटा ड्राइभिङ पावर कार, एउटा ड्राइभिङ ट्रेलर कार, दुईवटा जेनरल ट्रेलर कार र एउटा एसी ट्रेलर कार छन् । रेलको डिजाइन स्पिड प्रतिघण्टा १ सय १० किलोमिटर छ । भारतको सरकारी कम्पनीमार्फत नै रेल सेट निर्माण भएको हो । दुई सरकारबीच सम्झौता भई (जिटुजी) रेल खरीद भएको हो । सो सेटमा एउटामा पाँच डिब्बा रहनेछ । दुई सेट खरीद गर्दा त्यसमा जम्मा १० डिब्बा रहन्छन् । लामो समयदेखि ठप्प रेल्वे कम्पनीलाई नै सरकारले रेल सञ्चालनका लागि ब्युँताएको छ । सो रेलमा एक हजार २०० देखि एक हजार ३०० सम्म यात्रु बसेर र उभिएर गरी यात्रा गर्न सक्ने छन् ।
नेपालमा राणाकालमै विसं १९८४ तिर भारतको रक्सौलदेखि नेपालको अमलेखगञ्ज तथा विसं १९९४ तिर जयनगरदेखि जनकपुरसम्म रेलसेवा थियो । अहिले कुर्थाबाट जयनगरसम्मको रेलमार्गको निर्माण गत वर्ष नै सकिएको थियो । हाल ३५ किमी लम्बाइमा रेल सञ्चालन हुनेछ । कुर्थादेखि बिजुलपुरासम्म थप १७ किमी रेलमार्ग निर्माण अन्तिम चरणमा पुगेको छ । बिजलपुरासम्म गरी ५२ किमीमा छिट्टै रेल सञ्चालन हुने रेल विभागले जनाएको छ । रेल सेट आइपुगे पनि अहिलेसम्म रेल सञ्चालनका लागि स्पष्ट कानून छैन ।
आगामी बडादशैं-तिहारसम्म सो रेल सञ्चालनको योजना बनाइएको छ । रेल विभागका महानिर्देशक बलराम मिश्रले नेपाल आइपुगेपछि सबै परीक्षण गरी दशैं तिहारसम्म रेल सञ्चालनमा ल्याइने जानकारी दिए । उनकाअनुसार सबै किसिमको तयारी पूरा भएपछि सकेसम्म चाँडो रेल सञ्चालन गर्ने तयारी छ ।
जनकपुर-कुर्था रेलमार्ग निर्माणका लागि सरकारले भारत सरकारसँग सन् २०१० मा सम्झौता गरेको थियो । त्यसको एक डेढ वर्ष पछिदेखि काम शुरु भएको थियो । भारत सरकारले सीमा क्षेत्रमा पाँच स्थानमा रेलमार्ग निर्माण गर्ने गरी सम्झौता भएको थियो । तीमध्ये जयनगर-कुर्था र विराटनगर-जोगबनीबाहेक अरु तीन स्थानमा निर्माणको काम शुरु हुनसकेको छैन ।
भारत सरकारसँगको सम्झौतानुसार नै विराटनगरबाट बथनाहासम्म १८ किलोमिटर रेलमार्गमा १० किलोमिटरको काम सम्पन्न भएको भौतिक योजना तथा यातायात मन्त्रालयले जनाएको छ । दश किलोमिटर रेलमार्ग सञ्चालनका लागि तयार भइसकेको छ । सीमा क्षेत्रमा निर्माण गर्ने भनिएको अरु तीन रेलमार्गमा जलपाइगुडी-काँकडभिट्टा, नौतनहवा-भैरहवा र नेपालगञ्जरोड-नेपालगञ्ज छन् । यी सबै रेलमार्ग भारत सरकारले नै निर्माण गर्ने गरी सम्झौता भएको थियो ।
भारतसँगको सहयोगमा निर्माण भएको रेल सञ्चालन हुन लाग्दा चीनले पनि रेलमार्ग निर्माणमा चासो देखाइरहेको छ । चीनको नेशनल रेल्वे अथोरिटीले केरुङ काठमाडौं रेलमार्गको प्रारम्भिक अध्ययन प्रतिवेदन नेपाल सरकारलाई दुई वर्ष पहिले नै बुझाएको थियो । त्यसयता पनि अध्ययन अघि बढाउने विषयमा विभिन्न तहका छलफल भइरहेको थियो ।
चिनियाँ राष्ट्रपति सी चिनफिङको गत वर्ष असोजमा भएको नेपाल भ्रमणका क्रममा सो रेलमार्गको अध्ययनका लागि सम्झौता भएको थियो । त्यस समयमा भएको राजनीतिक सम्झौताकै आधारमा मङ्सिरमा काम गर्ने तह (वर्किङ लेभल) मा सम्झौता भएको थियो । सोही भ्रमणमा चिनियाँ टोलीले काठमाडौं-पोखरा-लुम्बिनी रेलमार्गको पूर्वसम्भाव्यता अध्ययनको प्रतिवेदन बुझाएको थियो । चीन सरकारले काठमाडौं-पोखरा-लुम्बिनी रेलमार्गमा चासो देखाएपछि पूर्वसम्भाव्यता अध्ययन गरेको थियो । चीन सरकारकै लगानीमा पूर्वसम्भाव्यता अध्ययन भएको थियो । सो अध्ययनमा काठमाडौंबाट पोखरा हुँदै लुम्बिनीसम्म रेलमार्ग सम्भव छ भन्ने देखिएको थियो । कोभिड-१९ का कारण काठमाडौं-केरुङ रेलमार्गको अध्ययन अघि बढ्न नसके पनि चीन सरकारले आफ्नो देशभित्रको क्षेत्रमा अध्ययन अघि बढाएको छ । चीनले सिगात्सेबाट नेपालको सीमा नजीकैको केरुङसम्मको अध्ययन अघि बढाएको हो ।
न्यारोगेज रेल सेवा २०७१ माघदेखि बन्द भएको थियो । त्यसलाई ब्रोड गेजमा विस्तार गर्न २०७१ चैतमा काम सुरु गरिएको थियो । रेलमार्ग निर्माण, स्टेसन र अन्य भौतिक पूर्वाधार निर्माण गर्न भारतको नायक इन्फ्रास्ट्रक्चर कम्पनी र नेपालको कालिका रमण जेभीसँग सम्झौता गरिएको थियो । ३ वर्षभित्र रेल सञ्चालन गर्ने लक्ष्यसहित पहिलो चरणको भौतिक संरचना निर्माण थालिएको थियो ।

**रेलको विगत**

ब्रिटिस-इन्डिया सरकारले सन् १९२७ मा नेपालमा अमलेखगन्ज-रक्सौल ३९ किलोमिटर रेलमार्ग निर्माण गरेको थियो । त्यस्तै, जनकपुर-जयनगर ४५ किलोमिटर रेलमार्ग सन् १९३७ मा निर्माण गरिएको थियो । जनकपुर-जयनगर रेलमार्ग महोत्तरीको विजलपुरासम्म विस्तार गरियो । त्यसको केही दिन नबित्दै जनकपुर-विजलपुर २२ किलोमिटर खण्डको पुल बगाएपछि सेवा अवरुद्ध भएको थियो । त्यसपछि जनकपुर-जयनगरमा सीमित रेल सेवा अहिले आएर महोत्तरीको बर्दिबाससम्म विस्तार गरिएको छ । ब्रिटिस-इन्डिया सरकारले जनकपुर-जयनगर रेलमार्ग नेपालको काठ भारत लैजान निर्माण गराएको थियो । तर, नेपालको काठ निकासीमा रोक लागेपछि सोही रेलबाट यात्रु आवतजावत गर्न थाले । साथै दुईदेशीय पारवहन सेवासमेत रेलको माध्यमबाटै हुन्थ्यो । व्यापारिक दृष्टिले पनि प्रभावकारी रहेको रेल सेवा २०६३ पछि थला पर्दै गयो । सरकार परिवर्तनसँगै रेल्वे महाप्रबन्धकको राजनीतिक नियुक्ति र फेरबदल तथा कर्मचारीको हेलचर्क्याइँले गर्दा रेल सेवा जर्जर बन्दै गयो । विगतमा 'न्यारोगेज' रेलले जनकपुरदेखि जयनगरसम्म २९ किलोमिटर यात्रा गर्न दुईदेखि तीन घन्टा लगाउँथ्यो/। अब ब्रोडगेज सेवा सुरु भएपछि एक घन्टामा पुग्न सकिनेछ/। ब्रोडगेज रेलमा कम्तीमा १० देखि १५ डब्बा जोड्न सकिनेछ/। पुरानो इन्जिन र गाडीले सवारी धान्न गाह्रो भयो । पटक-पटकको बाढीबाट जर्जर रेलमार्गको ट्र्याक कामै नलाग्ने भयो । हुँदाहुँदै २०७१ माघ महिनादेखि रेलमार्ग पूर्णरूपमै बन्द भएको थियो ।
१० वर्षअघि भएको सम्झौताअनुसार भारत सरकारले अनुदानमा रेलगमार्ग बनाइदिएको छ भने रेलगाडी नेपाल सरकार आफैंले किनेको हो । नेपालका प्रथम राष्ट्रपति रामवरण यादवको भारत भ्रमणको क्रममा सन् २०१० मा माधव नेपाल नेतृत्वको तत्कालीन नेपाल सरकार र मनमोहन सिंह नेतृत्वको भारत सरकारबीच पाँच नाकामा अन्तरदेशीय रेलमार्ग बनाउने समझदारी भएको थियो । जयनगर-जनकपुर-बर्दिबास, जोगबनी-विराटनगर, नौतनवा-भैरहवा, नेपालगन्ज रोड-नेपालगन्ज, न्यु जलपाइगुडी-काँकडभिट्टा रेल निर्माणका लागि त्यसवेला सम्झौता भएको थियो। रेलमार्ग निर्माणका लागि आवश्यक सात अर्ब रुपैयाँ भारतले अनुदान दिने सम्झौता भएको थियो। त्यसपछि २०१४ देखि भारतीय पक्षले रेलमार्ग

बाँकी अन्तिम पृष्ठमा



**नेपालमा अब रेलको सञ्जाल हुनेछ**

: ई.बलराम मिश्र

अन्तर्वार्ता पृष्ठ ३ मा

## सरकारी अभिव्यक्तिप्रति उपसभापति निधिको आपत्ति



काठमाडौं । नेपाली कांग्रेसमा उपसभापति विमलेन्द्र निधिले हुम्लामा चीनले अतिक्रमण गरेको नेपाली भूमिको बिषयमा छानवीन नगरी सो भूमि चीनकै भएको भन्ने नेपाल सरकारको अभिव्यक्तिप्रति गम्भीर आपत्ति जनाएका छन् ।
हुम्लाका निर्वाचित जनप्रतिनिधिको सर्वदलीय संयन्त्रले अतिक्रमित सो भूमि नेपालकै हो भनेर गरेको दावीको बेवास्ता गर्दै सरकारका तर्फबाट आएको अभिव्यक्ति आपत्तिजनक भएको उपसभापति निधिको भनाई छ ।
चीनले नेपाली भूमि अतिक्रमण गरेको बिषयमा विवाद भइरहेका बेला चीनका लागि नेपाली राजदूतले चिनियाँ शासनप्रणाली अनुकरणीय भन्दै दिएको अभिव्यक्तिप्रति पनि निधिले आपत्ति जनाए । उनले चिनियाँ शासन व्यवस्था अबलम्बन गर्नका लागि राजदूत नपठाएको जिकिर गरे । निधिको प्रश्न थियो, 'जननिर्वाचित संविधानसभाद्वारा जारी संघीय लोकतान्त्रिक प्रणाली हटाएर चिनियाँ शासन प्रणाली अनुकरण गर्नका लागि नेपाल सरकारले चीनका लागि राजदूत पठाएको हो ?'
शहीद स्मृति प्रतिष्ठानद्वारा आयोजित शहीदको बलिदान र वर्तमान राजनीतिक परिवेश बिषयक जुम बैठकलाई सम्बोधन गर्दै निधिले सत्ताधारी दलका यी र यस्ता अभिव्यक्तिका कारण बर्तमान राजनीतिक प्रणालीमाथि खतरा उत्पन्न भएको बताए ।




**समय-सन्दर्भ**

सत्यनारायण मण्डल



## सरकारी अकर्मण्यताका कारण हुम्लामा नेपाली भूमि गुम्दैछ

दुईटा ठूला मधेशी दलहरु मिलेर जनता समाजवादी पार्टी निर्माण भएको हो। सबैलाई एक ठाउँमा मिलाएर लैजाने कठिन काम हो। नेपालको ७२ प्रतिशत जनताको हक अधिकारका लागि बनेको जनता समाजवादी पार्टी हो। जसमा २८ प्रतिशत जनता यो देशको सुरुदेखि एकाङ्गी, एकल जातीय र साम्प्रदायिक रुपमा शासन गरिरहेको छ। जसपामा ११/१२ वटा दलहरु सम्मिलित छन्। यसमा सबैको कुरालाई मिलाएर अगाडि बढाउन अलिकति अप्ठ्यारो हुन्छ। जसले गर्दा समायोजनमा अलिकति ढिलाई त भएकै हो। जसरी भए पनि हामी ठोस निर्णय गरेर अगाडि बढ्छौं।

समायोजन प्रक्रियामा ढिलाई हुनुको मुख्य कारण पूर्वराजपाभित्रको भागवण्डा नै हो। पूर्वसमाजवादी पार्टीभित्र समस्या छैन। तर, पूर्वराजपामा ६ जना अध्यक्ष भएकाले केन्द्रीय कार्यकारिणी समिति र अन्य समितिहरुमा पनि भागवण्डा नमिल्दा नै अप्ठ्यारो भइरहेको छ। महन्थ ठाकुर र राजेन्द्र महतोले आफ्ना समूहका बढीभन्दा बढीलाई राख्न खोज्ने, बाँकीका चार जनालाई कम हिस्सेदारी दिएकोले अप्ठ्यारो परिस्थिति सिर्जना भएको हो। सबैको हिस्सेदारी बराबरीको हिसावले भएको भए अहिलेसम्म सबै टुंगो लागिसक्थ्यो।

नि:संकोच समायोजन प्रक्रियामा पूर्वसमाजवादीभन्दा पनि पूर्वराजपाकै कारण ढिलाइ भइरहेको हो। भागवण्डाको हिसावले पार्टीको समायोजन हुनु राम्रो कुरा त होइन। वैकल्पिक शक्ति निर्माण गर्ने भनिसकेपछि गुट-उपगुट भनेर भागवण्डा मिलाउनु हुँदैन। केन्द्रीय समिति वा अन्य समितिहरु निर्माण गर्दा योग्य मान्छेहरु राख्नुपर्दथ्यो। जातिवाद, परिवारवाद, नातावाद, कृपावाद लगायतले जेलियो। विगतमा राजपाभित्र यस्ता कुराहरु हावी हुँदा योग्य र सक्षम व्यक्तिहरुले अवसर पाएनन्। अहिले जुन प्रकारले यिनीहरु मनोनयन गरेका छन्, त्यसबाट मलाई पनि चित्त बुझेको छैन। मनोमानी ढंगले परिवारवाद, जातिवाद, नातावाद, कृपावादको आधारमा मनोनयन गरेको हुनाले पार्टीलाई मजबुत बनाउँदैन, बरु कमजोर बनाउँछ। म जसपाको एउटा इमान्दार कार्यकर्ता भएकोले यिनीहरुले जेजति मनोमानी गरे पनि पार्टीको आगामी महाधिवेशनबाट यी सबै कमी कमजोरीहरुलाई सच्याएर हामी अगाडि बढ्ने छौं।

हामी आशावादी छौं कि समयमै जसपाले आफ्नो एकताको महाधिवेशन गर्छ। यसबाहेक अन्य विकल्प पनि छैन। विगतमा दुवै पार्टीले विभिन्न परिस्थितिवश आफ्नो महाधिवेशन गर्न सकेन। जुन अभिष्ट लिएर हामीले जनता समाजवादी पार्टी निर्माण गरेका छौं, त्यो अभिष्ट पूरा गर्नका लागि हामीले विगतका कमी कमजोरी सच्याउनै पर्ने हुन्छ। जसपाको केन्द्रीय समिति, राजनीतिक समिति निर्माण भएर महाधिवेशन गर्न विधान मस्यौदा समिति गठन हुन्छ। त्यसपछि तुरुन्त हामी महाधिवेशनतर्फ लाग्नेछौं। हामीले महाधिवेशनको तयारीमा मंसिरदेखि लाग्ने भनेका थियौं तर कोभिड-१९ का कारण हुने अवस्था छैन। अर्को वर्ष महाधिवेशन गर्नेमा विश्वस्त छौं।

संघीय संसदको दलका नेता कसलाई बनाउने भन्ने विषयमा लिखित सहमति भएको छैन। लिखित सहमति नभएकोले मौखिक सहमतिको कुनै अर्थ हुँदैन। अहिले संघीय संसदमा जसपाका ३४ जना सांसदहरु हुनुहुन्छ। यी सांसदहरुले जसलाई दलको नेता चुन्छ, त्यो नै संसदीय दलको नेता हुन्छ र यो चुनावबाट हुन्छ। सर्वसहमतिबाट कुनै एक जनाको नाममा सहमति भयो भने स्वत: त्यहीं हुन्छ। तर सर्वसहमतिमा दलको नेता चुनिनेवाला छैन। चुनावकै

बाँकी पृष्ठ २ मा

## सम्पादकीय

# प्रहरी समायोजन र प्रदेश २

प्रहरी समायोजनको काम नटुंग्याए संघीय सरकारविरुद्ध मुद्दा हाल्ने प्रदेश २ सरकारले चेतावनी दिएको छ। लामो समयदेखि अल्भिएको प्रहरी समायोजनको काम टुंग्याउन प्रदेशले गृह मन्त्रालयलाई ध्यानाकर्षण पत्र लेखेको छ।

प्रहरीको खटनपटन, कार्यसम्पादन, समन्वय र सुपरिवेक्षणको जिम्मेवारीलगायत प्रदेश सरकारलाई तोकिएको प्रहरी समायोजनको काम अझै नटुंगिएकोमा प्रदेश २ सरकार रुष्ट छ। समायोजन ऐनअनुसार प्रदेशमा खटिएका प्रहरीको कार्य सम्पादन र खटनपटन गर्ने जिम्मेवारी प्रदेश सरकारलाई सुम्पिइको छ। चैतमै समायोजन टुंग्याउनुपर्थ्यो, तर कोरोनालगायतको बहना बनाउँदै समायोजन प्रक्रिया अनावश्यक लम्ब्याइएको प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले भने।

राष्ट्रपति विद्यादेवी भण्डारीले २०७६ माघमै प्रहरी समायोजन विधेयक प्रमाणीकरण गरिसकेकी छन्। प्रदेश २ सरकारले प्रदेश प्रहरी विधेयक अरू प्रदेशभन्दा पहिला पारित गरे पनि प्रहरी समायोजन ऐनलाई कुर्दै आफ्नो प्रहरी भर्ना थालेको छैन।

मुलुकको कानून कार्यान्वयन गर्ने निकाय नेपाल प्रहरीमा समायोजन प्रक्रिया रोकिँदा प्रदेश प्रहरीहरू केन्द्रकै कमान्डमा सञ्चालन भइरहेका छन्। संघीयता कार्यान्यवनमा आएको लामो समयसम्म पनि प्रहरी संगठन संघीयताको विपरीत रहनु आफैमा लाज मर्दो कुरो हो। प्रहरीलाई

**मुलुकको कानून कार्यान्वयन गर्ने निकाय नेपाल प्रहरीमा समायोजन प्रक्रिया रोकिँदा प्रदेश प्रहरीहरू केन्द्रकै कमान्डमा सञ्चालन भइरहेका छन्। संघीयता कार्यान्वनमा आएको लामो समयसम्म पनि प्रहरी संगठन संघीयताको विपरीत रहनु आफैमा लाजमर्दो कुरो हो।**

नेपाल प्रहरी र प्रदेश प्रहरीमा समायोजन गर्ने सम्बन्धी र नेपाल प्रहरी र प्रदेश प्रहरीको कार्यसञ्चालन र सुपरिवेक्षण सम्बन्धी ऐन राष्ट्रपतिबाट प्रमाणीकरण भइसके पनि ओएन्डएम सर्वेक्षण नभएकाले समायोजन नै रोकिएको छ।

एक साता अघि मात्रै संघीय राजधानीको शान्ति सुरक्षा व्यवस्थापन समेत संघीय सरकार अन्तर्गत नेपाल प्रहरीबाट हुने गरी ओएन्डएम सर्वेक्षण प्रतिवेदन तर्जुमा भएको छ। सो प्रतिवेदन मन्त्रिपरिषद्ले पारित गरेपछि प्रहरी समायोजन प्रक्रिया सुरु हुन्छ। गत माघ अन्तिम साता प्रमाणीकरण भई प्रहरी समायोजन ऐन राजपत्रमा प्रकाशित समेत भइसकेको छ।

मुलुकको कानून कार्यान्वयन गर्ने निकाय नेपाल प्रहरीमा समायोजन प्रक्रिया रोकिँदा प्रदेश प्रहरीहरू केन्द्रकै कमान्डमा सञ्चालन भइरहेका छन्। संघीयता कार्यान्यवनमा आएको लामो समयसम्म पनि प्रहरी संगठन संघीयताको विपरीत रहनु आफैमा लाजमर्दो कुरो हो। प्रहरीलाई नेपाल प्रहरी र प्रदेश प्रहरीमा समायोजन गर्ने सम्बन्धी र नेपाल प्रहरी र प्रदेश प्रहरीको कार्यसञ्चालन र सुपरिवेक्षण सम्बन्धी ऐन राष्ट्रपतिबाट प्रमाणीकरण भइसके पनि ओएन्डएम सर्वेक्षण नभएकाले समायोजन नै रोकिएको छ।

शान्तिसुरक्षाको स्थिति संवेदनशील हुँदै गएको र यही विषयलाई लिएर जनताले सरकारलाई प्रश्न उठाउन थालेको भन्दै प्रदेश २ ले आफ्नो छुट्टै कानुन बनाएको थियो। संविधानको धारा २६८ को उपधारा २ मा प्रत्येक प्रदेशमा प्रदेश प्रहरी संगठन रहने उल्लेख छ। त्यस्तै, उपधारा ३ मा भने नेपाल प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरिवेक्षण र समन्वयसम्बन्धी व्यवस्था संघीय कानुनबमोजिम हुने भनिएको छ।

यी दुवै उपधारालाई देखाएर केन्द्र र प्रदेशले आफ्ना आफ्ना तर्क अगाडि सारेका छन्। केन्द्रले प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरिवेक्षण र समन्वयसम्बन्धी व्यवस्था संघीय कानुन हुनुपर्ने संविधानको व्यवस्था भएकाले पहिला संघीय कानुन आउनुपर्ने बताउँदै आएको छ। प्रदेशले भने संविधानले कानुन बनाउने अधिकार आफूलाई दिएको र संघीय कानुन बनेपछिमात्र प्रदेशिक कानुन बनाउनु नभनेको जिकिर गरेको छ।

नेपालमा मात्रै हैन संघीयता कार्यान्वयन भएको धेरै देशमा संघीय राजधानीको सुरक्षाको जिम्मेवारी केन्द्रीय प्रहरीले पाउने गरेको हुनाले नेपालमा समेत सोही अवधारणा अनुसार कार्य हुनु निक्कै राम्रो हो। शान्ति सुरक्षाको काम प्रहरीको मात्रै हैन, योसँग सम्बन्धित कर्मचारीहरुको सरुवा र बढुवाको कुरासमेत जोडिन आउने हुनाले संघीय सरकार वा प्रदेश सरकारको मातहतमा हुने कुरा अहिले प्रष्ट पार्न आवश्यक छ।

# एजेण्डाविहीन राजनीतिको के भविष्य ?

**विचार-विश्लेषण** भाग-६८



उपेन्द्र झा

बञ्चितीकरणमा परेकालाई मुक्त गराउने लक्ष्य निर्धारण गरि राजनीतिक यात्रा शुरु गरि गन्तव्यमा पुऱ्याउने क्रान्तिकारी विचारधारामा कुनै किसिमको संशोधन, परिवर्तन, मेलमिलापको नीति अख्तियार गऱ्यो भने गन्तव्य दिशाविहीन हुन्छ। लक्ष्यमा पुग्ने बाटो नै हराउँछ। संघर्षको बाटो सरल र सहज पनि हुँदैन। तर दिशाविहीन पनि हुनु हुदैन। क्रान्तिकारी धारबाट भटकेपछि भेटाईएको बाटो यथास्थितिको दलदलमा लगेर जाँकी दिएको धेरै उदाहरण पाइन्छ। माओवादी र मधेशवादी पार्टीको के दुर्दशा भयो, बताई रहनु पर्दैन।

अधिकारवादी आन्दोलन राज्यको दमन प्रक्रियाबाट गुज्रेर राष्ट्रिय स्तरमा सम्बोधनका लागि मान्यता पाएपनि राज्यले यसलाई चुनौती कै रुपमा हेरेको थियो। अधिकारवादी आन्दोलन सत्ताधारीले खाई पाई आएको सुविधालाई शेयर गर्न आएको कुरा सत्ताले विर्सिन सक्दैन। तर पनि अधिकार आन्दोलनलाई सम्बोधन गर्ने वैधानिक बाध्यताबाट राज्य भाग्न सक्दैन। दिने अधिकारमा सरोकारवालाको स्वायत्तता, अधिकारको स्वरुप, यसको प्रस्तुती आदि सबै शासकले गर्ने भएपछि राज्यको स्वार्थ अनुकूल परिभाषा गर्नु त स्वाभाविक हो। भयो पनि त्यसै। समग्र मधेश एक प्रदेशको माँग गर्ने मधेशलाई ६ टुक्रामा विभाजन गरि ७ प्रदेश बनाएर शासकले ६ प्रदेश आफ्नो नाउँमा रजिष्ट्रेशन गरि ८ जिल्लाको एक टुक्रा मधेशलाई दिएपछि मधेशप्रति शासकवर्गको नियत त्यसै छर्लङ्ग छ।

आफ्नो अधिकारका लागि शान्तिपूर्णदेखि नाकाबन्दी आन्दोलनसम्म पुग्ने दलहरुका अगुवालाई पहिले दमन, त्यसबाट केही नलागेपछि राज्यले लिएको फकाउने अभियान अन्तर्गत प्रधानमन्त्री केपी शर्मा ओलीले संघीय समाजवादी फोरमको अध्यक्ष उपेन्द्र यादब तथा सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतोलाई आफ्नो प्रभावमा लिएपछि कस्तो चमत्कारी ढंगले नाकाबन्दी आन्दोलन समाप्त भयो, मधेशलाई थाहा पनि भएन। यहींबाट मधेशका पार्टीहरु क्रान्तिकारी धारबाट बिमुख भई यथास्थितिको भडखालोमा जाकिन पुग्यो।

अधिकारवादी आन्दोलनको संघर्ष कठीन छ,। यसमा दुखै दुखः छ। तर के क्रान्तिकारी विचारधारा नै त्यागेर सुख प्राप्त गर्न पथभ्रष्ट हुने?यस्ता कार्य व्यवहारलाई नैतिकहीनताको दायराभित्र राख्न मिल्छ कि मिल्दैन ?अधिकार दिलाउने भनेर मधेशबाट लिएको जनादेशलाई व्यक्तिगत स्वार्थमा मात्र प्रयोग गर्दा भ्रष्ट आचरणको संज्ञा दिने कि नदिने? मधेशको जनवाद त कहाँ हो कहाँ, मधेशको जनादेशलाई धन कमाउने माध्यम बनाएपछि त्यहींबाट पार्टीका अगुवाहरु क्रान्तिकारी विचारबाट स्खलित भएको स्पष्ट छ। मधेशको विश्वासलाई टुक्रा टुक्रा पारेर पनि मधेशमा पुनश्च क्रान्तिकारी भाषण गर्दा किञ्चित लज्जाबोध नहुनु आश्चर्यको कुरा हो।

शान्तिपूर्ण आन्दोलनका स्वरुपहरु धेरै छन्। सदन र सडक दुवैबाट सरकारलाई चुनौती दिनु पर्ने कुरामा मधेशको एजेण्डा नै हराउनु, सैद्धान्तिक, वैचारिक धरातल नै भत्किनु आदि कुराले के दर्शाउँछ ?पार्टीमा मधेशप्रति कतिको जवाफदेहिता छ ? ६ टुक्रामा बाँडिएको मधेशको बारेमा पार्टीको धारणा के छ ? कुरा गर्ने बेलामा ठूला दार्शनिक जस्तो लोकतन्त्र मात्र होइन, हामी सामाजिक लोकतन्त्र स्थापित गर्न चाहन्छौं भनिन्छ। लोकतन्त्र प्रणालीमा राज्यले त मधेशलाई समान अधिकार त दिन चाहँदैन, नेताजीहरु समाजिक लोकतन्त्रको कुरा गर्नुहुन्छ।

मधेशलाई ६ टुक्रा पारेपछि पार्टीहरुको दायित्व के ? पहिलो साल कालो दिवस मनाएर त्यही संविधानलाई स्वीकार गरेर मन्त्री पद खानु मधेशको मुद्दाप्रति गद्दारी होईन भने के हो ? उपेन्द्र यादब मन्त्री पदमा हुँदा पार्टीले सरकार छाड्न दबाव दिंदा "मैले प्रधानमन्त्रीजीलाई संविधान संशोधनमा सहयोग गर्न बसेको हुँ" भनेर तर्कहीन कुरा गरेर यिनी क्रान्तिकारी होइन, यथास्थितिवादी हो भन्ने कुरा प्रष्ट हुन्छ। सत्ताबाट बाहिरिएपछि चोखो क्रान्तिकारी भाषण दिएर ओलीलाई समग्र मधेशको आन्दोलन स्मरण गराएर घुर्कि लगाई रहनु कुनै बुद्धिमानी होइन। ओलीको झोलीमा परेर बिना शर्त नाकाबन्दी आन्दोलन फिर्ता लिनु भनेको मधेशलाई ६ टुक्रामा विभाजन गर्ने सहमति थियो वा विश्वासघात ? पुनश्च ओलीको प्रलोभनमा आन्दोलनलाई बीच बाटोमा छाडेर बिना शर्त चुनावमा जानु आन्दोलनप्रतिको वफादारी भन्न मिल्छ ? आफ्नो उद्देश्य, लक्ष्य र वैचारिक धरातल छाडेर सत्तासंग पटक पटक टाँसिनु सैद्धान्तिक पलायन भन्न मिल्दैन ? बरु राजपाले तत्कालीन संघीय समाजवादी फोरमको अध्यक्ष जस्तो बहुरुप प्रदर्शन गरेन। सरकारलाई समर्थन दिएर कलंकको सानो कालो टीका लगाएर बस्यो।

केन्द्रीय सत्ता जस्तै मधेशका पार्टीहरुको पनि धनलाभ गर्ने एकमात्र एजेण्डामा सबै सक्रिय रहेकोले सानो कित्ताको प्रदेश नं.२ सरकारको स्वरुप कस्तो छ सबैलाई थाहा छ। अगुवाहरुको देखासिकी त कार्यकर्ताले गर्नै पर्छ। संविधान कार्यान्वयनको २.५ वर्ष बित्यो, मधेशका दलहरुले प्रदेश २ बाहेकका प्रदेशहरुका मधेशीवारे केही नबोल्नु यथास्थितिलाई स्वीकार गरिएको कुरा त्यसै प्रष्ट हुन्छ। नत्र भने नैतिकतापूर्वक त्यहाँका जनतालाई आड भरोसा दिन जनतामाझ जानु पर्थ्यो। आफ्नो बाध्यता र राज्यको षडयन्त्र विषयमा मधेशी जनतालाई जानकारीमूलक सचेतना कार्यक्रम राख्नु पर्दथ्यो। रणनीतिक रुपमा ती कुराहरु केही पनि छैन। मधेशी जनताप्रति न कुनै जिम्मेवारी देखिन्छ न कर्त्तव्यबोध नै। प्रदेश २ मा आफ्नो स्वामित्वको सरकार बनाएर रमाई रहेको जसपाले त्यहींको जनतालाई पनि पाएको अधिकार र पाउन बाँकी रहेकोप्रति पार्टीको आगामी कार्यदिशावारे कुनै कार्यक्रम गर्ने आवश्यकता नै ठान्दैन। जो पायो त्यसैलाई स्वीकार गरि जीवन यापन गर्ने भन्ने आशयको मौनताबाट पार्टी यथास्थितिको दलदलमा धँसी सकेको प्रष्ट हुँदैन ?

**'चौवे गए छव्वे बनने दुवे बनके आए'** भन्ने उखान चरितार्थ गर्न प्रयासरत उपेन्द्र यादबले कदम कदममा पाएको सफलताले उन्मादको आकाशमा पुगेपछि धरातलीय यथार्थसंग सम्बन्ध बिच्छेद हुनु स्वाभाविक हो। त्यसकारण दुबे बन्नु निश्चित छ।आकाशमा जतिसुकै माथि उडेपनि खस्ने यही धरतीमा हो। धरातलीय यथार्थलाई छोडेर उन्मादको आकाशमा भ्रमण गर्नु निरीह मुर्खताबाहेक अरु केही होइन।

समाजवादी पार्टी मधेशको एजेण्डाविहीन पार्टीको रुपमा देखा परेको छ। एउटा टि.वी. कार्यक्रममा एक जना मधेशका हिन्दूवादी नेता र एकजना समाजवादी पार्टीका वरिष्ठ नेताबीच धार्मिक बहस चल्दा समाजवादी पार्टीका क्रिश्चियन धर्म मान्नेले मधेशका हिन्दूवादी नेतालाई आफ्नो कुरा राख्दा जंगिएर "लौ त, पुलिसलाई फोन गरेर यो मान्छेलाई समात्न लगाउ त" भन्दै अपमानजनक व्यवहार गरेबाट समाजवादी पार्टीको मौलिकतामाथि प्रश्न चिन्ह खडा भएको छ। समाजवादी पार्टीका बरिष्ठ नेता बाबुराम भट्टराईले पनि एउटा मञ्चबाट "जबसम्म तपाईंहरु हिन्दुधर्मलाई मानेर बस्नु हुन्छ, तबसम्म तपाईंको भलो हुनेवाला छैन" भनेर सार्वजनिक अभिव्यक्ति दिनु भएको थियो। यी घटनाहरुले मधेशलाई ईसाईकरण गर्ने नियतले समाजवादी पार्टी संचालित छ भन्ने आशंका हुन थालेकोले यो पार्टीको लागि शुभ संकेत बिलकुलै होइन। अर्थात् मधेशलाई जरैदेखि ईसाईकरण गर्ने समाजवादी पार्टीको यो कस्तो सैद्धान्तिक धरातल हो। मधेशको मुद्दाबारे समाजवादी पार्टी त एक लब्ज बोलेको छैन तर ईसाई धर्मको वकालत गर्न आक्रामक रुपले अगाडि आएको कुरा त्यसै देखिन्छ। यी क्रियाकलापबाट पार्टीको मौलिकतामाथि प्रश्न चिन्ह उठ्नु स्वाभाविक हो।

मधेशको हक अधिकारबारे प्रधानमन्त्री केपी शर्मा ओलीको वक्तव्य "यसको औचित्य समाप्त भई सकेको, अब विकासको कुरागर्नु" भने अनुसार जनता समाजवादी पार्टीले यसैलाई मूल सिद्धान्त मानेर हिंडेको छ कि भन्ने भान भई रहेको छ। मधेशको अधिकारबारे जनतासंगको कुनै विचार विमर्श नगरि आफुले खोज्न चाहेको वार्गेनिङ्ग क्रान्तिमा सहभागिका लागि कायक्रम प्रेषित गर्नेबाट सत्तासंग यो पार्टीको मिली भगत त्यसै प्रष्ट हुन्छ।

हक अधिकारका लागि संघर्ष हो। जनता समाजवादी पार्टी संघर्षलाई छाडेर मेलमिलापको राजनीति अख्तियार गरेको छ। पार्टीभित्र पनि मधेशको हक अधिकारको कुरा उठाउन वर्जित गरिएबाट यो च्याप्टर बन्द भएको छ। पार्टीलाई ठूलो बनाउन उपेन्द्र यादबले एकीकरण गर्दै ठूलो त बनाए तर यो पार्टीको सिद्धान्त, विचार के हो भन्ने कुरा हरायो। उपेन्द्र यादबले पनि खोजेर भेटिएको छैन। भिन्न भिन्न हजारौं किसिमका विचारको जमघटले पार्टी जन उत्तरदायी नभएर मेला स्थल जस्तै भएको छ। यो मेला हेर्न आउनेको भीड अहिले पनि थामिएको छैन।

**'चौवे गए छव्वे बनने, दुवे बनके आए'** भन्ने उखान चरितार्थ गर्न प्रयासरत उपेन्द्र यादबले कदम कदममा पाएको सफलताले उन्मादको आकाशमा पुगेपछि धरातलीय यथार्थसंग सम्बन्ध बिच्छेद हुनु स्वाभाविक हो। त्यसकारण दुबे बन्नु निश्चित छ। आकाशमा जतिसुकै माथि उडेपनि खस्ने यही धरतीमा हो।

उपेन्द्र यादबको निरंकूशताले गर्दा उनले भावनात्मक प्रभावबाट आकर्षित गर्ने आफ्ना अनुयायी पार्टीभित्र एउटा पनि छैन। भावनात्मक प्रभाव भनेको जसलाई बाहिरी कुनै प्रलोभनले प्रभावमा लिन सक्दैन, लाई बुझाउँछ। ओलीको ईशारामा ८ जना साँसदले विद्रोह गरेको कुराबाट उपेन्द्र यादब पार्टीमा एक्लै रहेको बुझिदैन ? अवसरवादीहरुको जमघटलाई क्रान्तिकारी पार्टी भनेर मधेशलाई चिनाउने प्रयास धोकाधडी हो। मधेशमा नेपाल सद्भावना पार्टीको ध्वजलहराई रहेको बेला मधेशले फोरमलाई जन्माएको थियो। त्यसको कारण तत्कालीन पार्टीमा देखिएको घोर अवसरवादी नीति थियो र मधेशले वैकल्पिक शक्तिको निर्माण गरेको थियो। अवसरवादको दलदलमा मधेशले चाहेको अधिकार सुनिश्चित हुन सक्दैन। सही नेतृत्व चयन गर्नका लागि मधेशले वैकल्पिक शक्ति निर्माण गर्ने कुरामा पछि हट्ने छैन।

janukjha24@gmail.com

## सरकारी...

माध्यमबाट संसदीय दलको नेताको टुंगो लाग्छ। त्यसैले यसमा कसैले मेरो बारेमा सहमति भएको थियो भनेर विवाद गर्छ भने त्यो विवादका विवाद मात्रै हुन्छ।

चीनले हुम्ला जिल्लामा अतिक्रमण गरेर भवन निर्माण गरिसकेको छ तर सरकारले अतिक्रमण भएकै छैन भन्नु उसको कुटनीतिक असफलता हो। यस विषयमा नेपाल सरकारले सोझै अकर्मण्यता देखाएको छ। जहाँ चीनले नेपाली भूमि अतिक्रमण गरेको छ, त्यहाँका जनप्रतिनिधिहरुले अध्ययन गरिसकेका छन्। चीनले पिलर उखेर फालिसकेको छ। भवन निर्माण गरेको दुई किलोमिटर भित्रसम्म नेपालको सिमाना छ भनेर त्यो गाउँपालिकाका जनप्रतिनिधिहरु भन्छन्। पहिला गाईवस्तु चरणका लागि त्यहाँ जान्थ्यो र त्यो हाम्रै भूमि हो। अतिक्रमित भूमिको सरकारले अध्ययन गरेको छैन। चीनले अन्य ठाउँहरुमा पनि अतिक्रमण गरेकै छ। गोर्खा जिल्लाको रुई भन्ने गाउँपालिका नै चीनभित्र परिसकेको छ। माउण्ट एभरेष्टको बेसक्याम्पसमा चीनले फाइब जी टावर निर्माण गरिसकेको छ। हाम्रो सरकार चीनसँग डराएको हो कि के हो चीनको अगाडि एक शब्द पनि बोल्न सकेको छैन। अहिलेको सरकारको राष्ट्रवादिता चीनको अगाडि देखा परिरहेको छैन। जति बेला चीनले त्यो ठाउँमा दुईटा मात्र घर बनाउन खोजेको थियो त्यो पनि विरोध भएको थियो।

नेपालमा पनि अहिले कम्युनिष्ट सरकार हो। नेकपासँग चिनियाँ कम्युनिष्टको सिद्धान्त मिल्छ। चिनियाँ सरकारसँग यिनीहरुको साँठगाँठ हुने भएकोले अहिले नतमस्तक देखिएको छ नेपाल सरकार। नेपाल सरकारले जानी-जानी चिनियाँ अतिक्रमणको विरोध गर्न सकेको छैन। विभिन्न ठाउँमा चीनले ३६ वर्ग वर्ग किलोमिटर नेपाली भूमि अतिक्रमण गरेको छ। नेपालको रुई भन्ने गाउँ पनि आफ्नोतिर पारिसकेको छ। सगरमाथामा फाइभजी नेटवर्क राखिसकेको छ। चिनियाँ अतिक्रमणको विरोध नेपाल सरकारले गर्नैपर्छ। एउटा सार्वभौमसत्ता मुलुकमा हुनुपर्ने स्वाभिमान देखाउनैपर्ने हो। चीनसँग कुटनीतिक सम्बन्धमा छलफल गर्नैपर्ने हुन्छ।

चीन सरकारसँग डराएर यस्तो प्रतिक्रिया दिएको होला। त्यहाँ पिलर नै छैन, उखेलेर फालिदिएको छ। त्यो पिलर दुई तीन किलोमिटर चीनतिर फेला परेको छ। हाम्रो सरकारले त्यहाँ गएर कुनै किसिमको नाप नक्सा गरेकै छैन। सोझै आफ्नो मनले मिचेकै छैन भन्नु तार्किक लाग्दैन।

सरकारको अकर्मण्यताका कारण निश्चितरुपमा त्यो भूमि गुम्ने भयो। हामीसँग हिम्मत नै छैन। कुरासम्म गर्न नसक्ने हो भने स्वाभाविकरुपमा गुम्यो।

*(जसपा नेता मण्डलसँग गरिएको कुराकानीको आधारमा)*

# नेपालमा अब रेलको सञ्जाल हुनेछ

**रेल आउने बित्तिकै हाम्रो व्यापारको स्तर, आयात–निर्यातमा ठूलो बढोत्तरी हुन्छ । रेलको इतिहास पढ्नुभयो भने कुनै पनि देशको औद्योगिकरणको पहिलो चरण भनेको रेल्वे विस्तार हो । जापानकै उदाहरण हेरौं, पहिला उनीहरुले रेल्वे बनायो, त्यसपछि उद्योग आयो । कोरिया, अमेरिकाको पनि त्यहीं कुरा छ । भनेपछि रेल्वे नबनाइकन औद्योगिक विस्तार त हुनै सक्दैन । ठूल–ठूला उद्योगहरुको परिकल्पना गरिएको छ । नेपालमा भइरहेको रेल विस्तार र सञ्जाल लगायतका विषयमा केन्द्रित रही रेल विभागका महानिर्देशक ई.बलराम मिश्रसँग मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश:**



**ई.बलराम मिश्र**
**महानिर्देशक, रेल विभाग**

**० भारतबाट खरिद गरिएको रेल नेपाल आइपुगेको छ । कसरी सञ्चालन हुँदैछ ?**

– रेलको खरिद प्रक्रियाअनुसार ६/७ महिना अगाडि नै नेपाल आइपुग्नुपर्ने थियो । कोभिड-१९ का कारण ढिलो भयो । स्वाभाविकरुपमा जुन दिन जनकपुरधाममा रेल आयो, त्यो दिन ठूलै उल्लासको वातावरण थियो । त्यहाँका जनताले रेललाई जुन तरिकाले स्वागत गरे, त्यो अभूतपूर्व थियो र हामीलाई निकै खुसी लागेको छ । सञ्चालनको पाटोमा दुई तीन वटा कुराहरु हुन्छन् । यहाँ रेल सञ्चालन नयाँ कुरा होइन, पहिला पनि भएको थियो । तर, पहिला यो किसिमको ट्र्याक र रेल थिएन । अहिले सबै नयाँ हो । कोभिड-१९ का कारण कर्मचारी भर्ना, निर्णय प्रक्रियाहरु सर्दै-सर्दै गयो । अहिले हामी कर्मचारी भर्नाको अन्तिम चरणमा छौं । हाम्रो टिमले छिटोभन्दा छिटो कर्मचारी छनोट गर्छ । सबै काम हाम्रै कर्मचारीबाट हुँदैन, केही कर्मचारी भारतबाट पनि लिनुपर्ने हुन्छ । हामीले सबै कुराहरु सोचेअनुसार भयो भने दशैं-तिहारको बीचमा रेल सञ्चालन गर्ने प्रयासमा छौं ।

**० सुरुमा कहाँदेखि कहाँसम्म रेल चलाउने योजना छ ?**

– रेल चलाउने भनेको जहाँसम्म ट्र्याक तयार हुन्छ, त्यहाँसम्म नै चलाउने हो । अहिले जयनगरदेखि कुर्थासम्मको ट्र्याक तयारी अवस्थामा छ, त्यहाँसम्म अस्ति परीक्षण पनि भयो । अर्को १७ किलोमिटर बिजलपुरासम्मको ट्र्याक अन्तिम चरणमा छ, त्यो पनि एक दुई महिनाभित्र तयारी हुन्छ । अहिले ट्रेन चल्ने भनेको यही ५२ किलोमिटरमा हो । त्यसपछि बर्दिवास पुग्नुपर्ने हो, त्यसमा थोरै समय लाग्छ । १ देखि २ वर्षभित्र बर्दिवाससम्म हामीले ट्रेन ल्याउने हो ।

**० रेलसेवा सुरु नहुँदै यसका विभिन्न संरचनाहरु भत्किएको वा चोरी भएको कुराहरु पनि आयो । रेलका संरचनाहरुको संरक्षण किन भएन ?**

– रेलका संरचनाहरु भत्कियो वा चोरी भयो भन्ने कुरासँग केही हदसम्म म पनि सहमत छु । तर त्यसको संरक्षण नै भएन भन्ने कुरा होइन । संरक्षण नभएको भए पूरै भत्काइदिन्थ्यो । प्रत्येक मिटरमा सुरक्षा व्यवस्था गर्न सकिँदैन । सबभन्दा ठूलो समस्या त्यो सम्बन्धी कानूनको अभाव हो । रेल्वे कानून अहिले संसदमा विचाराधीन छ । संसदीय समितिहरुमा छलफल पनि चलिरहेको छ । त्यो आउने बित्तिकै त्यसमा प्रत्येक सानो ठूलो कुराका लागि सजायको प्रावधान हामीले राखेका छौं । जनताले रेलको स्वामित्व लिनुपर्‍यो, सार्वजनिक चीज हो यो । यो जनताको सम्पत्ति हो भन्ने कुराको बोध हुनुपर्‍यो । रेल्वेको एउटा सानो त्रुटिले हजारौं मान्छेको ज्यान जान सक्छ । त्यसैले रेल सञ्चालनभन्दा पहिले सबै कुराको अपटुडेट गरिन्छ ।

**० भनेपछि ती संरचनाहरु निर्माण नभएसम्म सञ्चालन हुने अवस्था छैन ?**

– संरचनाहरु निर्माण नभएसम्म त रेल सञ्चालन नै गर्न सकिन्न । रेल भनेको निर्वाध रुपमा सञ्चालन हुनुपर्‍यो । रेल सिस्टम एकदम सुरक्षित कोरिडोर हो ।

**० रेल सञ्चालनका लागि प्राविधिक कर्मचारीहरु भारतबाट ल्याइने भनिएको छ, नेपालमा अन्य कर्मचारीहरु कति छन् ?**

– यसअघि हामीले नेपालमै विज्ञ माग गरेका थियौं तर कसैले पनि दर्खास्त दिएन । भनेपछि रेलसम्बन्धी विज्ञ नेपालमा नभएकै हो । त्यसैले नेपालमा म्यानपावर नभएकै अवस्था हो । हामीसँग नहुँदासम्म हामीले भारतबाट लिने भनेर पहिलेदेखि नै प्रयास गरेका थियौं, तर अहिले त स्वाभाविकरुपमा सहमति भएको अवस्था छ । त्यो अन्तिम चरणमा छ । हाम्रो म्यानपावरको सँगसँगै तयारी पनि हामी गर्दै जानेछौं । सधैं भारतीय कर्मचारीले हाम्रो रेल चलाइ दिँदैन । त्यसैले हामीले आफ्ना जनशक्तिलाई भर्नाका लागि तालिम दिन्छौं । हाम्रो जनशक्ति तयार भइसकेपछि हामी भारतीय कर्मचारीलाई फिर्ता गर्छौं ।

**० नेपालमा रेल सञ्चालनको दोस्रो अध्याय सुरु हुँदैछ भन्ने कुराको तयारी पहिलेदेखि नै भइरहेको थियो । जति बेला पुनः रेल सञ्चालनको तयारी गरिरहँदा पहिलेदेखि नै हामी आफ्नै जनशक्ति तयार गर्नेतिर किन लागेनौं त ?**

– रेल सञ्चालन एउटा जटिल विधा हो । पहिलाको तरिकाले अहिले रेल चल्दैन । अहिले हामीसँग नियम कानून छैन, सबै बनाउनुपर्छ । कर्मचारी भर्ना कसरी गर्ने त्यो पनि तरिका हामीसँग थिएन । ऐन कानून बनाउँदा बनाउँदै कोभिडको प्रकोप आयो । जसले हामीले समयमा तयारी गर्न सकेनौं ।

**० रेल सञ्चालनका लागि हाम्रा प्राविधिकदेखि लिएर अन्य सम्पूर्ण जनशक्ति कहिलेसम्म तयार भइसक्छन् त ?**

– सबै कर्मचारी भर्नाको प्रक्रियामा छ । भारतबाट ल्याउने भनेको थोरै विज्ञ कर्मचारी मात्रै हो । नभइ नहुने कर्मचारी मात्रै हामी भारतबाट ल्याउँछौं । जुन कर्मचारीहरु हामी ल्याउँछौं त्यसको रिपलेसमेन्टका लागि तालिम सञ्चालन गर्छौं । जब हाम्रा जनशक्ति तालिम प्राप्त गरेर रेल सञ्चालनको सम्पूर्ण जिम्मा लिन सक्ने भयो भने भारतीय कर्मचारीहरु फिर्ता जान्छन् । त्यसैले, केही समयका लागि मात्रै हामी भारतबाट कर्मचारी ल्याउँछौं ।

**० यसपटक प्रभावकारी तरिकाले रेल सेवा सञ्चालनका लागि तपाईंहरुको कस्तो रणनीति छ ?**

– प्रभावकारी तरिकाले रेलसेवा सञ्चालनका लागि नेपाल रेल्वे कम्पनी गठन भइसकेको छ । कर्मचारी व्यवस्थापन हुँदैछ । उनीहरुलाई पर्याप्त बजेटको व्यवस्था गरिएको छ, रेल नेपालमा आइसक्यो, रेल ट्र्याक पनि निर्माण भइसकेको छ र आधुनिक तरिकाको छ । सबै कुरा भइसकेपछि व्यवस्थित तरिकाले नेपालमा रेल चल्न थालिहाल्छ । भविष्यमा रेल्वे बोर्ड गठन हुँदैछ । त्यो भएपछि भारत जस्तै, एउटै संस्थाले रेल्वेसम्बन्धी सम्पूर्ण कार्य हुन्छ । त्यसपछि अझ व्यवस्थित भएर जान्छ । अहिले यो प्रारम्भिक चरणमा हुन्छ । अहिले जनकपुर-जयनगरको मात्रै होइन, देशभरि रेल सञ्चालन गर्ने कुरा भइरहेको छ ।

**० जयनगरदेखि कुर्थासम्मको रेलमार्ग तयार भए पनि कुर्थादेखि बिजलपुरा र बिजलपुरादेखि बर्दिबास खण्डको रेलमार्गको निर्माण कसरी भइरहेको छ ?**

– जयनगर-कुर्था तयार भइसकेको छ । कुर्थादेखि बिजलपुरा अन्तिम चरणमा छ । बिजलपुरादेखि बर्दिवासको लागि प्रारम्भिक तयारीको काम भइरहेको छ । त्यसको जग्गा अधिग्रहणको ५० प्रतिशत काम भइसकेको छ, बाँकी हुने क्रममा छ । त्यो हुने बित्तिकै भारतीय पक्षले तुरुन्तै काम अगाडि बढाउँछ र आगामी एकदेखि दुई वर्षभित्र बर्दिवाससम्म पनि रेल आइपुग्छ । बिजलपुरा त केही महिनाभित्रै हाम्रो ट्रेन आइपुग्छ । अहिले काम अन्तिम चरणमा छ । त्यसैले रेलको काम एकदम द्रूतगतिमा भइरहेको छ ।

**० रेलमार्ग निर्माण भइरहँदा जग्गा अधिग्रहणको विषयमा मुआब्जा विवादहरु कतिको समाधान भयो ?**

– बिजलपुरासम्म जग्गा अधिग्रहणको मुआब्जाबारे कुनै विवादै छैन । सबै कुरा सल्टिसकेको छ । बिजलपुरादेखि बर्दिवाससम्मको जग्गा अधिग्रहणको मुआब्जा निर्धारण हुने क्रममा छ । निर्धारण हुने क्रममै अलिकति बर्दिवासमा विवाद आइरहेको छ । त्यसलाई हामी समाधान गर्न खोजिरहेका छौं । जग्गा अधिग्रहण भनेको अलिकति जटिल विषय हो । यसमा जति गरेपनि अलिकति विवाद आउँछन् नै र त्यो समाधान गर्दै जानुपर्ने पनि हो । त्यसका लागि पर्याप्त कानूनहरु छन्, त्योअनुसार हामीले व्यवस्थापन पनि गरिरहेका छौं ।

**० यसका अलावा अन्य रेलमार्गहरुको तयारी कसरी भइरहेको छ ?**

– नेपाल सरकारले रेल विभागलाई धेरै जिम्मेवारी दिएको छ । त्योअनुसार एक हजारभन्दा बढी किलोमिटरको पूर्व-पश्चिम विद्युतीय रेलमार्ग अन्तिम चरणमा छ । अहिले हामीले सुनसरीको इनरवादेखि काँकडभिट्टासम्मको टेन्डर पनि गर्ने क्रममा थियौं । तर कोभिडको कारणले अहिले स्थगित गरेका छौं । कोभिड अलि सामान्य हुने बित्तिकै त्यो काम पनि सुरु हुन्छ । यस्तै, काठमाडौं-रक्सौल रेलसेवाको विषयमा डीपीआरका लागि भारतीय टीम आउन तयार छ । केही दिनभित्रै उनीहरु आएर यसको काम सुरु गर्दैछन् । काठमाडौं-केरुङको पनि अवस्था त्यस्तै छ । कोभिडको कारणले मात्रै ढिलाई भइरहेको छ । यसैगरी, काठमाडौं-पोखराको पनि रेलमार्गका लागि अध्ययनहरु भइरहेका छन् । पहिलो चरणको रिपोर्ट पनि प्राप्त भइसकेको छ । त्यस्तै, पोखरा-लुम्बिनीको पनि सोही अवस्थामा छ । भनेपछि सबै कुरा प्रारम्भिक र विस्तृत अध्ययनको क्रममा छन् । दुई चार ठाउँमा हामीले संरचना निर्माणको काम पनि सुरु गरेका गरेका छौं । भारत सरकारको सहयोगमा पाँच वटा सीमा नाकाको दुई ठाउँमा काम सुरु भइसकेको छ र अन्तिम चरणमा छ । त्यसपछि तीन ठाउँको दोस्रो चरणमा गर्ने भनेको छ । काँकडभिट्टादेखि जलपाईगुडीसम्म, भैरहवा-नौतनवा र रुपैडिया-नेपालगन्जको काम दोस्रो चरणमा सुरु हुनेछ । काठमाडौंमा मेट्रो रेलको पनि ७७-७८ किलोमिटरको अध्ययन भइसकेको छ । त्यसमध्ये २२ किलोमिटरको डीपीआरको काम अगाडि बढाएका छौं । यस प्रकारले रेल विभागले कामहरु अगाडि बढाइरहेको छ । क्रमश: नेपालमा अब रेलको सन्जाल बिच्छयाउन् तयारी भइरहेको छ ।

**० जनकपुरधाममा आएको रेल कतिपयले भारत सरकारले अनुदानमा दिएको हो कि नेपाल सरकार आफैले किनेको हो भन्ने अन्योलता पनि प्रकट गरेको देखियो नि ?**

– यो कुरा उठ्नै नपर्ने थियो । किनभने पहिला नै सरकारले सार्वजनिक गरिसकेको छ कि भारत सरकारसँग नेपाल सरकारले दुईटा रेल खरिद गर्दैछ भन्ने कुरा । अलिकति अन्योलता कसरी भयो भने भारतीय रेलमन्त्रीलाई सायद जानकारी थिएन वा उहाँको भाषाको अर्थ अर्कै लाग्यो । उहाँले 'दो रेल दिए गये' भनेपछि यस्ता प्रश्नहरु उठ्यो । भारतले कहिल्यै पनि भनेकै छैन कि नेपाललाई अनुदानमा रेल दिएको हो भन्ने कुरा । यो कुरा आउने बित्तिकै हामीले सम्बन्धित ठाउँमा प्रश्न गर्‍यौं । उहाँहरुले तुरुन्तै प्रेस विज्ञप्ति निकालेर यसको खण्डन गरिसकेको अवस्था छ । त्यसैले यो विवाद त्यहीं दिन समाप्त भयो । भारत सरकारले कुनै किसिमको आर्थिक सहयोग गरेको छैन, प्राविधिक सहयोग गरेको छ ।

**० नेपाल भित्रिइएको रेल पूरानै ढर्राको छ भन्ने टिकाटिप्पणी पनि भएको देखियो, कतिको आधुनिक छ त ?**

– हामीले अनुदानमा रेल्वे ट्र्याक बनायौं । मान्छेको चाहना अति छ र हुनु पनि पर्छ । जुन ट्र्याक बन्यो, त्यसमा त्यहीं किसिमको ट्रेन चल्ने हो । निश्चितरुपमा नै यो आधुनिक ट्रेन हो । भारतमा पनि यो नयाँ नै हो, यसलाई हामी डेमु ट्रेन भन्छौं । यो दुईतिरबाट चल्ने हो, मेट्रो जस्तो । नेपालमा रेल विज्ञ कोही पनि छैन । जसले यो पूरानै ढर्राको हो भन्ने टिकाटिप्पणी गर्नुभएको छ, उहाँहरुले वर्तमान सरकारप्रति नकारात्मक कुरा मात्रै फैलाइरहेकोले यसलाई त्यति गम्भीररुपमा लिनुपर्ने आवश्यक छैन ।

**० काठमाडौं-केरुङ रेलमार्गबारे के छ प्रगति ?**

– काठमाडौं-केरुङ रेलमार्गको एक चरणको प्रारम्भिक रिपोर्ट पनि प्राप्त भइसक्यो । गत वर्ष चिनियाँ राष्ट्रपति नेपाल आउँदा डीपीआरको एउटा सम्झौता भएको छ । यसबारे एकचोटि चीन र एकचोटि नेपालमा बैठक पनि भइसकेको छ । कोभिडको कारण अनुसन्धानको कार्य रोकिएको हो ।

**० काठमाडौं-केरुङ रेलमार्ग चीन सरकारले बनाइदिने हो कि नेपाल सरकारले नै बनाउनुपर्छ ?**

– पहिलो चरणको अनुसन्धान रिपोर्ट प्राप्त भइसकेपछि कस्तो संरचनाको मोडालिटी हुन्छ, त्यसपछि सम्झौता होला । अहिले नै यसबारे प्रतिक्रिया दिनु भनेको हतार हुन्छ ।

> ➲ हामीले सबै कुराहरु सोचेअनुसार भयो भने दशैं–तिहारको बीचमा रेल सञ्चालन गर्ने प्रयासमा छौं ।
>
> ➲ यो जनताको सम्पत्ति हो भन्ने कुराको बोध हुनुपर्‍यो । रेल्वेको एउटा सानो त्रुटिले हजारौं मान्छेको ज्यान जान सक्छ ।
>
> ➲ हाम्रो म्यानपावरको सँगसँगै तयारी पनि हामी गर्दै जानेछौं । सधैं भारतीय कर्मचारीले हाम्रो रेल चलाइदिँदैन ।
>
> ➲ भारतबाट ल्याउने भनेको थोरै विज्ञ कर्मचारी मात्रै हो । नभइ नहुने कर्मचारी मात्रै हामी भारतबाट ल्याउँछौं । जुन विज्ञ कर्मचारीहरु हामी ल्याउँछौं त्यसको रिप्लेसमेन्टका लागि तालिम सञ्चालन गर्छौं ।
>
> ➲ भविष्यमा रेल्वे बोर्ड गठन हुँदैछ । त्यो भएपछि भारत जस्तै, एउटै संस्थाले रेल्वेसम्बन्धी सम्पूर्ण कार्य हुन्छ । त्यसपछि अझ व्यवस्थित भएर जान्छ ।

# कांग्रेसको १४औं महाधिवेशन स्वच्छ, निष्पक्ष गर्ने वातावरण निर्माण गर्न विरोधपत्र

मिति: २०७७-०६-१२
श्रीमान सभापतिज्यू,
नेपाली कांग्रेस, केन्द्रीय कार्यालय
वीपी स्मृति भवन, वीपी नगर, सानेपा, ललितपुर ।
विषय : पार्टी विधान सम्मत् संचालन गरी चौधौं महाधिवेशन स्वच्छ, निष्पक्ष गर्ने वातावरण सृजना गरियोस् ।

सभापतिज्यू,

नेपाली कांग्रेस १४ औं महाधिवेशनको संघारमा छ । विधानतः चार बर्षको कार्यकालभित्र महाधिवेशन सम्पन्न गर्नुपर्ने व्यवस्था छ । तर चार वर्षको कार्यकाल भित्र महाधिवेशनको कुनै तयारी भएन । हामीले समयावधि भित्रै महाधिवेशनको लागि निरन्तर आवाज उठायौं, तर सभापतिज्यूले यसबारे कुरै सुन्न चाहनु भएन । त्यसैले ती प्रयास निरर्थक भए । जब चार वर्षको वैधानिक कार्यकाल सकियो, अनि कुनै त्यस्तो 'असाधारण परिस्थिति' को आधार नहुँदा नहुँदै कार्यकाल एक वर्ष बढाईयो । त्यसपछि मात्र महाधिवेशनको प्रक्रिया, त्यो पनि अत्यन्त सुस्त गतिमा प्रारम्भ गरिएको छ, तर समयमै निष्पक्ष ढंगबाट महाधिवेशन नगर्ने प्रपञ्च अझै जारी देखिन्छ । निर्धारण गरिएको समय २०७७ फागुन भित्र महाधिवेशन सम्पन्न गर्नुपर्ने प्रमुख दायित्व नेतृत्वकै हो ।

मुलुक यतिवेला कोभिड–१९ अर्थात कोरोना महामारीको चपेटामा छ । प्रारम्भ देखिनै त्रासदीपूर्ण भविष्यको आँकलन गर्दै नेपाली कांग्रेस लगायतका राजनीतिक दल, संचार माध्यम, नागरिक समाज, विज्ञ र बुद्धिजीविहरुले सरकारलाई पूर्व सावधानीको खबरदारी समयमानै गराएका थिए । तर सरकारले कोरोना महामारीबाट देशलाई जोगाउन व्यवहारिक र वैज्ञानिक रणनीति अख्तियार गर्ने योग्यता र इमान्दारिता दुवै देखाएन । उल्टै गैर जिम्मेवार र अनुत्तरित अभिव्यक्ति स्वयं प्रधानमन्त्री र जिम्मेबार पदाधिकारीबाट आइरह्यो । कोरोनाको महाव्याधीबाट आक्रान्त त्रसित समुदायलाई बेवास्ता गर्ने, सरकारलाई सचेत ढंगले सुझाव र दबाव दिन उद्दत समुदायलाई पूर्वाग्रही र विरोधका लागि विरोध गर्ने भनी लान्छना लगाउने काम निरन्तर सरकारबाट भइरह्यो । जसको प्रतिफल संक्रमणको दायरा बढदै गएको छ । यस तुलनामा परीक्षणको दायरा बढाउन सकेको छैन । भेन्टिलेटर, आइसोलेशन वार्डको अपर्याप्तता देख्न थालिसकिएको छ । स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सफाईकर्मी लगायत अग्रमोर्चामा खटिने जनशक्तिलाई आश्वस्त पार्ने र उत्प्रेरित गर्ने तथा स्वास्थ्य सामाग्री, सेवासुविधा र मनोवैज्ञानिक ढाडस दिने न्यूनतम कर्तव्य पनि सरकारबाट हुन सकेको छैन । कोरोना विरुद्धको प्रारम्भिक तयारीकै शिलशिलादेखि भ्रष्टाचार र कमिसनखोरीका डरलाग्दा काण्डहरु सार्वजनिक भएका छन । सत्ता संरक्षित आसेपासे काला बजारियाहरुले भ्रष्टाचार गर्ने सुनौलो अवसरकारुपमा यस महाव्याधीलाई लिएका छन् । मन्त्री, मातहत निकाय र यस्तै व्यापारिक समुहलाई प्रधानमन्त्रीले सचेत गराउनु पर्नेमा उल्टै संरक्षण प्रदान गरेर बढावा दिएको देखिन्छ । सरकारको कार्यशैली र व्यवहारका कारणले गर्दा गरिब दुःखी जनता कैयौले आत्महत्या गर्न बाध्य भए भने कैयौं व्यक्ति भोकभोकै मर्न बाध्य भएका छन् ।

जोखिमपूर्ण बस्तिहरुलाई समयमानै स्थानान्तरण गर्नुपर्ने प्राविधिक निष्कर्षको सरकारबाट बेवास्ता गरिंदा सिन्धुपाल्चोक लगायतका जिल्लामा बाढी पहिरोबाट ठुलो धनजनको क्षति भएको छ । यस्तो दुःखद अवस्थामा उद्दार, राहत र पुनर्स्थापनाको कर्तव्यमा सरकार जुट्न सकेको देखिएको छैन । भ्रष्टाचारको अन्त्य गर्दै सुशासनको प्रत्याभुति दिनुपर्ने अख्तियार जस्तो संवैधानिक निकाय खास खास मुद्दामा सरकार पक्षिय शक्तिशाली व्यक्ति तथा समुहलाई जोगाउने र विपक्षी दलका व्यक्ति एवं झिना मसिना मुद्दाहरुमा मात्र अल्झिएर भ्रष्टाचारको मूल जरोमा पुग्ने दायित्वबाट विषयान्तर भई संस्थाको गरिमालाई खुम्च्याउने काम भएको छ ।

नेकपाको सरकार स्वेच्छाचारिता, कुशासन र भ्रष्टाचारको दलदलमा फसेका वेला प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसको प्रभावकारी प्रतिपक्षीय भूमिकातिर जो कोही आशामुखी हुनु स्वभाविक हो । तर पार्टी भित्रै संगठनमा बर्चश्वको चिन्तामा मात्र केन्द्रीत भएकाले नेतृत्व मूल प्रतिपक्षीय दायित्वबाट बञ्चित भएको जस्तो देखिंदैछ । महाधिवेशनको पूर्व सन्ध्यामा संगठनमा एकता र विश्वासको वातावरण अभिवृद्धि गर्दै धारिलो र शक्तिशाली सांगठानिक अभियानका माध्यमबाट सरकारका गलत कृयाकलाप प्रति खबरदारी गर्ने तथा संगठनको आन्तरिक जीवनलाई सुदृढ बनाउनु पर्ने हो । यसको बदला अविश्वास, अनेकता र आशंकाको बादल मडारिएर संस्थापन र इतरपक्षका नाममा ध्रुवीकरणको स्थिति निम्तिनु पार्टी, लोकतान्त्रिक प्रणाली र राष्ट्रप्रतिको जिम्मेदारी छायाँमा पर्ने काम भइरहेको आभास हुनु दुर्भाग्यपुर्ण छ ।

पार्टी, लोकतन्त्र र राष्ट्रिय परिस्थितिमा अत्यन्त कठीन चुनौती व्याप्त भएको वर्तमान स्थितिमा पार्टीको आन्तरिक एकतालाई सुदृढ तुल्याउँदै पार्टीका नेता बीच, नेता र कार्यकर्ताबीच, पुरानो र नयाँ पुस्ताका बीचको सम्बन्धलाई सुमधुर तथा आत्मीय बनाउनुपर्ने अवस्थामा झन् कटुता र द्वन्द्वको स्थिति सिर्जना गरिदैछ । यद्यपि यस अवस्थामा सुधारका लागि सभापति अर्थात नेतृत्वले अग्रणी भूमिका निर्वाह गर्नुपर्ने हो, सो नभइ प्रतिकुल ढंगले पार्टी सञ्चालन गरिदैछ । पार्टीभित्र उत्पन्न बिवाद र आपसी तिक्ततालाई वैधानिक प्रकृया र सामुहिक छलफलद्वारा समाप्त गर्दै साथीहरुका बीचमा भावनात्मक एकता र विश्वास कायम गर्नुपर्ने आजको अनिवार्यता हो । यसका लागि निष्पक्ष, पारदर्शी, विधिसंगत र सुसंगठित परिस्थिति सिर्जना गर्दै महाधिवेशनलाई हौसलापूर्ण महोत्सवको रुपमा निर्धारित समयतालिका भित्रै सम्पन्न गर्नु पार्टीप्रतिको निष्ठापूर्ण अभिभारा, कर्तव्य र आवश्यकता हो र नेतृत्वको योग्यता, दक्षता, सान्दर्भिकता र असल मनसाय र पार्टीप्रतिको समर्पण भावको मापदण्ड पनि हो ।

यस कार्यमा नेतृत्वको हैसियतले सभापतिकै सकारात्मक तथा ठोस पहल र प्रयास अनिवार्य हुने यथार्थलाई उपेक्षा गरी संकीर्ण घेरा तर्फ ध्यानमग्न भएको देखिँदैछ । लोकतन्त्रका लागि करिब आठ दशक लामो संघर्ष गरेर आएको, ऐतिहासिक जिम्मेवारी बोकेको लोकतान्त्रिक पार्टीमा, पार्टीको परम्परा र अनुभवबाट खारिनुपर्नेमा नेतृत्व अनियन्त्रित हुँदै जानुले सिंगो पार्टीकै भविष्य र भाग्य धरापमा पर्न जाने प्रबल सम्भावना हामी देखिरहेका छौं ।

इतिहासको कठिन र चुनौतीपूर्ण कालखण्डमा नेपाली कांग्रेसको महाधिवेशन सम्पन्न गर्नुपरेको छ । संसारभरी अस्विकृत हुँदै गएको अलोकतान्त्रिक कम्युनिष्ट विचारवाहक नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को कुशासन एकदलीय निरंकुशतातिर उन्मुख भएकोले लोकतन्त्र असुरक्षित र संकटग्रस्त हुँदैछ । योग्य र क्षमतावान समूह राजनीतिसंग विकर्षित र टाढिँदै गएको छ । साँच्चै भन्ने हो भने सिंगो पुस्ता तनावग्रस्त भई बिरक्तिएर बसेको छ र समकालिन राजनीतिप्रति उसको निरपेक्षता र घृणाभाव झल्किन्छ । यस महाधिवेशनले यी सबै पक्षलाई आश्वस्त तुल्याउदै उत्पन्न तनाव, विरक्ति र निरासालाई अन्त्य गरी लोकतन्त्रको भविष्यलाई सुरक्षित तुल्याउँदै लोकतान्त्रिक राजनीतिप्रतिको सम्मान, मर्यादा र प्रतिष्ठालाई पुनर्स्थापित गर्नु आज नेपाली कांग्रेसको प्रमुख दायित्व रहेको छ । यसका लागि वाहानावाजी नगरी नेतृत्वले नै उदारता र अग्रसरता देखाउन आवश्यक छ । राष्ट्रिय संकटको यस्तो जटिल घडीमा हामीले समयको पदचाप, तमाम साथीहरुको चाहना, नयाँपुस्ताको आकांक्षा, राष्ट्रप्रतिको दायित्व, इतिहासको माग तथा चुनौतीलाई गहिरो विश्लेषण गर्दै सारनिहित सही निष्कर्षमा पुग्नु जरुरी छ । तर दुर्भाग्यवश हामीले प्राप्त ऐतिहासिक विरासत र गौरवलाई जोगाउन र थाम्न असमर्थ हुदै परमुखापेक्षी हुँदै गएका छौं । पार्टीको ऐतिहासिक तथा गौरवपूर्ण छवि, व्यक्तित्व र क्रान्तिकारी चरित्र ह्रासोन्मुख हुँदै गएको छ । हाम्रा प्रातः स्मरणीय नेताहरुले रचेको गौरव गाथा एवं विगतमा नेपाली कांगेसको नेतृत्वमा भएका उपलब्धीहरु गौरवपूर्ण बनाउने दायित्वबाट विमुखमात्र होइन, हाम्रो प्रगति र परिवर्तनको संबाहक चरित्र कमजोर हुँदै गएको छ । पार्टी विधान, परम्परा र लोकतन्त्रका आधारभूत मान्यता, विधि, प्रक्रियालाई उपेक्षा गर्दै स्थापित नैतिक परिधि र मर्यादालाई पनि उल्लंघन गर्ने कार्यले प्रश्रय पाईरहेको छ । के गर्नु उचित र के गर्नु अनुचित भन्ने सीमा मेटाउने गतिविधि नेतृत्वमै बढिरहेका छन् । अर्कातिर प्रमुख विपक्षी पार्टीको जिम्मेवारी अनुरुप संसद र सडकबाट पनि सरकारका गतिविधि माथि खबरदारी र नियन्त्रण गरी जनसमर्थन आफूतिर बढाउने भूमिकाबाट कर्तब्यच्यूत र अकर्मण्य जस्तै भएको छ ।

महाधिवेशनको औपचारिक प्रकृया शुरु भएपछि पार्टीको नेतृत्वबाट झन् बढी विधिविहीन, अराजकता, आपसी अविश्वास, द्वन्द्व, पक्ष-विपक्षको रुपमा ध्रुवीकृत भएको छ । यस्तो पक्षपात पूर्ण ढंगबाट महाधिवेशन गर्न खोज्नुले केवल पार्टी कब्जा गर्ने नियत देखिन्छ । महाधिवेशनको मिति तोकिसकेपछि पार्टीका विभाग एवं अन्य संरचनामा विभिन्न नियुक्तिहरु गर्नु वैधानिक व्यवस्था र महाधिवेशनको आचारसंहिताको ठाडो उल्लंघन हो । तसर्थ केन्द्रीय विभाग गठनका कार्य तत्काल रोकिनु पर्दछ, साथै पार्टीको विधान विपरित भईरहेको क्रियाशील सदस्यता वितरण तत्काल बन्द गरिनु पर्दछ भन्ने कुरा जिल्ला सभापतिहरु एवं हामीले बारम्बार सभापतिज्यूलाई ज्ञापनपत्रद्वारा विभिन्न पटक आग्रह गरेका हौं ।

पार्टीको विधान, आचारसंहिता तथा सभापतिज्यूले स्थापित गर्नुभएको परम्परालाई स्वयंले स्मरण र आत्मसात गर्नु जरुरी छ । तत्कालिन पार्टी सभापति सुशील कोइरालाले आफ्नो कार्यकालको दुई वर्ष भित्रै केन्द्रीय विभागहरू गठन गर्दा अवैधानिक भन्दै पार्टी अफिसमा धर्ना र राजिनामा समेत गराई खारेज गराएको घटना ताजै छ । सभापतिज्यू ! अरुमाथि आफैंले लागू गराएको नियम आफूमाथि चाहिं लागू हुनुहुँदैन भन्ने अवधारणा र मान्यताले हामीलाई पार्टी-जीवनबाट अराजकतातिर धकेल्छ, लोकतन्त्रबाट च्यूत गराएर भीडतन्त्रमा प्रवृत्त गराउँछ ।

पार्टी संचालनका क्रममा भएका अवैधानिक गतिविधि तथा गलत प्रवृत्तिको दृष्टान्तः

(१) नेपाली कांग्रेस पार्टी विधानको पालना गर्नु प्रत्येक सदस्यको कर्तव्य हुनेछ भन्ने विषय विधानको धारा (१) मा भएको व्यवस्था हो । उक्त व्यवस्था बमोजिम नेपाली कांगेसका लाखौं सदस्यमध्ये पहिलो जिम्मेवार व्यक्ति नै केन्द्रीय सभापति हो । पार्टी विधानको पालना एवं संरक्षण गर्नु पार्टी सभापतिको प्रमुख जिम्मेबारी हो । यसमा कहीं कतै सम्झौता हुन सक्दैन ।

(२) पार्टीको चौधौं महाधिवेशन सम्पन्न गर्ने सिलसिलामा गर्नुपर्ने स्थानीय तहको समायोजन प्रकृया तथा महाधिवेशनको कार्यतालिका सार्वजनिक भएपछि विधानमा भएका व्यवस्थालाई ख्यालै नगरी पार्टीबाट विधान विपरित भएका कामहरु तपसिल बमोजिम रहेकोले उक्त अवैधानिक निर्णयहरु तत्काल खारेज गरी १४ औं महाधिवेशन समयसीमा भित्र स्वच्छ, स्वतन्त्र, निष्पक्ष ढंगबाट सम्पन्न हुने वातावरण सृजना गर्नु आवश्यक छ । साथै समयमै अधिवेशन सम्पन्न गरी आगामी संघीय, प्रादेशिक र स्थानीय निर्वाचनको तयारीमा जुट्न सक्दा पार्टीले वेहोर्नु पर्ने अकल्पनीय क्षतितर्फ पनि ध्यानाकर्षण गराउन चाहन्छौं ।

तपसिल

(क) समायोजन र क्रियाशील सदस्यता सम्बन्धमा देखिएका समस्याहरुः

१. पार्टी केन्द्रीय कार्यसमितिको मिति २०७६ श्रावण २६ गते बसेको बैठकले नेपाली कांग्रेस स्थानीय तह संगठन पुनर्संरचनाको अन्तरिम व्यवस्था निर्देशिका २०७६ पारित गरी केन्द्रीय निर्वाचन समितिलाई पहिलोपटक २०७६ कार्तिक मसान्तसम्म, केन्द्रीय समितिको मिति २०७६ पौष ११ गतेको बैठकले पौष मसान्तसम्म र पछिल्लो पटक २०७७ असार २२ गते बसेको केन्द्रीय समितिको बैठकले श्रावण १० गतेसम्म समायोजन प्रकृया पुरा गर्ने जिम्मेवारी दिइएको विदितै छ । तर आजसम्म पनि सप्तरी, सिरहा, धनुषा, सर्लाही, रौतहट, बारा जिल्लाको समायोजन प्रकृया पुरा हुन नसक्नु पछाडि केन्द्रीय नेतृत्वकै बलमा केही जिल्लामा अनावश्यक बखेडा निकाली समायोजन समयमा नगर्ने र महाधिवेशन पछाडि धकेल्ने गम्भीर षडयन्त्र भएको अनुभूति हुन थालेको छ ।

२. नेपाली कांग्रेस केन्द्रीय निर्वाचन समितिको परिपत्रअनुसार समायोजन सम्बन्धी निर्देशिका बमोजिम समायोजन सम्पन्न गरी सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक र मुस्ताङ्ग जिल्लाले केन्द्रीय निर्वाचन समितिलाई फाइल बुझाइसक्दा पनि निर्वाचन समितिले उक्त जिल्लाहरूको सम्बन्धमा निर्णय नै नगरी क्रियाशील सदस्यता वितरण प्रकृयामा नै अवरोध सृजना गर्नुका पछाडि निर्वाचन समितिको निष्पक्ष जिम्मेवारीप्रति पनि प्रश्न खडा भएको छ र यसमा समेत नेतृत्वको अनुचित हस्तक्षेप छ भन्ने बुझ्न कठिन छैन ।

३. सोलुखुम्बु जिल्लाको हकमा केन्द्रीय निर्वाचन समितिले जाँचबुझ गरी क्रियाशील सदस्यताको लागि सिफारिस गरिसकेको महिनौं बितिसक्दा समेत क्रियाशील सदस्यता रोकिनु आपत्तिजनक छ । त्यसबारेमा पार्टी सभापतिको ठाडो आदेश छ भन्ने जानकारीमा आएको छ । यदि त्यसै हो भने पार्टी विधि र विधानको यो भन्दा ठुलो धज्जी उडाउने क्रियाकलापको प्रमाण अर्को कुनै हुन सक्दैन ।

४. नेपाली कांग्रेसको विधानको धारा (४) (१०) (ग) र (ङ) बमोजिम विलय हुने राजनीतिक पार्टीका सदस्य वा भ्रातृ संघ वा शुभेच्छुक संस्था र पार्टी प्रवेश गर्ने अन्य राजनीतिक दलको व्यक्तिका सम्बन्धमा विधानमा व्यवस्था भएबमोजिम पार्टी केन्द्रीय कार्यसमितिद्वारा गठित 'अन्य राजनीतिक दल समायोजन समिति' को सिफारिसलाई विधान अनुरुप केन्द्रीय समितिमा प्रस्तुत गरी निर्णय गर्नुपर्नेमा सो नगरी पार्टीबाट विधान विपरित पद वितरण गर्ने तथा क्रियाशील सदस्यता सम्बन्धी जथाभावी निर्णय गरी विभिन्न मितिमा जिल्लामा परिपत्र गरेको विषयप्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ । उक्त विधान विपरित भएका सम्पूर्ण निर्णयहरु खारेज गरिनु पर्दछ ।

(क) रसुवा जिल्लामा नयाँ शक्ति पार्टीबाट प्रवेश भएकाहरुको हकमा विधानको धारा ४ (१०) (ङ) बमोजिम □अन्य राजनीतिक दल परित्याग गरी नेपाली कांग्रेसमा प्रवेश गरेका व्यक्ति, जुन तहको पदीय दायित्व र जिम्मेवारीमा कायम रहँदा नेपाली कांग्रेस पार्टीमा प्रवेश गरेको हो, पार्टीको सोही तहको कार्यसमितिले निर्णय गरी त्यस्तो व्यक्तिलाई नेपाली कांग्रेसको क्रियाशील सदस्यता प्रदान गर्न आफू माथिको निकाय मार्फत केन्द्रीय कार्यसमितिलाई सिफारिस गर्नेछ । यसरी नेपाली कांग्रेस प्रवेश गरेको व्यक्तिलाई कुनैपनि तहको विशेष पद सिर्जना गरी जिम्मेवारी दिनु पर्ने अवस्था भएमा सम्बन्धित तहको सिफारिसमा केन्द्रीय कार्यसमितिले आवश्यक निर्णय गरी जिम्मेवारी दिन सक्नेछ । केन्द्रीय कार्यसमितिले त्यस्तो अधिकार मातहत निकायलाई प्रत्यायोजन गर्न सक्नेछ भन्ने धारा प्रयोग गरी निर्णय गर्नु पर्ने स्पष्ट वैधानिक व्यवस्था हुँदा हुँदै □अन्य राजनीतिक दल समायोजन समिति□को यस सम्बन्धी सिफारिस समेत केन्द्रीय समितिबाट निर्णय नगरी विधानको ठाडो उल्लंघन गर्दै जिल्लामा परिपत्र गरिएको भन्ने जानकारीमा आएकोले यो विधिविहीनताको ज्वलन्त प्रमाण भएकोले यस्ता कृयाकलाप स्वीकार्य हुँदैन । विधानतः निर्वाचित पार्टीका निकायहरूमा विधान विपरीत त्यसरी मनोनयन वा नियुक्ति गर्नु मनोमानी र विधिविहीनताको पराकाष्ठा हो । सो कुरा जिल्लाका पूर्व सभापति, पदाधिकारीहरु, सदस्यहरु, महासमिति सदस्यहरु, महाधिवेशन प्रतिनिधिहरु र दुबै क्षेत्रका क्षेत्रीय सभापतिहरुले लिखितरुपमा पार्टीमा उजुरी दर्ता गरिसकेको समेत जानकारी आएको छ ।

(ख) सर्लाही जिल्लामा विभिन्न पार्टी परित्याग गरी नेपाली कांग्रेस पार्टी प्रवेश गरेका व्यक्तिहरुको हकमा पनि पदीय हैसियत र क्रियाशील सदस्यता प्रदान गर्न पार्टीको धारा ४ (१०) (ङ) नै आकर्षित हुनु पर्नेमा उक्त विधिलाई पालना नगरी □अन्य राजनीतिक दल समायोजन समिति□ को सिफारिसलाई केन्द्रीय कार्यसमितिमा प्रस्तुत र छलफल नै नगरी केन्द्रले विधान विपरित परिपत्र गरेकाले उक्त परिपत्र र निर्णय खारेज गरिनु पर्दछ । त्यसैगरी पार्टीको समायोजन प्रक्रिया शुरु भै सकेपछि एक नगर र एक गाउँपालिका सभापतिलाई अवैधानिक अविश्वासको प्रस्ताव पेश गरी पूर्वाग्रही ढंगबाट हटाइएको भन्ने निर्णय खारेज गरिनु पर्दछ । समायोजन सम्बन्धी केन्द्रीय निर्देशिका विपरित मनपरी ढंगबाट समायोजन भएको भन्ने जानकारीमा आएकोले उक्त निर्देशिका विपरित कार्य केन्द्रीय निर्वाचन समितिले छानविन गरी विधिसम्मत समायोजन गरियोस् । यस बारे पार्टीका पूर्व सभापति, वर्तमान जिल्ला पदाधिकारी, महासमिति सदस्यहरु, महाधिवेशन प्रतिनिधिहरु लगायत २८९ जना जिम्मेवार साथीहरुले लिखित उजुरी पार्टी केन्द्रीय कार्यालयमा दर्ता गरिसकेको जानकारी आएको छ ।

(ग) सप्तरी जिल्लामा केन्द्रीय निर्वाचन समितिले समायोजनका लागि दोश्रो पटक पठाएको प्रतिनिधिले निर्देशिका बमोजिम समायोजन सम्पन्न गरी केन्द्रीय निर्वाचन समितिमा प्रतिवेदन पठाइसकेको हुनाले सोही प्रतिवेदनका आधारमा केन्द्रीय निर्वाचन समितिले निर्णय गर्न आवश्यक छ । समायोजन कार्य विधि विपरित गर्न खोजिदैछ भनि पार्टी केन्द्रीय कार्यालयमा उजुरी समेत दर्ता गरिसकेको जानकारीमा आएको छ ।

(घ) बारा जिल्लामा केन्द्रीय निर्वाचन समितिले समायोजनका लागि दोश्रो पटक पठाएको जिल्ला प्रतिनिधिले दिएको प्रतिवेदन अनुसार नै केन्द्रीय निर्वाचन समितिले निर्णय गर्न आवश्यक छ । साथै क्रियाशील सदस्यताको हकमा लोकतान्त्रिक फोरमसंग भएको सहमति र केन्द्रबाट बनाएको मापदण्ड अनुसार हुनुपर्दछ । साथै जिल्लाको कुनै पनि तहको कार्यसमितिले सिफारिस नगरेको केही व्यक्तिलाई केन्द्रबाट क्रियाशील सदस्यता दिइएकोमा उक्त क्रियाशील सदस्यता विधिपूर्वक नै दिने व्यवस्था गरियोस् ।

(ङ) सिरहा जिल्लामा केन्द्रीय निर्वाचन समितिले समायोजनका लागि पठाएको जिल्ला प्रतिनिधिले १३ औं महाधिवेशनबाट निर्वाचित क्षेत्रीय कार्यसमिति, नगर, गाउँ तथा वडा कार्यसमितिका पदाधिकारी सदस्यहरु मध्येबाट नै क्षेत्रीय, नगरपालिका, गाउँपालिका तथा वडा तहमा केन्द्रीय निर्देशिका बमोजिम केन्द्रीय निर्वाचन समितिको प्रतिनिधि र क्षेत्रीय सभापतिले गरेको सिफारिसका आधारमा केन्द्रीय निर्वाचन समितिले निर्णय गर्नु पर्दछ ।

(च) रौतहट जिल्लामा केन्द्रीय निर्वाचन समितिले समायोजनका लागि पठाएको जिल्ला प्रतिनिधिले क्षेत्र नं. १ र ३ का केही स्थानमा केन्द्रीय निर्देशिका विपरित प्रतिवेदन बनाई केन्द्रमा पेश गरेको हुनाले उक्त निर्देशिका विपरित भएको समायोजन निष्पक्ष छानविन गरी निर्देशिका बमोजिम सम्पन्न हुन जरुरी छ । साथै लोकतान्त्रिक फोरमसंग भएको सहमति र केन्द्रले बनाएको मापदण्ड बमोजिम जिल्लामा क्रियाशील सदस्यता निक्यौल नगरिएको हुनाले निश्पक्ष छानविन गरियोस् ।

(छ) धनुषा जिल्लामा केन्द्रीय निर्वाचन समितिबाट जिल्लामा खटाइएको प्रतिनिधिले समायोजनका लागि पठाइएको निर्देशिका बमोजिम विधिसम्मत अविलम्ब समायोजन प्रक्रिया पुरा गरी प्रतिवेदन केन्द्रमा पठाउन पहल गरियोस् ।

(ज) 'अन्य राजनीतिक दल समायोजन समिति□ बाट डडेलधुरा, कपिलबस्तु, डोल्पा, कैलाली आदि जिल्लाहरुमा समेत गरिएको निर्णय पार्टीको विधानसंग बाझिने हकमा स्विकार गर्न नसकिने कुरा अवगत गराउँदछौं ।

५. नेपाली कांग्रेसको १३ औं महाधिवेशन पश्चात जिल्लाहरुमा विभिन्न पार्टी परित्याग गरी नेपाली कांग्रेसमा प्रवेश गरेका व्यक्तिहरुको नामावली सहित केन्द्रीय कार्यालयमा जिल्ला सभापतिहरुले लिखितरुपमा क्रियाशील माग गरेको वर्षौं भइसक्दा पनि क्रियाशील सदस्यता दिईएको छैन । यस प्रकारका गतिविधिले लोकतन्त्रकै संस्थापक र संवाहक संस्थाको रुपमा स्थापित पार्टीको ऐतिहासिक गौरव र मर्यादालाई कमजोर बनाएको छ ।

६. गत तेह्रौं महाधिवेशनमा केन्द्रीय सदस्य श्री नरहरि आचार्य संयोजकत्वको समितिले तेह्रौं महाधिवेशन सम्पन्न भएपछि प्रकृया पुऱ्याई दिने भनेर राखिएका क्रियाशील सदस्यता नुवाकोट, पर्सा, कैलाली, सोलुखुम्बु, इलाम र भक्तपुर जिल्लाहरूलाई समेत समावेश गर्ने बारे के प्रकृया थालियो वा के हुँदैछ ? चारवर्ष अगाडि कार्यकर्तासँग पार्टीले शुल्क बुझेर दर्ता गरिएका सदस्यका आवेदनहरूलाई रोक्दा त्यसको कति नकारात्मक असर पर्दछ भन्ने कुरामा नेतृत्वको गम्भिरता जरुरी छ । प्रकृया पूरा गराई सबैलाई तत्काल क्रियाशील सदस्यता दिन पार्टीका सबै जिल्ला र निकायहरूमा तुरुन्त पठाउनु जरुरी छ । आफ्ना निकटवर्तीहरूलाई क्रियाशील सदस्यता गैसकेको छ भने अन्यत्रको रोकिएको छ भन्ने पनि जानकारीमा आएको छ । यस्तो घोर पक्षपातपूर्ण कार्य बन्द गरियोस् र सबैलाई तुरुन्त सक्रिय सदस्यता दिईयोस् ।

७. विधानको धारा (४) (१०) (ग) र (ङ) बमोजिम अन्य पार्टीबाट प्रवेश गरेका राष्ट्रिय पहिचान बोकेका सीमित व्यक्तिहरूका लागि बाहेक क्रियाशील सदस्यता वितरण पार्टी विधानले तोकेको वडा तहबाटै हुनुपर्छ, माथिवाट थोपर्ने हैन । विधान, प्रक्रिया र परम्परालाई मिच्ने कार्य किमार्थ स्वीकार्य हुनसक्दैन । त्यसो गरिनु भनेको विधि र प्रक्रिया तोड्ने मात्र होइन, स्थानीय नेतृत्व र कार्यकर्ताको मनोबल गिराउने, हतोत्साहित गर्ने र उनीहरुलाई विस्थापित र तिरस्कृत गर्ने प्रवृत्ति हो ।

८. जिल्लामा पठाईएका क्रियाशील सदस्यताका फर्महरू केन्द्रीय परिपत्रअनुसार जिल्ला पार्टी सभापति, क्षेत्रीय सभापति र माताहतका निकाय प्रमुखलाई क्रमशः दिनुपर्ने व्यवस्था छ । तर कतिपय जिल्लामा विधान विपरीत निकटस्थ व्यक्तिहरूलाई सिधै दिई मनपरी गरिएको छ । क्रियाशील सदस्यताको वितरण वडा र गाउँस्तरीय वैधानिक व्यवस्था अनुरुप नै हुनुपर्छ, अन्यथा स्वीकार्य हुँदैन ।

(ख) विभाग गठनका सम्बन्धमाः

नेपाली कांग्रेसको मिति २०७२ फागुन २०-२३ मा सम्पन्न १३ औं महाधिवेशन पश्चात पार्टीको विधान बमोजिम २ महिनाभित्र (मिति २०७५ फागुन १२ गते सम्पन्न महासमितिको बैठकबाट संशोधित विधान बमोजिम ६ महिना भित्र) गठन गर्नुपर्ने विभाग, समिति लगायतका संरचनाहरु समयसीमाभित्र न्यायोचित र उपर्युक्त स्थानमा उपर्युक्त व्यक्ति हुनेगरी गठन गर्न सभापतिज्यूलाई पटक-पटक आग्रह गरेको विषय स्मरण नै हुनुपर्दछ । यी विभागहरू स्थानीय, प्रादेशिक र संघीय निर्वाचनअघि गठन गरिएको भए यसबाट पार्टीलाई महत्वपूर्ण योगदान पुग्न सक्दथ्यो । तर पार्टीको वृहत्तर हितलाई चरम उपेक्षा गरी गठन गरिएका विभागमा नियुक्त सयौ कार्यकर्ताहरुको शोषण एवं दुरुपयोग भएको पनि स्पष्ट छ ।

महासमितिको बैठकले पारित गरेको पार्टी विधानको मसी नसुक्दै सो विधानले निश्चित व्यवस्था गरेको २८ विभागलाई बढाएर, हाम्रो असहमति हुँदाहुदै हँचुवाका भरमा ४८ विभाग पुऱ्याई अन्धाधुन्ध तरिकाले पद र प्रलोभन बाँडेर विधान तथा पार्टीको निर्वाचन आचार संहिता विपरीत कार्यकाल सकिएपछि थपिएको एक वर्षभित्र, त्यो पनि महाधिवेशनको मिति घोषणा भईसकेपछि फगत महाधिवेशनलाई प्रभावित गर्ने कुत्सित मनसाय

बाँकी पृष्ठ ५ मा

## मधेश अपडेट

### धानको मूल्य निर्धारण सम्बन्धमा छलफल

जनकपुरधाम । धानको न्यूनतम् समर्थन मूल्य निर्धारण सम्बन्धमा संघ र प्रदेश सरकारबीच छलफल सम्पन्न भएको छ । संघीय कृषि तथा पशुपंक्षी विकासमन्त्री घनश्याम भुसालको उपस्थितिमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्पन्न छलफलले धानको न्यूनतम् मूल्य निर्धारण गरि सरकारीस्तरबाटै धान खरिद गर्ने गरि योजना निर्माणका लागि प्रदेश भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्रालयले १० दिनभित्र विस्तृत प्रस्ताव तयार गरी संघीय मन्त्रालयमा पेश गर्ने निर्णय गरेको छ । छलफलमा किसानले उचित मुल्य उपलब्ध गराउने ग्यारेन्टीका लागि विभिन्न मोडेलहरुमाथि विचार विर्मष भएको थियो । छलफलमा मुख्यमन्त्री मो.लालबाबु राउत गद्दी, भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री शैलेन्द्र साह, राज्यमन्त्री योगेन्द्र राय यादव, प्रमुख सचिव प्रह्लाद पोखरेल, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका अन्य पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

### 'स्थलमार्गबाट भित्रिनेलाई रोक्न सकिएन'

पर्सा । वीरगन्ज महानगरपालिकाका प्रमुख विजय कुमार सरावगीले प्रमुख स्थलमार्गबाट मुलुक भित्रिने पर्यटकलाई वीरगन्ज नाकामा रोक्न नसकिएको बताएका छन् । विश्व पर्यटन दिवसको अवसरमा वीरगन्जको पर्यटकीय स्थल भिस्वामा भएको कार्यक्रममा विकास र पर्यटनका कुरा गर्दै नगरप्रमुख सरावगीले नेपालमा संघीयता कार्यन्वयन नभएको दाबी गरे । जनअपेक्षाअनुसार कसैले पनि अरुलाई दोष लगाउने मात्र नभई आफू पनि सुध्रिनुपर्ने समय आएको उनको भनाइ थियो । कोरोनाको कारण मुलुकभर नै पर्यटन बर्ष असफल भएको नगरप्रमुख सरावगीले बताए । सरकारहरूले गरिदिएनन् भनेर मात्र अब वीरगन्जवासीले उम्किन नमिल्ने उनको तर्क थियो । वीरगन्ज क्षेत्रको पर्यटकीय स्थल भिस्वा स्तुपा, घडीअर्वा पोखरी, पारसनाथ मन्दिर, सिम्रौनगढ, जानकी मन्दिर र पर्सा राष्ट्रिय निकुञ्ज जस्ता प्रदेश २ का पर्यटकीय स्थलहरूको पर्यटकीय सर्किट बनाइ यो क्षेत्रमा पर्यटकलाई आकर्षित गर्न सकिने सरोकारवालाको सुझाव छ ।

### पीडित किसानद्वारा राहत माग

राकेश यादव, रौतहट । लगातारको वर्षाका कारण रौतहट जिल्लामा सयौ विघा जग्गामा लगाइएको धानवाली डुबेका छन् । चार दिनसम्म परेको पानीले किसानहरुले आफ्नो खेतमा लगाएका धानवाली पानीमा डुबेको हो । गौर नगरपालिकाको दक्षिण, पूर्व, पश्चिम भूभागमा रहेको धानवाली बाढीको पानीले डुबेको छ । पाक्न लागेको र गर्भाअवस्थामा रहेका सारो धान पानीमा डुबेको किसानहरुले बताएका छन् । गौर नगरपालिका वडा नम्बर ८ का स्थानीय राम अयोध्या राय यादवले लालबकैया, झाझ खोलामा आएको बाढीको पानीले करीव २ विघा जग्गामा लगाइएको बाली डुबाएको बताएका छन् । नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले समयमा विउ, मालखाद उपलब्ध नगराए पनि जेनतेन गरी धान रोपेको र घर भित्र्याउने बेलामा अविरल वर्षाको कारण आएको बाढीबाट बाली डुबेर क्षति पुग्ने अवस्थामा पुगे पछि दुःखित भएको जनाए । कृषिमा आधारित रहेका किसानलाइ सरकारले कुनै सहयोग नगरेको कारण खेती गर्न धैरै समस्या भोग्नु परेको दुखेसो पोखे । उनले वर्षाबाट भएको क्षतिको मूल्याङ्कन गरी पीडित किसानलाई राहत उपलब्ध गराउनु पर्ने माग समेत गरे । विश्वभरि महामारीको रूप लिएर फैलिएको कोरोना भाइरसको संक्रमणबाट भएको बन्दाबन्दीबाट समस्या भोगेका किसानलाई धान खेती पनि वर्षाले क्षति गरेपछि समस्या उत्पन्न भएको स्थानीय राजदेवी नगरपालिका ७ का संजय प्रसाद यादवले बताएका छन् ।

### विद्युत प्राधिकरणमा ज्ञापन

वीरगंज । विद्युत प्राधिकरण पर्साले लकडाउन अवधि भरको बिल महसुलको जरिवाना लिएको भन्दै गिरिजा प्रसाद कोइराला फाउण्डेशन पर्साले विद्युत प्राधिकरण तथा वितरण केन्द्र पर्सामा विरोध जनाउँदै ज्ञापन पत्र बुझाएको छ । लकडाउन अवधिभरको जरिवाना लिएको भन्दै स्व गिरिजा प्रसाद कोईराला फाउण्डेशन पर्साका अध्यक्ष मोहम्मद सहाबुदिनको अध्यक्षतामा फाउण्डेशन पर्साले नेपाल विधुत प्राधिकरण पर्साका प्रमुख शम्भु कुर्शेत यादवलाई ज्ञापन पत्र बुझाएका छन् । विश्वमा एकातिर कोरोना महामारीका कारण नेपाल लगायत विश्व नै आक्रान्त बनेको छ । कोरोनाका कारण विश्वले नै अपुरणीय क्षति व्यहोर्नु परेको छ । यस महामारीले मानिस भौतिक दूरी कायम गरी सम्पूर्ण कामकाज गर्न नेपाल सरकारले आह्वान गरेता पनि नेपाल विधुत प्राधिकरण पर्सा वितरण केन्द्रले हालसम्म यस रोगको कारण देखाई आफ्नो पुरानो लयमा फर्कन नसकेकोले पर्सेली जनतालाई यसको ठुलै मार खेप्नु परेको अध्यक्ष मोहम्मद सहाबुदिनले विद्युत प्राधिकरण प्रमुख यादवको ध्यानाकर्षण गराएका हुन् ।

### प्रहरी हिरासतमा फेरि एक जनाको मृत्यु

रौतहट । प्रहरी हिरासतमा रौतहटमा फेरि एक जनाको मृत्यु भएको छ । रौतहटको इलाका प्रहरी कार्यालय गरुडाको हिरासतमा रहेकी महिलाको बिहीबार मृत्यु भएको हो । गुजरा नगरपालिका-२ कटानीटोलकी राधिका राउतको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक भरत श्रेष्ठले जानकारी दिए । अनैतिक सम्बन्धको आरोपमा पक्राउ परेकी उनी प्रहरीको महिला सेल हिरासतमा मृत्यु भएको हो । महिला सेलका सुरक्षाकर्मीले राउतलाई मृत अवस्थामा फेला पारेका बताएका छन् । कटानी बजारका एक युवकसँग अनैतिक सम्बन्ध राखेका बेला उनका श्रीमान सुमन राउतले फेला पारी वडाध्यक्षको रोहवरमा प्रहरीको जिम्मा लगाएका थिए । हिरासतमा रहेकी महिलाको मृत्युको विषयमा अनुसन्धान भइरहेको पनि डिएसपी भरत श्रेष्ठले बताए । यसअघि गरुडा नगरपालिका-८ का निरन्जन रामको हत्या आरोपमा कर्तव्य ज्यान मुद्दामा पक्राउ परेका विजय रामको पनि गरुडा प्रहरी हिरासत मै मृत्यु भएको थियो ।

### कपिलवस्तुमा उद्योग दर्तामा वृद्धि

कपिलवस्तु । जिल्लामा गत आर्थिक वर्ष ०७६/७७ सम्म ६ हजार ६ सय ७३ उद्योग दर्ता भएका छन् । केही वगर्षयता मुलुकमा सहज वातावरण बनेपछि उद्योग भन्दा खुल्ने क्रम बढेको हो । घरेलु तथा साना उद्योग कार्यालय कपिलवस्तुका अनुसार सना उद्योग ६ हजार ४ सय २५, घरेलु उद्योग ३३ तथा लघु उद्योग २ सय १५ दर्ता भएका हुन् । यस्तै प्राइभेट फर्म ६ हजार ३ सय ७०, साझेदारी फर्म २ सय २७ र प्रालि ७६ रहेका छन् । गत आव ०७६/७७ मा कुल १ हजार ४७ उद्योग दर्ता भएका थिए । जसमा साना उद्योग १ हजार ३९ र लघु उद्योग ८ दर्ता भएका थिए । उता जिल्लामा गत आवसम्म कुल १० हजार १ सय ९४ वाणिज्य फर्म दर्ता भएका थिए । गत आव ०७६/७७ मा कुल १ हजार २ सय २५ वाणिज्य फर्म दर्ता भएका थिए । वाणिज्य फर्ममा कुल ८ अर्ब २ करोड बढी पुँजी लगानी र २५ हजार बढीलाई रोजगारी सिर्जना भएको छ ।

### प्रशासनले तोक्यो प्याजको बिक्री मूल्य

पर्सा । भारतले प्याजको निर्यातमा रोक लगाएपछि नेपालमा त्यसको कृत्रिम अभाव सिर्जना गरेर महँगो मूल्यमा बेचिरहेका व्यवसायीलाई पर्सा प्रशासनले कारवाही थालेको छ । व्यवसायीहरुले प्याजको कृत्रिम अभाव देखाई बढी मूल्यमा बेच्न थालेपछि स्थानीय प्रशासनले त्यस्ता व्यापारीहरुकहाँ छापा मार्न थालेपछि कारवाही प्रक्रिया अघि बढाएको हो । वीरगञ्ज बजार तरकारीको मुख्य मण्डी मानिएको मीना बजारका केही व्यापारीले प्याजको कृत्रिम अभाव सिर्जना गरी उपभोक्तलाई ठग्दै आएको खबर प्राप्त भएपछि स्थानीय प्रशासनले छापा मार्न थालेको हो । प्रशासनले व्यापारीहरुलाई प्याज बिक्री वितरण गर्न मूल्य तोकेपछि स्थानीय उपभोक्तहरुले राहत पाएको उपभोक्ता विजय पण्डितले बताए । पर्साका प्रमुख जिल्ला अधिकारी अस्मान तामाङ र व्यापारीहरुबीच भएको छलफलबाट प्याजको मूल्य तोकेको सामुदायीक प्रहरी सेवा केन्द्रका अध्यक्ष विदुर गुप्ताले बताए । स्थानीय प्रशासनमा बसेको सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्रको आइतबार बसेको बैठकले हालका लागि प्याजको थोक मूल्य प्रतिकेजी रु ६५ र खुद्रा मूल्य प्रतिकेजी रु ७५ तोकेको जिल्ला प्रशासन कार्यालय पर्साले जनाएको छ । यसअघि व्यापारीहरुले कृत्रिम मूल्य सिर्जना गरी प्रतिकेजी रु १०० मा बेच्दै आएका थिए । तोकिएको मूल्यभन्दा बढी रकम लिएर प्याज बिक्री वितरण गरेको पाइए स्थानीय प्रशासनले कानूनबमोजिम कारवाही गरिने बताइएको छ ।

### नदीमा मृत फेला

कपिलवस्तु । यशोधरा गाउँपालिका-८ खोरियास्थित वाणगंगा नदीमा कपिलवस्तु नगरपालिका-१ शिवमन्दिर बस्ने ३४ वर्षीय सन्दिप भन्ने राजवेन्द्र बर्मा मंगलबार मृत अवस्थामा फेला परेका छन् । यस सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# राष्ट्रको भविष्य महिलाको हातमा !



व्यङ्ग

मौसमी कुमारी कुशवाहा

पुरातन युगदेखि नारीलाई देवी मानिदै आइएको छ। यो सृष्टिको सुरुवात नै नारीबाट भएको कुरा नकार्न सकिदैन। नारी एक माया जाल हो, एकातर्फ नारी अर्को तर्फ सम्पूर्ण सृष्टिको मायाजाल भन्यो भने जहिले नारी तिर नै औंला तेर्सिन्छ। हाम्रो हिन्दु धर्मशास्त्रअनुसार पनि नारी बारेमा अनेकौं व्याख्या गरिएको छ। जस्तै *"त्रिया चरित्रं,पुरुषस्य भाग्यम, देवौ ना जानाति कुतो मनुष्यः"* भनाईको तार्त्पय एउटा नारीको चाल र चरित्रको बारेमा अहिलेसम्म भगवान पनि भेउ पाउन सकेका छैन्। सामान्य पुरुषले के अडकल काट्न सक्छ त ! नारीलाई लक्ष्मण रेखा भनिन्छ। किनकी त्रेता युगमा कोरेको रेखालाई माता सीताबाहेक कोहि थिएन जो त्यो रेखा पार गर्न सकोस्। अर्थात नारीले चाहयो भने जस्तो परिर्वतन पनि गराउन सक्छिन्। घरदेखि लिएर राष्ट्र लगायत विश्वसम्म !

हाम्रो देशमा आजसम्म महिलाहरुले प्रतिकूलताबीच जीवन बाँचेको छ। कहिलेकाहीँ प्रतिकूलताबीच उन्नति भएको उदाहरण हेर्न मिल्छ। यस्तै एउटा उदाहरण हो, इग्ल्याण्डको सुप्रसिद्ध नाटककार विलियम सेक्सपियर। सानै उमेरमा आर्थिक समस्या कमजोर भएका कारण काम र मामको खोजीमा इग्ल्याण्ड जानु भयो र रङ्शालामा काम गर्दागर्दै नाटक लेख्न थाले पछि विश्वकै महान दुखान्त नाटककारको रुपमा चिनिुभयो। यस्ता कति उदाहरण छन् जो प्रतिकूलताबाट अनुकुलतामा परिणत भएको छ। त्यसकारण अब समय आइसके छ देशको लागि केहि गर्ने।

वर्तमान समय २१ औं शताब्दीमा हेर्ने हो भने हरेक घरमा महिलाको वर्चस्व बढी रहेको छ। बाहिर समाज पुरुष प्रधान लागे पनि भित्रबाट खोक्रो नारीको फरिया चियाउने हाम्रो समाज हो। आफ्नो घरमा स्याउति मार्दै हिड्ने बिरालो बाहिर सिंहको खोल ओढेर सिंहको नाटक गर्ने युग पुरुषहरु कहलाएका छन्। हाम्रो देशको जसको हालत हो त्यको अधिकांश जिम्मेवार महिलाहरु रहेका छन्। महिलाहरु जुन अधिकार र वर्चस्व बुढामाथि आफ्नो घरभित्र राखेको छ त्यो सिमित नराखी त्यसलाई घर बाहिरको व्यवहारमा पनि उतारुन् भन्ने कुरामा कहिल्यै ध्यान पुऱ्याएन। हामी नेपाली महिला कस्ता छौं भने, अरुको श्रीमान, छोरा गल्ती गरे हाई हाई छिः छिः र आफ्नो श्रीमान, छोरा गऱ्यो भने वाह ! वाह ! र कुरा लुकाउने प्रवृति छ। यस्ता एक अर्काको व्यवहारले देशमा रुढीवादी बलात्कार, दुर्व्यवहार, भ्रष्टचार जस्ता अनेकौं विकृति फैलिएको छ।

एउटा अर्को घटना हो जसबाट म पटक पटक ग्रसित भएकी छु। म स्नातकोत्तर अध्ययनको क्रममा हेटौंडा कलेजमा कयौं पटक नेपाली हुनुको प्रमाण दिनुपरेको छ। तिमी त भारतीय ! कसरी नागरिकता लियौं ? यहाँसम्म कसरी आयौं ? यी प्रश्नको शिकार म लगायत जस्ता हजारौं मधेशी भोग्दै आएको छौ। पुस्तौंदेखि भारतीय भनेर हेपिएको, भारतीयसँग अनुहार मिल्ने भए हामी भारतीय हो भने तिमीहरु को हौं ? मधेशीलाई बिहारी भन्नेहरु त्यसो भए त तिमीहरु त सिधैं चाइनिज भयौं। किनकी तिमीहरुको अनुहार चेप्टो, चम्सिो आँखा भएकाहरु नेपाली कसरी भयौं ? यो कस्तो दोहोरो कुरा ? यस्ता नीच सोच र देशद्रोही कुराबाट माथि उठौं र देशको विकास उन्नतिको कुरा गरौं।

नेपाली महिलाहरुलाई मात्र पैसा चाहियो, रु १ लाख बीस हजारको आईफोन, २५ हजारको सारी, १ लाखको सुनपोतो लाएर पनि सोचेभ्कैं जिन्दगी रैनछ, गीत घन्काउँदै हिंडेको हुन्छ ! त्यति खर्च बुढाले दिएको छ, एता बुढि घरमा मख्ख परेर छरछिमेकमा चहलपहल जमाउँछ। तर त्यति पैसा श्रीमान कहाँबाट ल्यायो ? कसरी जोड्यो ? कुनै सोध खोज छैन, आफ्नो खुनपसिना सुकाएर ल्यायो की अरुको खुन बहाएर ल्यायो, की जल्दो चिम्नीमा गरिबलाई पोलेर ल्यायो, की कोही गरिब नेपाली चेलीलाई वेश्यालयमा बेचेर, की नेपाल आमालाई नै नङ्ग्याएर, की १७ हजार निर्दोष नेपाली मारेर ल्याएको यो कुराको कुनै न मतलब छ न लेखाजोखा। हामी नेपाली, हामी नेपाली, हाम्रो देश नेपाल, हाम्रो मातृभूमि नेपाल, प्यारो नेपाल, सुन्दर नेपाल, देखाउने र भ्कुठो नारा लगाएको हुन्छ। तर आफ्नै बुढाले नेपाललाई बेचेको छ, नङ्ग्याएको छ, अरु विदेशी दलालको हातमा केही कागजका नोटसँग साटेको छ। कहिले

> यहाँ नेपाली महिला र नेपाल राष्ट्रलाई हेर्दा पुर्खाले भनेका कुरा सत्य भएका छ। आफ्ना सुख र भोग विलासमा आफ्ना राष्ट्रमातालाई नै नेपाली महिलाले नै सखाप पार्ने भएको छ। एउटा महिलाको इज्जत उतारेर अर्की महिला प्रतिष्ठत र सम्मानित भएकी छ। वाह ! रे हाम्रो नेपाल र नेपाली महिला।

एमसिसिको नाममा, कर्णाली, कोसी, कहिले सन्धीको नाममा कहिले भारतसँग त कहिले चीनसँग बेचेको छ। यस्ता घटना बेला कहाँ हुन्छ राष्ट्रप्रेम, कहाँ हुन्छ, नेपालीपनको भावना कहाँ हुन्छ ? नेपाली स्वर ? नेपाल बेचेर अधिकाश सत्ताधारीहरुले बुढी र छोरीलाई रवाफ देखाएको छ। नेपाल आमालाई नङ्ग्याएर आफू रेसमी, सिल्की फरिया लगाएर देशभक्तिको नाटक गर्ने ती स्वर्गकी परीहरुसँग, ती नेपाली भन्ने मुखौटाधारी नारीहरुसँग मेरो प्रश्न छ, जब तिमीहरुको श्रीमान नेपाललाई विदेशी दलालसँग साटेर महलमा गलैचामा बसाउँछ। के त्यो बेला एक पटक पनि सोच्छौं तिमीहरु ? ३० हजार, ४० हजारको जागिर भएको कर्मचारीहरु कसरी वर्षे पिच्छे सहरमा घर, गाडि, नोकरचाकर जोडन पुग्छ। ढिढो र सिस्नु खाने फाइफ स्टार होटेलको सुखसुविधा र अमेरिका पेरिसको डिनर हुन्छ ? कसरी आईहाल्छ यति परिर्वतन ? लाज हुनु पर्छ एक मुखले नेपाली भनेको हुन्छ र अर्को हातले नेपाललाई लुच्छेको हुन्छ। यता जनतालाई मार्ने, हक नदिने तर आफु चाँहि सत्ताधारी भएर खुब लुट मचाउने, राष्ट्रभक्तको नाममा आफ्नो खल्ती भर्ने ! यहि हो नेपालीपन र देशभक्ति ? आफू एक महिला भएर अर्को मातातुल्य राष्ट्रमातालाई लुटने विदेशीको हातमा बेच्ने, विदेशी डलरसँग साटने ! ठिकै भन्छ एउटा महिलाको दुश्मन अर्को महिला नै हुन्छ। यहाँ नेपाली महिला र नेपाल राष्ट्रलाई हेर्दा पुर्खाले भनेका कुरा सत्य भएका छ। आफ्ना सुख र भोग विलासमा आफ्ना राष्ट्रमातालाई नै नेपाली महिलाले नै सखाप पार्ने भएको छ। एउटा महिलाको इज्जत उतारेर अर्की महिला प्रतिष्ठत र सम्मानित भएकी छ। वाह ! रे हाम्रो नेपाल र नेपाली महिला। त्यो हरेक महिलासँग मेरो प्रश्न छ, एक चोटि आफू भित्र र आफूलाई तलदेखि माथिसम्म निहार, कति निर्दोष जनताको खुनबाट लतपतिएको छ तिम्रो जिउ। नेपालको रगतले पोतिएको छ। तिम्रो जिउ कति पाप बोकेपछि पवित्र बनी पशुपतिनाथको सामु भक्त बनि शिर भ्कुकाउछौं। दुर्भाग्य छ महिला भएकोमा र नेपाली भएकोमा।

एउटा प्रश्नको उतर जान्ने मेरो ठूलो जिज्ञासा छ नेपाली महिलाहरुसँग, छिमेकी राष्ट्र भारत मित्रराष्ट्र हुदाँहुदै पनि दुश्मन भन्ने गरेका हुन्छ। जुन देशबाट बेटी, संस्कृति, लगायत हजारौं नेपालीको रोजगारीदेखि भान्सा चलेको छ, त्यो राष्ट्रसँग दुश्मनी, घृणा, गाली, यहाँसम्म की भारत सिमाना क्षेत्रका जनतासँग पनि घृणा र गाली, आतङ्कवादीसम्म भन्ने, भ्कन मधेशीलाई त हेर्न नसक्ने। मधेशीलाई भारतीय, बिहारी, भैया, गवार मान्ने तर त्यही भारतसँग भित्र-भित्र वा देखाएरै अनुदानको नाममा, सहयोगका नाममा, भूकम्पको नाममा, बाढीको नाममा जस्ता अनेकौ कारण देखाएर आफ्नो पेट र बैकमा पैसा खन्याएको हुन्छ। यो कस्तो नाटक ! बाहिर मुखमा गाली भित्र चाहीँ वाह ! वाह ! ताली। त्यही भारतको अनुदान लिएर आफ्नो बैकदेखि भान्सासम्म तताएको तर बाहिर गाली गर्दै हिडने। यो कस्तो राष्ट्रियता र देशभक्ति हो ? बुढा भारतको चम्चागीरी गरी करोडौं घरमा भित्रयाउने, बाहिर महिलाहरु घोक्रो राष्ट्रियताको बाजा बजाउने। अब यो नाटक बन्द गर। असल नेपाली नागरिक बनौं। आफ्नो राष्ट्रलाई मुख देखाउने बनौं। काम यस्तो गरौं कि आउने सन्तति गर्व गरोस्।

# कांग्रेसको...

हो भन्ने हाम्रो ठहर छ। त्यसैले यसमा हाम्रो गम्भीर आपत्ति छ र यो अस्वीकार्य छ। यस्ता कार्य तत्काल बन्द गरियोस् र त्यस्ता निर्णय खारेज गरियोस्।

स्मरण रहोस् तत्कालीन पार्टी सभापति सुशील कोइरालाले कार्यकालको दोस्रो वर्षमा गरेको विभाग गठनलाई स्वयं वर्तमान सभापतिज्यूले अस्विकार गर्नुभएपछि सम्पूर्ण विभाग निस्कृय भएको वास्तविकता हाम्रा अगाडि ताजै छ।

(ग) भ्रातृ एवं शुभेच्छुक संस्था:

१. हाम्रो जस्तो लोकतान्त्रिक पार्टीका भ्रातृ र शुभेच्छुक संस्था विधान विपरीत हचुवा पाराले चल्न हुदैन। तिनका आवधिक निर्वाचन र नीति नियम स्पष्ट संग कार्यान्वयन हुनुपर्छ। पार्टी नेतृत्वकै आडमा कैयौं भ्रातृ संस्था विना अधिवेशन निष्क्रिय बसेका छन्। तिनको अधिवेशन यथाशीघ्र गराईसक्नुपर्छ। विधानको धारा १५ (१) (घ) बमोजिम भ्रातृ संघ एवं शुभेच्छुक संस्थाको अधिवेशनबाट निर्वाचित भई आउने केन्द्रीय महाधिवेशन प्रतिनिधि मात्र केन्द्रीय महाधिवेशनमा भाग लिन पाउने वैधानिक व्यवस्था भएकोले सोही बमोजिम मात्र प्रतिनिधित्व गराउन मिल्ने स्पष्ट गरिन्छ।

२. भ्रातृ संस्थाको सम्बन्धमा विधानको धारा (४२) (१) (ङ) बमोजिम भ्रातृ संघको कार्यसमितिका पदाधिकारी वा सदस्य पार्टीको कुनै पनि तहको कार्यसमितिमा निर्वाचित वा मनोनित भएमा निजको भ्रातृ संघको पद स्वतः रिक्त हुनेछ भन्ने व्यवस्था भएकोले पार्टीको विधान कार्यान्वयनका लागि नेपाल दलित संघको केन्द्रीय अध्यक्ष र महासचिव नेपाली कांग्रेसको केन्द्रीय कार्यसमितिको सदस्य पदमा वहाल रहेकोले उक्त पदाधिकारी स्वतः रिक्त भएको निर्णय गर्न आवश्यक छ।

३. विद्यमान नेपाल किसान संघको केन्द्रीय कार्यसमिति यथावत रहेको अवस्थामा नेपाली कांग्रेस केन्द्रीय कार्यालयबाट हुकुमी शैलीमा केन्द्रीय उपसभापति तोकिनु पार्टीको विधानको मूल भावना र मर्म विपरित भएकोले तत्काल खारेज गरियोस्।

४. नेपाल तरुण दलमा अध्यक्ष र महासचिवका बीच उत्पन्न विवादलाई पार्टीले विधि र निष्पक्ष ढंगले निरुपण गर्नुपर्नेमा पक्षपातपूर्ण व्यवहार देखाउन खोजिएको।

५. नेपाली कांग्रेसको विधानको धारा २२ को उपधारा (२०) मा भएको व्यवस्था बमोजिम पार्टीको भ्रातृ संघ तथा शुभेच्छुक संस्था विघटन गरिएकोमा वा हटाइएकोमा केन्द्रीय कार्यसमितिले तत्काल तदर्थ समिति गठन गर्नेछ र ६ महिनाभित्र विधान बमोजिम निर्वाचन गरी पदपूर्ति गर्नेछ भन्ने किटानी बैधानिक व्यवस्था हुँदा हुँदै भ्रातृ संस्थाको म्याद पटक-पटक थप्ने विषय अवैधानिक कार्य भएकोले उक्त निर्णय खारेजीको माग गर्दछौं।

(घ) विदेश स्थित जनसम्पर्क समिति:

विदेश स्थित जनसम्पर्क समितिहरुको स्थिति पनि त्यतिकै मनोमानीपूर्ण छ। अमेरिका, अस्ट्रेलिया, बेल्जियम लगायतका जनसम्पर्क समितिहरुमा एकले अर्कोलाई निष्कासन गर्ने, केन्द्रको आड देखाएर थिचोमिचो गर्न खोज्ने, अनुशासनको डण्डा देखाएर दवाउन खोज्ने जस्ता प्रवृत्ति देखिएकाले त्यस्ता गतिविधिहरु तत्काल बन्द गरियोस्। सबै जनसम्पर्क समितिहरुको विधिसम्मत् र केन्द्रीय कार्यसमितिको निर्णयअनुसार अधिवेशन गराएर मात्र महाधिवेशनमा प्रतिनिधित्व गराइयोस्। कतिपय जनसम्पर्क समितिहरूलाई विधिविहिन, स्वेच्छाचारी र एकपक्षीयरुपमा परिचालन गरिएको छ, यस्ता कार्यहरूमा हामी सर्वथा असहमत छौं। अमेरिका र भारतका जनसम्पर्क समिति अध्यक्षहरू केन्द्रीय कार्यसमितिमा मनोनित भैसकेको अवस्थामा निजहरुको पद स्वतः खारेज भएकाले त्यस कार्यसमितिको बरिष्ठ पदाधिकारीको संयोजकत्वमा अधिवेशन तयारी समिति बनाईनु पर्दछ। साथै नेपाली जनसम्पर्क समिति अष्ट्रेलियाका सभापति विरुद्ध आठ बटै राज्य समितिका सभापतिहरुले लिखित उजुरी पार्टी केन्द्रीय कार्यालयमा दर्ता गरेको जानकारीमा आएकोले त्यस सम्बन्धमा पनि आवश्यक छानविन गरी निर्णयमा पुगियोस्।

(ङ) केन्द्रीय कार्यसमितिको बैठक सम्बन्धमा: २०७७ भाद्र १ गतेको मितिमा नेपाली कांग्रेस केन्द्रीय कार्यालयबाट केही जिल्लामा 'अन्य राजनीतिक दल समायोजन समिति'को २०७६/११/१९ गतेको निर्णय र सिफारिसलाई केन्द्रीय कार्यसमितिको २०७७/०१/१७ को बैठकले अनुमोदन गरे अनुसार निर्णय कार्यान्वयन गराउनु भनि गरिएको पत्राचार देख्दा हामी आश्चर्यचकित भएका छौं। उक्त विषय केन्द्रीय कार्यसमितिमा न प्रस्तावको रुपमा प्रस्तुत भएको छ न छलफल नै भएको छ। सामान्य जानकारी समेत नभएको विषय केन्द्रीय कार्यसमितिको निर्णय भनि रसुवा लगायतका जिल्लामा परिपत्र गर्नुले पार्टी कुन विधिबाट चलेको छ ? के गर्न खोजिदैंछ ? भन्ने गम्भिर आशंका हाम्रा सामु खडा भएको छ। तसर्थ उक्त परिपत्र तत्काल खारेज गरियोस् र पार्टी विधिसम्मत चल्ने परिपाटीको सुनिश्चितता गरियोस्।

सभापतिज्यू

माथि उल्लेखित विषयहरुका सम्बन्धमा हामीले पटक-पटक लिखित तथा मौखिकरुपमा ध्यानाकर्षण गराएका थियौं। पार्टी विधानसम्मत् संचालन गरी चौधौं महाधिवेशन स्वच्छ, निष्पक्ष गर्ने वातावरण सृजना गरियोस् भनि पुनः स्मरण गराउन चाहन्छौं। यदि सभापतिज्यूले आगामी असोज १९ गते राखिएको केन्द्रीय कार्यसमितिको बैठक सम्ममा विधानसम्मत् उठाइएका उपरोक्त विषयहरुको न्यायपूर्ण र विधिसम्मत समाधान गर्ने तर्फ गम्भिरता र तदारुकता देखाउनु भएन भने बैधानिक संघर्षका विरोध कार्यक्रम गर्न बाध्य हुनेछौं।

जय नेपाल !

पार्टीका केन्द्रीय पदाधिकारी तथा सदस्यहरुको हस्ताक्षर:

१. रामचन्द्र पौडेल, नेता, नेपाली कांग्रेस
२. डा. शशांक कोइराला, महामन्त्री, नेपाली कांग्रेस
३. सीतादेवी यादव, कोषाध्यक्ष, नेपाली कांग्रेस
४. प्रकाशमान सिंह, केन्द्रीय सदस्य तथा पूर्व महामन्त्री, नेपाली कांग्रेस
५. डा रामशरण महत, केन्द्रीय सदस्य तथा पूर्व सहमहामन्त्री, नेपाली कांग्रेस
६. अर्जुननरसिंह के.सी., केन्द्रीय सदस्य तथा पूर्व सहमहामन्त्री, नेपाली कांग्रेस
७. बलबहादुर के.सी., केन्द्रीय सदस्य, नेपाली कांग्रेस
८. महेश आचार्य, केन्द्रीय सदस्य, नेपाली कांग्रेस
९. दिलबहादुर घर्ती, केन्द्रीय सदस्य, नेपाली कांग्रेस
१०.डा. मिनेन्द्र रिजाल, केन्द्रीय सदस्य, नेपाली कांग्रेस
११. सुजाता कोइराला, केन्द्रीय सदस्य, नेपाली कांग्रेस
१२. दिलेन्दप्रसाद बडू, केन्द्रीय सदस्य, नेपाली कांग्रेस
१३. डा शेखर कोइराला, केन्द्रीय सदस्य, नेपाली कांग्रेस
१४. दीपक गिरी, केन्द्रीय सदस्य, नेपाली कांग्रेस
१५. नविन्द्रराज जोशी, केन्द्रीय सदस्य, नेपाली कांग्रेस
१६. डा. चन्द्र भण्डारी, केन्द्रीय सदस्य, नेपाली कांग्रेस
१७. कमला पन्त, केन्द्रीय सदस्य, नेपाली कांग्रेस
१८. धनराज गुरुङ्ग, केन्द्रीय सदस्य, नेपाली कांग्रेस
१९. रत्न शेरचन, केन्द्रीय सदस्य, नेपाली कांग्रेस
२०. बद्रीप्रसाद पाण्डे, केन्द्रीय सदस्य, नेपाली कांग्रेस
२१. जीवन परियार, केन्द्रीय सदस्य, नेपाली कांग्रेस
२२. गुरुराज घिमिरे, केन्द्रीय सदस्य, नेपाली कांग्रेस
२३. कल्याणकुमार गुरुङ्ग, केन्द्रीय सदस्य, नेपाली कांग्रेस
२४. रामकृष्ण यादव, केन्द्रीय सदस्य, नेपाली कांग्रेस
२५. हृदयराम थानी, केन्द्रीय सदस्य, नेपाली कांग्रेस
२६. किरण यादव, केन्द्रीय सदस्य, नेपाली कांग्रेस
२७. सरिता प्रसाईं, केन्द्रीय सदस्य, नेपाली कांग्रेस

## संक्षिप्त समाचार

### एकै थपिए १३० कोरोना संक्रमित

विराटनगर। कोरोना संक्रमणको उच्च जोखिममा रहेको विराटनगरमा एकै दिन १३० जना संक्रमित फेला परेका छन्। मोरङ जिल्लामा यो संख्या हालसम्मकै सबभन्दा बढी हो। प्रदेश १ को सामाजिक विकास मन्त्रालयअनुसार कोशी अस्पताल र प्रदेश प्रयोगशाला विराटनगरमा गरिएको स्वाब परीक्षणमा एकै दिन सो संख्यामा संक्रमित फेला परेका छन्। संक्रमितहरुमध्ये ५१ महिला र ७९ पुरुषमा कोरोना संक्रमण पुष्टि भएको प्रदेश १ सामाजिक विकास मन्त्रालयले जनाएको छ। योसँगै मोरङ जिल्लामा संक्रमितको संख्या २ हजार एक सय ८६ पुगेको छ। विराटनगरमा हालसम्म २३ जना संक्रमितको मृत्यु भइसकेको छ।

### नक्कली इन्स्पेक्टर पक्राउ

वीरगञ्ज। आफूलाई प्रहरी निरीक्षक भन्दै पैसा असुली गर्ने एक जनालाई प्रहरीले वीरगञ्जबाट पक्राउ गरेको छ। पक्राउ पर्नेमा वीरगञ्ज महानगरपालिका वडा नम्बर ५ बस्ने २७ वर्षिय दिव्यप्रकाश चतुर्वेदी रहेका छन्। चतुर्वेदीले मकवानपुरको हेटौंडा उपमहानगरपालिका वडा नम्बर ९ बस्ने अनन्त खतिवडासँग आफू जिल्ला प्रहरी कार्यालय पर्साको क्राईम ब्रान्चको प्रहरी निरीक्षक भएको बताउँदै हप्काएर पैसा मागेको प्रहरीले जनाएको छ। खतिवडाले जिल्ला प्रहरी कार्यालय पर्सामा जानकारी गराएपछि प्रहरीले चतुर्वेदीलाई नियन्त्रणमा लिएको हो। पक्राउ परेका चर्तुवेदीलाई प्रहरी नियन्त्रणमा राखी आवश्यक अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

### घुससहित एकजना पक्राउ

जनकपुरधाम। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जनकपुरधामबाट घुससहित एक कार्यालय सहयोगीलाई पक्राउ गरेको छ। जनकपुरधाम उपमहानगरपालिका वडा नं. १३ का कार्यालय सहयोगी दिलिप पञ्जियारले नागरिकता सिफारीसका लागि २४ हजार घुस मागेकोमा घुससहित पक्राउ परेको आयोगको कार्यालय बर्दिबासले जनाएको छ। कार्यालय सहयोगी पञ्जियारले आफू वडा सचिव रहेको भन्दै सेवाग्राहीसँग २४ हजार घुस मागेकोमा गोप्य सूचनाको आधारमा उनलाई पक्राउ गरिएको अख्तियारको बर्दिबास कार्यालयले जनाएको छ।

### स्वास्थ्यकर्मीसहित दुई संक्रमितको मृत्यु

नेपालगन्ज। बाँके जिल्लामा कोरोना भाइरस (कोभिड-१९) संक्रमणबाट एक स्वास्थ्यकर्मीसहित दुई जनाको मृतयु भएको छ। नेपालगन्ज मेडिकल कलेजमा उपचाररत दुई जना कोरोना संक्रमित पुरुषको मृत्यु भएको जनाइएको छ। कोहलपुर नगरपालिका वडा नं. १० का ५३ वर्षीय पुरुष र नेपालगन्जका ४१ वर्षीय पुरुषको मृत्यु भएको हो। नेपालगन्जका मृतक नेपालगन्ज मेडिकल कलेजका स्वास्थ्यकर्मी हुन्। स्वास्थ्य कार्यालय बाँकेका कोरोना फोकल पर्सन नरेशबाबु श्रेष्ठले एकजना संक्रमितको उपचारका क्रममा गएराति र एक जनाको बिहान ४ बजे मृत्यु भएको पुष्टि गरे। दुवैजनालाई प्लाज्मा थेरापी र रेम्डिसिभिरबाट उपचार भइरहेको थियो।

### चोरीपैठारीको सामान बरामद

कैलाली। जिल्लाको धनगढी उपमहानगरपालिका ९ स्थित सीमा ईलाकाबाट एपीएफ टोलीले करीव सात लाख ६० हजार रुपैयाँ बराबरको चोरीपैठारीको लत्ताकपडा बरामद गरेको छ। भारतबाट अवैध रुपले भन्सार छली नेपालतर्फ ल्याउँदै गरेको उक्त लत्ताकपडा सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट बंग्राकटानबाट खटिएको एपीएफ टोलीले बरामद गरेको हो। त्यसवेला लत्ताकपडा ल्याउने व्यक्ति एपीएफ टोलीलाई देख्नासाथै उक्त लत्ताकपडा छाडी फरार भएका थिए। बरामद लत्ताकपडा भन्सार कार्यालय त्रिनगरमा बुभ्काईएको छ।

### कोरोनाका कारण होटेल बन्द

विराटनगर। बढ्दै गएको कोरोना महामारीका कारण विराटनगरको ट्राफिक चोकस्थित होटल नमस्कार बन्द भएको छ। कोरोना महामारी नियन्त्रणका लागि गरिएको लकडाउन र निशेधाज्ञाका कारण समस्यामा परेको होटल अन्ततः बन्द भएको हो। लकडाउन र निषेधाज्ञाका कारण सञ्चालन गर्न नसक्ने स्थिति भएपछि होटल बन्द गर्ने निर्णय गरेको होटल सञ्चालक युनेश श्रेष्ठले बताए।

### कोभिडका बीच भारत जान बाध्य

कैलाली। विश्वभरिबाट कोरोना महामारीका कारण स्वदेश फर्किए पनि पुनः बाहिरिन बाध्य भएका छन् कामदारहरु। हरेक वर्ष यतिबेला भारतबाट दसैं मनाउन घर फर्कने लर्को हुन्थ्यो तर यसपटक दशैं अगाडि नै बाहिरिने क्रम बढिरहेको छ। ६ महिना घरमा बस्दा केही गर्न नसकेको र रोजगारी पनि नपाएकाले अन्तिममा फेरि भारत जान बाध्य रहेको गुनासोहरु छन्।

### सट्टेबाजीमा संलग्नहरू पक्राउ

विराटनगर। केही दिनदेखि जारी अनुसन्धानपछि मोरङ प्रहरीले इन्डियन प्रिमियर लिग (आईपीएल) को अनलाइन सट्टेबाजीमा संलग्न सीमावर्ती विराटनगरका तीन जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा विराटनगर-१५ का मुन्ना भन्ने ३८ वर्षीया सत्यजित साह, ३८ वर्षीया बैजनाथ साह र विराटनगर-१७ का ४२ वर्षीया जगदीश साह रहेको मोरङ प्रहरीले जनाएको छ। जगदीश र बैजनाथ विराटनगर सीमावर्ती रानीका र मुन्ना भने मुख्य सहरी क्षेत्र भट्टिमोडका बासिन्दा हुन्।

### औषधि उत्पादनमा कमी

रुपन्देही। लागत बढेपछि जिल्लामा औषधि उत्पादनमा कमी आएको छ। सरकारले तयारी औषधी आयातमा ४ प्रतिशत कर लगाएको छ। तर, त्यही औषधी बनाउने कच्चा पदार्थ आयातमा भने १३ प्रतिशत कर लिन्छ। जसले स्वदेशमा औषधि उत्पादन लागत बढ्दै गएको छ। लागत बढेपछि व्यवसायीले औषधि उत्पादन घटाएका छन्। रुपन्देहीको तिलोत्तमास्थित सिद्धार्थ फर्मास्युटिकल प्रालि का प्रबन्धक गणेश पाठकले पहिलेको तुलनामा अहिले ३० देखि ४० प्रतिशत मात्रै औषधि उत्पादन गरेको बताए।

### वन फाडानी गर्नेहरुलाई संरक्षण

नेपालगन्ज। बाँकेको बैजनाथ गाउँपालिका-५ रामपुरस्थित नवदुर्गा भगवती सामुदायिक वन क्षेत्रमा गरिएको अवैध फँडानीमा संलग्नलाई कारबाही गर्न आनाकानी भइरहेको छ। उक्त समूहले डिभिजन वन कार्यालय बाँकेको स्वीकृतिबिना नै करिब एक बिघा क्षेत्रफलमा हुर्किरहेका रुखबिरुवा अवैध रुपले कटान गरेको थियो। वन फँडानीविरुद्ध डिभिजन वन कार्यालयले कारबाही प्रक्रिया चलाएको बताए पनि अहिलेसम्म समूहका पदाधिकारी पक्राउ परेका छैनन्। समूहले उल्टै वन फँडानीका प्रमाण नष्ट गर्ने प्रयास गरिरहेको छ।

### भूमि मिचेकोविरुद्ध सुर्खेत र बर्दियामा प्रदर्शन

काठमाडौं। नेपाली भूमि मिचेको भन्दै सुर्खेत र बर्दियामा चीन विरुद्ध प्रदर्शन भएको छ। स्वतन्त्र युवाहरूको एक समूहले हुम्लामा चीनले नेपाली भूमि अतिक्रमणको विरोधमा प्रदर्शन गरेको हो। उक्त समुहको अगुवाइमा पुगेका युवाहरूले 'गो ब्याक चाइना' भन्दै नारावाजी लगाए। त्यस्तै युवाहरूले चिनियाँ हस्तक्षेपको खेदो खन्दै नेपालमा चीनको दादागिरी चल्दैन भन्दै चीनविरूद्द आक्रोश समेत पोखे। हुम्लाको नाम्खा गाउँपालिकाको वडा नम्बर ६ को हिमालीपारीको गाउँ लिमीको लाप्चा क्षेत्रमा चीनले भवन निर्माण गरेको हो। नेपाली भूभागमा चिनियाँ पक्षले एकतर्फी रुपमा भवन बनाउने कार्य अन्तिम चरणमा पुऱ्याएको छन्।

### प्रदेश २ मा कोरोनाबाट थप दुईको मृत्यु

जनकपुरधाम। प्रदेश २ मा कोरोना संक्रमणबाट थप दुई जनाको मृत्यु भएको छ। कोरोना भाइरसको संक्रमणबाट सप्तरीको अग्निसाई कृष्णासवरन नगरपालिका ४ का ३९ वर्षीय पुरुषको मृत्यु भएको हो। यस्तै सर्लाहीको वरहथवा नगरपालिका ६ का ६६ वर्षीय पुरुषको कोरोना भाइरसको संक्रमणबाट मृत्यु भएको छ। यो सँगै प्रदेश २ मा कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या १३३ पुगेको छ। यस्तै प्रदेश २ मा ५ सय ९७ जना संक्रमित कोरोना मुक्त भएका छन्। कोरोना मुक्त हुनेमा ५०९ जना पुरुष र ८८ जना महिला छन्।

# प्रेस काउन्सिलका नवनियुक्त कावा अध्यक्षको प्रतिबद्धता

प्रेस काउन्सिल नेपालको अध्यक्षको नियुक्तिको विषय सम्मानित सर्वोच्च अदालतमा विचाराधीन रहेको र कार्यवाहक अध्यक्षले राजीनामा दिइसकेको अवस्थामा विगतको नजीर, निर्णय र अभ्याससमेतका आधारमा अध्यक्षको अनुपस्थितिमा कार्यवाहक अध्यक्ष र अध्यक्षसरह अधिकारको प्रयोग र कर्तव्यको निर्वाह गर्न मलाई अधिकार प्रत्यायोजन गर्न मिति २०७७/०६/०९ को काउन्सिल बोर्ड बैठकले सर्वसम्मत निर्णय गरेको हुँदा सोहीअनुसार मिति २०७७/०६/०९ देखि म पदमा बहाल रहेको कुरा सर्वविदितै छ। म यस पदमा बहाल रहेको अवस्थामा नेपाली पत्रकारिता जगत्को स्वतन्त्रता, स्वायत्तता, स्वच्छ, स्वस्थ व्यवसायिकता र श्रीवृद्धिका लागि तथा यस संस्थाको स्वायत्तताको रक्षा र कामकारबाही चुस्त-दुरुस्त बनाउन संस्थागतरूपमा र व्यक्तिगतरूपमा निम्न प्रतिबद्धताहरू व्यक्त गर्दछु।



साथै प्रेस काउन्सिल नेपालबाट हुने सञ्चारमाध्यमको नियमन प्रभावकारी बनाउन तथा सञ्चारक्षेत्रलाई जनउत्तरदायी बनाउन सम्बद्ध व्यक्ति संस्था र सरोकारवाला सबैलाई विशेष अनुरोध गर्दछु।

तपसिल :

सम्पादकमा नरहने, सङ्घ-सङ्गठनबाट अलग

- सर्वप्रथम म यस संस्थाको कार्यवाहक अध्यक्ष बहाल रहुन्जेल म कार्यरत रहेको साँघु साप्ताहिकको सम्पादक पदमा नरहने जानकारी गराउँदछु। साथै यस पदमा बहाल रहुन्जेल कुनैपनि सञ्चारमाध्यमको सम्पादकको भूमिकामा नरहने प्रतिबद्धता व्यक्त गर्दछु।
- पदमा बहाल रहुन्जेल कुनै पनि राजनीतिक दलको सदस्य नरहने, त्यस्तै पेसागत सङ्घ-सङ्गठनको सदस्यबाट समेत अलग रहने छु।

मितव्ययी कार्यप्रणालीको अवलम्बन

- कार्यवाहक अध्यक्षका रूपमा मैले र काउन्सिल बोर्डले प्रेस काउन्सिल ऐन-नियम, विनियम, निर्देशिका, कार्यविधि, पत्रकार आचारसंहिताको परिधिभित्र रहेर निष्ठापूर्वक कार्य गर्ने/गराउने जानकारी गराउँदछु।
- विशेष काम र परिस्थितिबाहेक कार्यदिन र कार्यालय समयभन्दा बाहिर कार्यालयको सवारीसाधन प्रयोग गरिने छैन। सार्वजनिक बिदाको दिन कार्यालयको कामबाहेक सवारी साधन र अन्य सेवा प्रयोग गरिने छैन। सार्वजनिक बिदाको दिन कार्यालयको साधन प्रयोग गर्दा प्रयोजन स्पष्ट उल्लेख गरी अभिलेखपश्चात् प्रयोग गरिने छ। कार्यवाहक अध्यक्षका हैसियतमा प्राप्त सेवा सुविधा र खर्च (इन्धनलगायत) सकेसम्म कटौती गरी मितव्ययी बनाउन प्रयत्न गर्नेछु।

सुशासन र समृद्धिको लागि सञ्चार

'सुखी नेपाली, समृद्ध नेपालका लागि स्वतन्त्र, स्वच्छ, स्वस्थ, मर्यादित पत्रकारितामैत्री प्रेस काउन्सिल' नेपालको अग्रजहरूको अभियानलाई थप प्रभावकारीरूपमा अघि बढाइनेछ। भ्रष्टाचारमा शून्य सहनशीलताको नीतिलाई आत्मसाथ गरी कामकारबाही गरिनेछ।

आजको काम आजै, टाढाको लागि प्राथमिकता

- प्रेस काउन्सिलबाट प्रवाह हुने सेवा प्रभावकारी र सेवाग्राहीमैत्री बनाउन उपत्यकाबाहिर टाढा-टाढा बाट आउने सेवाग्राही (विशेष गरी कर्णाली, सुदूरपूर्व र सुदूरपश्चिमबाट आउने)लाई विशेष प्राथमिकता दिइनेछ। प्रक्रिया पुगेको अवस्थामा आजको आजै (सोही दिन) वा २४ घण्टाभित्र काम फत्ते गर्ने गरी व्यवस्था मिलाइनेछ। काउन्सिलको कार्यसम्पादन थप मितव्ययी तथा पारदर्शी बनाइनेछ।

समन्वयात्मक तरिकामै कार्य

- प्रेस काउन्सिल नेपाल पत्रकार आचारसंहिता निर्माण गर्ने, अनुगमन गर्ने र आचारसंहिता विपरीत भएका काममा सचेत गराउने, कारबाही गर्ने संस्था पनि भएको हुँदा नेपालमा सञ्चालित विभिन्न छापा तथा विद्युतीय सञ्चारमाध्यमबाट सामग्री सम्प्रेषण गर्दा व्यावसायिक हितको रक्षा, सामाजप्रति उत्तरदायी बहन र सामाजिक मर्यादाभित्र रहेर सम्प्रेषण गर्न आग्रह गर्दछु।
- पत्रकारिता क्षेत्रको बृहत्तर हितका लागि प्रेस काउन्सिल नेपालका अग्रज, नेपाल पत्रकार महासङ्घ, विभिन्न पेसागत सङ्घ-सङ्गठन, यसक्षेत्रका प्राज्ञिक एवं बौद्धिक व्यक्तिहरू र नेपाल सरकारसँग छलफल, सल्लाह-सुझावका साथै आवश्यक समन्वय गरेर अगाडि बढिनेछ।

नीतिगत व्यवस्थाको लागि पहल

- पत्रकारिताको परिभाषाभित्र नपर्ने, पत्रकारिताको नाममा कतिपय युट्युबबाट समाजमा उच्छृङ्खलता प्रदर्शन गर्ने, सामाजिक मर्यादाभन्दा बाहिर रहेर व्यक्तिगत, पारिवारिक जीवनमा प्रवेश गरेर सामाजिक सद्भावमा खलल पुऱ्याउने र समाजमा पत्रकारिताको नाम लिएर अराजकता फैलाउने अनलाइन टेलिभिजन (युट्युब च्यानल)हरू नियमन र व्यवस्थित गर्न काउन्सिललाई क्षेत्राधिकार नभएको र यसको नियमन गर्न नीति-नियम नभएको हुँदा तत्काल नीति-नियम बनाएर व्यवस्थापन गर्नका लागि नेपाल पत्रकार महासङ्घ, सम्बन्धित संस्था तथा विभिन्न विज्ञहरूसँग समन्वय गरी सरकारलाई आग्रह गरिनेछ।
- देशभर सञ्चालित अनलाइन र तिनबाट सम्प्रेषण हुने सामग्रीलाई अझ व्यवस्थित, जनउत्तरदायी र पत्रकार आचारसंहिताको मर्मअनुरूप गराउन ती सञ्चारमाध्यमको वस्तुस्थिति तथा संरचनाबारे सर्भेक्षण गरी उनीहरूको अवस्था, सम्प्रेषित सामग्रीको प्रभाव, आचारसंहिता पालना, सामाजिक उत्तरदायित्व बहन लगायतका आधारमा श्रेणी निर्धारण गर्न सरोकार पक्ष र सम्बन्धित विज्ञहरू सम्मिलित बैठक/छलफलबाट समयसापेक्ष कार्यविधि बनाई निश्चित मापदण्डका आधारमा श्रेणी तोकी सहजीकरण एवं यसबारे बजेटमा उल्लेखित विषयको मूर्तरूपमा कार्यान्वयनको लागि पहल गरिनेछ।

पेसागत शुद्धीकरण

- पछिल्लो समय पत्रकारको नक्कली परिचयपत्र बनाएर अथवा पत्रकारको परिचयपत्र भिरेर निजी स्वार्थका निम्ति पेसाको बदनाम गर्ने प्रवृत्ति बढेको देखिएको छ। पत्रकारको रूपमा पेसागत तथा व्यावसायिक मर्यादाभन्दा बाहिर गएर विभिन्न सौदाबाजी गर्ने, धाकधम्की दिने, गुण्डागर्दी गर्ने, समाचार तथा विभिन्न श्रव्यदृष्य सामग्रीको दुरुपयोग गरी समाज भड्काउने पात्र र प्रवृत्तिको नियमन तथा नियन्त्रण आवश्यक देखिएकाले नेपाल पत्रकार महासङ्घ, विभिन्न पेसागत सङ्घ-सङ्गठन, सुरक्षा निकाय समेतको समन्वयमा पेसागत शुद्धीकरणका लागि आवश्यक कदम चालिनेछ। समाजमा देखिएका यस्ता प्रवृत्तिविरुद्ध काउन्सिलमा तत्काल उजुरी गर्न आम सर्वसाधारण तथा जिम्मेवार व्यक्तिलाई अपील गर्दछु। यस्ता उजुरीमाथि तत्काल सुनुवाई तथा कारबाही हुनेछ। उजुरीको प्रकृतिअनुसार उजुरीकर्ताले चाहेमा गोपनीयता सुरक्षित गर्ने गरी व्यवस्था मिलाइनेछ।

आचारसंहिता अनुगमन र वर्गीकरण

- हामी पत्रकार आचारसंहिता पालनामा सचेत र संवेदनशील नबन्दा भएका कमिकमजोरीका कारण पत्रकार र सञ्चारमाध्यममाथि आक्रमण बढिरहेको अवस्थालाई मध्यनजर गर्दै पत्रकार आचारसंहिता (संशोधन-२०७६)को प्रभावकारी अनुगमन र पूर्णरूपमा पालना गर्र्ने/गराउनेतर्फ प्रयास गरिनेछ।
- हाल यथास्थितिमा रहेको आ.व. ०७५/०७६ को पत्रपत्रिका वर्गीकरणको कार्य यथाशीघ्र सम्पन्न गर्न पहल गरिनेछ।
- सामाजिक सञ्जाल सूचना सम्प्रेषणको माध्यम बनिरहेको सन्दर्भमा यसको सही प्रयोग सबैको कर्तव्य नै हुने हुँदा यसतर्फ ध्यान आकृष्ट गर्न चाहन्छु। त्यस्तै पत्रकार र सञ्चारमाध्यमले सामाजिक सञ्जालमार्फत प्रवाह गर्ने समाचार, विचार र सूचना वा जानकारीहरू सत्य तथ्यपूर्ण, सन्तुलित र मर्यादित हुनुपर्ने व्यवस्था प्रेस काउन्सिल नेपालद्वारा जारी पत्रकार आचारसंहिता-२०७३ (पहिलो संशोधन-२०७६) को ४(६) मा उल्लेख भएकोले सोहीअनुसार पत्रकार आचारसंहिताको पालना गर्न आव्हान गर्दछु।

पारिश्रमिकको निश्चित प्रतिशत सामाजिक सेवामा

- पदमा बहाली रहँदा आफूले प्राप्त गर्ने सुविधा पारदर्शी बनाउँदै पारिश्रमिकको १० प्रतिशत सामाजिक सेवा, असहाय, अपाङ्गता भएका बालबालिका र राष्ट्रिय महत्वका अनुसन्धान तथा खोजमा संलग्न व्यक्ति/संस्थाको लागि उपलब्ध गराइने छ।

सहयोगको अपेक्षा

- मेरा यी प्रतिबद्धता कार्यान्वयनका लागि काउन्सिल बोर्ड, सचिवालयका सम्पूर्ण कर्मचारी, पत्रकारिता कर्ममा सम्बद्ध सबैको सहयोगको अपेक्षा गर्दछु।

...................

*गोपाल बुढाथोकी*
*कार्यवाहक अध्यक्ष*


## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन्। होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ। जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
सम्पर्क नं. : ०१५२२३५०
इमेल : malcprovince2@gmail.com


## स्थानीय सम्वाद

# लकडाउन अबको विकल्प होइन



**उदयकुमार बरबरिया यादव**
**मेयर, शहीदनगर नगरपालिका, धनुषा**

**० दिनप्रति दिन कोरोना संक्रमण बढ्दै गएको छ, शहीदनगर नगरपालिकाले रोकथाम तथा नियन्त्रणमा के गरिरहेको छ ?**

– निश्चय नै मुलुक अहिले कोभिड-१९ को त्रासमय अवस्थामा छ। जसमा पनि प्रदेश नं. २ र खासगरी मैले नेतृत्व गरेको शहीदनगर नगरपालिका पनि बढी प्रभावित भएको छ। कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि हामीले नगर उपप्रमुखको नेतृत्वमा केही चिकित्सकहरु राखेर एउटा टीम गठन गरेका छौं। चिकित्सकसहितको त्यो टीमले क्वारेन्टाइनमा रहेका र घरमा रहेकाहरु बारे बुझ्ने, उपचार गर्ने, आवश्यक सल्लाह र सुझाव दिने लगायत सम्पूर्ण कार्य गरिरहेको छ। हामीले समय-समयमा प्रदेश सरकारसँग पनि सहकार्य गरिरहेका छौं। क्वारेन्टाइनमा खटिरहेका चिकित्सकहरुका लागि पनि हामीले जोखिम भत्ताको व्यवस्थापन गरेका छौं। यस नगरपालिकामा सुरुमा कोरोनाको पोजिटिभ केशहरु धेरै आएका थिए, त्यसपछि आइसोलेसनमा राखिएपछि निको भएर घर पनि फर्किसकेका छन्। यस नगरपालिकामा कोरोनाबाट दुई जनाको मृत्यु भएको छ।

**० सुरुवाती अवस्थामा बढी जोखिम हुँदा पनि अहिले अवस्था सामान्य बन्दै गएको हो ?**

– अहिले शहीदनगर नगरपालिका जोखिममा छैन। अहिले अवस्था सामान्य भइसकेकोले सञ्चालन गरिएको क्वारेन्टाइनलाई बन्द गरेर नेपाल सरकारको निर्देशिकाअनुसार ५ बेडको आइसोलेसन निर्माण गर्नेतिर लागेका छौं।

**० कोरोनालाई नियन्त्रित अवस्थामा राखिराख्न के कस्ता उपायहरु अपनाइरहनु भएको छ ?**

– कोरोनालाई नियन्त्रण र रोकथाम गर्न मुख्य कुरा हामी आफै सचेत हुनुपर्छ। हामी सरकारको मात्रै भरमा पर्नु हुँदैन। नागरिक आफै सचेत नभएसम्म हामीले कोरोनालाई जित्न सक्दैनौं। किनभने यो कोरोना भनेको एउटा अदृष्य शत्रु हो। यो शत्रुलाई कुनै पनि सरकारले बल प्रयोग गरेर वा अन्य कुनै उपाय गरेर रोक्न सकिँदैन। यसलाई रोक्नका लागि हरेक नागरिक आफै सचेत भई विश्व स्वास्थ्य संगठनको सुरक्षा मापदण्ड अपनाउँदै हामी कोरोनामाथि विजय हासिल गर्न सक्छौं। किनभने अहिले कोरोना विरुद्ध कुनै पनि खोप वा औषधि आइसकेको छैन। कोरोना रोकथामका लागि सरकारले लामो समयसम्म लकडाउन र निषेधाज्ञा पनि गऱ्यो। तर लकडाउनले अवस्था झन् बिग्रन थालेको थियो। समयमै सतर्कता अपनाउन सकेनौं भने हामीले धान्न अप्ठ्यारो हुन्छ। अब स्थानीय, प्रदेश र संघीय सरकारबीच तालमेल भई युनिटी, कन्टिन्युटी र डिउटी गरियो भने कोरोनालाई रोक्न हामी सफल हुन्छौं।

**० युनिटी, कन्टिन्युटी र डिउटीमा तीनै तहको सरकार कतिको गम्भीर छ ?**

– निश्चय नै हामीसँग उपलब्ध भएका साधनस्रोतअनुसार लागिरहेका छौं। प्रदेश सरकारले पनि आफूसँग भएका बजेट र स्रोतसाधन उपयोग गरेर कोरोना रोकथाम तथा नियन्त्रणमा लागेको छ। प्रदेश र स्थानीय सरकारसँग पनि राम्रै तरिकाले समन्वय भइरहेको छ। संघीय सरकारले पनि यो बेलामा सातै प्रदेशसँग सहकार्य र समन्वय गरिरहेको छ। हाम्रो नगरपालिकामा प्रदेश सरकारले एकदमै सहयोग गरिरहेको छ।

**० तर, प्रदेश सरकारले त संघीय सरकारले सहयोग गरेन भन्ने गुनासो पोखिरहेको हुन्छ नि ?**

– यसमा म विल्कुल सहमत छैन। किनभने प्रदेश सरकार आफैमा एउटा सरकार हो। प्रदेश आफैले नीति निर्देशन र कानूनहरु बनाइरहेको हुन्छ। प्रदेश सरकारसँग पनि फालमफाल बजेटहरु छन्। संघीय सरकारले एउटा निर्देशिका जारी गरेको थियो कि प्रदेश सरकारले जुन बजेट ल्याएको छ, त्यसलाई कोभिड-१९ रोकथाम तथा नियन्त्रणमा रकमान्तर गर्नुस्। कोभिडसँग लड्न संघीय सरकारले सहज गरिदिएको थियो। त्यस्तै, हामीले पनि विकासको बजेटलाई कोभिड रोकथाम तथा नियन्त्रणमा लगायौं। त्यसरी नै प्रदेश सरकारले पनि गर्नुपर्दथ्यो। कुनै पनि सरकारले एक अर्कामाथि दोषारोपण गर्नु उचित हुँदैन। सबैले आआफ्नो ठाउँबाट काम गरिरहेका छन्। हामीले गर्न सकेनौं भने त्यसको दोष प्रदेश सरकारलाई हामी दिन सक्दैनौं। म एउटा स्थानीय तहको प्रमुख हुँ, यदि मैले गर्न सकिन भने त्यो मेरो कमजोरी हो। त्यसरी नै प्रदेश सरकारले यदि गर्न सकेन भने यसको दोष संघीय सरकारलाई दिन मिल्दैन। समग्रमा सबैले एक अर्कासँग सहकार्य र समन्वय गरी यो महामारीको विरुद्ध अगाडि बढ्नुपर्छ।

**० अब फेरि लकडाउन गर्नुपर्ने सुझावहरु आइरहेको छ, तपाईंको धारणा के छ ?**

– अब लकडाउन गर्नु हुँदैन, हामी सतर्कता अपनाउनुपर्छ। अब हामीले ठोस नीति निर्देशन ल्याएर कोरोना रोकथामका लागि अगाडि बढ्नुपर्छ। अब हामीले कोरोनासँगै बाँच्न सक्नुपर्छ। किनभने अहिलेसम्म कुनै औषधि वा खोप नआइसकेकोले एक दुई वर्ष हामी सचेत भएरै बाँच्नुपर्छ। यत्रो समयसम्म यदि हामीले लकडाउन गऱ्यौं भने देशको अर्थतन्त्र झन् धरासायी हुन्छ। त्यसकारणले अब हामी कोभिड सँगसँगै आफ्नो दैनिक कार्य अगाडि बढाउनुपर्छ।

**० दिनप्रति दिन जोखिम बढ्दैछ, संक्रमित पनि बढ्दै गएको छ नि ?**

– नेपालमा कोरोनाको अवस्था हेर्दा मृत्युदर एकदम कम छ। यसलाई महामारीको रुपमा लिनुभन्दा पनि यसलाई एउटा रोगको रुपमा हेर्नुपर्छ। नेपालमा निश्चितरुपमा संक्रमितहरु दिनहुँ बढिरहेका छन् तर उपचार पनि निको हुने दर पनि बढी नै छ। अन्य मुलुकभन्दा नेपालका नागरिकहरुमा इम्युनिटी पावर अलि बढी छ। हामी आफ्नो इम्युनिटी पावर बनाउने खानपानमा बढी जोड दिनुपर्छ। भनेपछि पूर्ण सतर्कता अपनाउँदै आफ्नो जनजीविका अगाडि बढाउनुपर्छ, लकडाउन अबको विकल्प होइन।

## चीनले विस्तारवादी चरित्र देखायो

हुम्ला। चीनसँग जोडिएको सिमाना लिमी लाप्चा क्षेत्रको लोलुङजोङको भुभागमा चीनले एकतर्फी रुपमा भवन निर्माण गरेको स्थान नेपालकै भएको नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्री जीवनबहादुर शाहीले बताएका छन्।

हुम्लाको नाम्खा गाउँपालिकाको वडा नम्बर ६ लिमीको लाप्चा क्षेत्रमा चीनले नेपाली जमिन कब्जा गरि भवन निर्माण गरेपछि अहिले यसको बिरोध भएको छ। दुई देशको सिमाना भन्दा एक किलोमिटर नेपालभित्र पसी नेपाली भूभागमा चिनियाँ पक्षले एकतर्फी रुपमा भवन बनाएर नेपाली सीमा मिचिएको सार्वजनिक भएपछि वास्तविकता अध्ययन गर्न स्थलगत भ्रमणमा गएको सरकारी टोली हुम्लाको सदरमुकाम सिमिकोट फर्किसकेको छ। टोली फर्किएको २ दिन भई सक्दा पनि अध्ययनको वास्तविक विवरण सार्वजनिक नगरिएकोप्रति नेता शाहीले आशंका व्यक्त गर्दै पहिलो पटक उक्त मिचिएको जमिनका बारेमा बोलेका हुन्।

२०६६ सालमा नेपालले नेपाल-चीन सीमाना ग्याक्पु दोचासम्म सडक निर्माण गरेको स्मरण गर्दै शाहीले सो क्षेत्र भन्दा यता नेपालपट्टी ललुङजोङमा चीनले भवन बनाएको उनले दावी गरे। सुरुमा दुईवटा भवन बनाइएको र त्यसको लिमीबासीले विरोध गरेपछि चिनियाँ पक्ष पछि हटेको थियो। अहिले आएर नेपाली भुभाग चीनले हड्पेको बताउँदै कर्णाली प्रदेशसभामा प्रतिपक्ष दलका नेतासमेत रहेका शाहीले यसको व्यापक विरोध हुनुपर्ने बताए। उनले भने, 'चीनको यो विस्तारवादलाई सहेर बस्न सकिन्न। यसलाई राष्ट्रिय मुद्दा बनाउनु पर्छ।' लाप्चा क्षेत्रको सबै पाटन चीनले लिए लिमीमा मानिस बस्न र पशुपालन गर्न समेत नसक्ने उनको भनाइ छ। उनले नेपालको सार्वभौमिकता र सीमा सम्बन्धी अत्यन्त संवेदनशील र गम्भीर विषयमा वास्तविकता सार्वजनिक गर्न गरिएको विलम्वले सरकारको नियतमाथि गम्भीर प्रश्न खडा भएको जनाउँदै अविलम्व वास्तविक विवरण सार्वजनिक गरेर नेपाली जनतालाई सुसूचित गर्न कांग्रेस केन्द्रिय सदस्य समेत रहेका नेता शाहीले जोडदार माग गरेका छन्।

## केसीको माग सम्बोधन गर्न माग

काठमाडौं। जनता समाजवादी पार्टी निकट राष्ट्रिय विद्यार्थी संघले आमरण अनसनरत् सत्याग्रही डा.गोविन्द केसीको माग सम्बोधन गर्न माग गरेको छ। कुशासन र भ्रष्टाचारलाई जरैदेखि उखेलेर सरकारलाई जनउत्तरदायी बनाउँदै शिक्षा र स्वास्थ्य क्षेत्रमा आमूल परिवर्तन गर्नका लागि पटकपटक सत्याग्रह मार्फत् सरकारलाई दबाब दिँदै आएका आदर्श व्यक्तित्व डा.गोविन्द केसीले आमरण अनशन बस्दै आएका छन्। सरकारले उनको जायज मागहरुलाई सम्बोधन गर्ने प्रतिवद्धता सहित सहमति गर्ने तर कार्यान्वयनमा भने चरम उदासिनता देखाउँदै आएको आरोप राविसंघले लगाएको छ। राविसंघका महासचिव रञ्जित निष्पक्षले एक विज्ञप्ति जारी गरी भनेका छन्, 'हाल डा. गोविन्द केसीले उठाउनु भएको दुर्गम भेगकाजनतालाई शिक्षा र स्वास्थ्यमा सहजपहुँच हुनुपर्छ भन्ने उहाँको माग सही र जनहितमा छ। त्यसैले राष्ट्रिय विद्यार्थी संघले उहाँको मागप्रति पूर्ण एक्यबद्धता व्यक्त गर्दछ।'

## विश्व परिवेश

# सबैलाई खोप पुऱ्याउने भारतीय प्रमको वाचा

नयाँ दिल्ली । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले देशको भ्याक्सिन उद्योगले भाइरसविरूद्धको लडाईंमा 'सम्पूर्ण मानवतालाई सहयोग' गर्ने बताएका छन् । संयुक्त राष्ट्र संघको वार्षिक महासभालाई सम्बोधन गर्दै मोदीले भारतको विशाल खोप उत्पादन उद्योगले कोरोना महामारीविरूद्धको लडाईंमा विश्वको सेवा गर्ने जनाएका हुन् । 'विश्वको सबैभन्दा ठूलो भ्याक्सिन उत्पादक देश भएको नाताले म विश्व समुदायलाई आज अर्को एउटा आश्वासन दिन चाहन्छु', आफ्नो रेकर्डेड सम्बोधनमा मोदीले भने 'भारतको खोप उत्पादन र वितरण क्षमतालाई संकटको यो घडीमा सम्पूर्ण मानवसेवाका लागि प्रयोग गर्नेछौं ।'

मोदीको यो प्रतिज्ञाले कोरोनाका कारण भर्चुअलरूपमा भइरहेको महासभा बैठकमा भ्याक्सिनको सर्वसुलभ उपलब्धतालाई लिएर पटकपटक उठेको चिन्तालाई छोएको छ । खोप निर्माणपछि कम र अतिकम विकसित राष्ट्रका नागरिकको पहुँचमा खोप नपुग्ने र विकसित र धनी राष्ट्रले मात्र खोपमा पहुँच पाउने विषयमा चिन्ता व्यक्त भएकोमा विश्वको सर्वाधिक ठूलो खोप उत्पादक राष्ट्र भारतका प्रधानमन्त्री मोदीको यो सम्बोधन महत्वपूर्ण मानिएको छ ।

बितेका सातामा राष्ट्रसंघ महासभामा पोप फ्रान्सिस लगायतका वक्ताहरूले खोप किन्नसक्नहरूकोमा मात्र जानसक्नेमा चासो व्यक्त गरेका थिए । मोदीको यो भनाइ देशभित्रै आफ्ना नागरिकलाई सरकारले कसरी खोप पुर्याउँछ भनेर प्रश्न उठिरहेका बेलामा आएको छ ।

महासभामा मोदीको सम्बोधन प्रसारण हुनुअगाडि भारतको सबैभन्दा ठूलो खोप उत्पादक अदार पूनावालाले खोप अभियानका लागि भारतको स्वास्थ्य मन्त्रालयलाई आगामी वर्ष करिब १ विलियन अमेरिकी डलर आवश्यक पर्नसक्ने बताएका थिए ।

आफ्नो राष्ट्रसंघको सम्बोधनमा मोदीले भारतको कोरोना खोप परीक्षण तेश्रो चरणमा रहेको जानकारी दिदैं व्यापकस्तरमा जारी रहेको परीक्षणले खोप प्रभावकारी र सुरक्षित रहेको आशा देखाइरहेको बताए ।

# काश्मिरमा भारतको केन्द्रीय सरकार गम्भीर

काठमाडौं । भारतीय संघ शासित प्रदेश जम्मु कश्मिरमा कश्मीरका डिभिजनल कमिसनर पीके पोले दक्षिण कश्मिरको राजस्व मामिलाको विस्तृत समीक्षाका लागि अनन्तनागको भ्रमण गरेका छन् । अनन्तनाग, पुलवामा, कुलगाम र शोपियांलगायत दक्षिण कश्मिरका चार जिल्लाका राजस्व विभागसँग सम्बन्धित विभिन्न विषयमा छलफल गर्दै पोले मातहतका अधिकारीहरुलाई आ(आफ्नो कार्यालयमा जनताको पहुँचमा रहन आग्रह गरे । जनताको सेवामा कुनै कञ्जुस्याँइ नगर्न पनि उनले निर्देशन दिए ।

उनले बैठकमा उपस्थित सबै अधिकारीहरुलाई सरकारको भर्खरै सुरु गरेको गाउँ पहल कार्यक्रम र जन अभियानलाई सफल बनाउनका लागि खटिन पनि आग्रह गरेका छन् ।

बैठकले डिजिटल इण्डिया ल्याण्ड रेकर्ड आधुनिकीकरण कार्यक्रम ( डीएलआरएमपी) अन्तर्गत भइरहेको जग्गा अभिलेखको डिजिटलीकरणको प्रगति र भूमि सुधारलाई अगाडि बढाउनका लागि भइरहेका कामकारबाहीका विषयमा समेत छलफल गरेका छन् ।

उक्त अवसरमा डीसी अनन्तनागले विस्तृत विवरण प्रस्तुत गर्दै जमिनबन्दी (राजस्व अभिलेख) को अद्यावधिक गर्ने काम, राजस्व कागजातहरू स्क्यान गर्ने र अपलोड गर्ने महत्वका अन्य मुद्दाहरूको बारेमा अध्यक्षलाई जानकारी दिएका छन् । उनले विभिन्न मुद्दाहरु र अवरोधहरुका विषयमा पनि प्रकाश पारेका छन् र समयमै समस्या समाधान गर्नका लागि डिभिजनल कमिसनले निर्देशन दिएका छन् ।

पीके पोलेले जग्गा अधिग्रहण प्रकरण, जग्गा क्षतिपूर्ति, राज्य र कहचराइ जग्गा फिर्ता सम्बन्धी विवरण, गति र विकासका कामहरू राजस्व विभागमा भइरहेको सबै महत्वपूर्ण विषयहरूको विस्तृत समीक्षा गरेका छन् ।

उनले सार्वजनिक सेवाहरू पुऱ्याउन राजस्वका कमर्चारीहरुको निर्णायक भूमिका हुने र भूमि अभिलेखको व्यवस्थापनलाई आधुनिकीकरण गर्ने उद्देश्यलाई महसुस गर्न डिजिटलाइजेशन प्रक्रियाको गतिलाई तीब्रता दिन जोड दिए ।

# विहारमा विधान सभाको निर्वाचन अक्टोबर २८ बाट तीन चरणमा हुने

पटना । भारतको विहार राज्यमा विधान सभा सदस्य चयनका लागि तीन चरणमा मतदान गराइने भएको छ । मतदान आगामी अक्टोबर २८, नोभेम्बर ३ र नोभेम्बर ७ तारिखका दिन गर्ने तय भएको अधिकारीहरुले जनाएका छन् ।

कोरोनाभाइरसबाट सृजित महामारी चलिरहेकै बेला हुन लागेको भारतको यो सवैभन्दा ठूलो निर्वाचन मानिएको छ । तीनै चरणका निर्वाचनको मतगणना भने नोभेम्बर १० तारिखका दिन गर्ने तालिका बनाएको निर्वाचन आयोगले जानकारी दिएको छ ।

अहिले घोषणा गरिएको निर्वाचनबाट भारतको विहार राज्य सभाका लागि २४३ जना सदस्य निर्वाचित हुनेछन् ।निर्वाचन आयोगका प्रमुख आयुक्त सुनिल अरोराले मतदानको दिन विहान ७ बजेदेखि मतदान शुरु गरिने जानकारी दिए ।

कोरोनाबाट र विद्रोही समूहहरुबाट बढी प्रभावित क्षेत्रहरुमा भने केही समय थपघट गर्न सकिने पनि उनले स्पष्ट पारे । कोरोनाभाइरसको महामारीले विश्वका धेरै देशलाई प्रभावित पारेको र धेरै देशका निर्वाचन हुन नसकिरहेका बेलामा बिहारमा निर्वाचन हुन लागेको हो ।

विहारमा गर्न लागिएको निर्वाचनका लागि कोरोनाभाइरस फैलिन नदिनका लागि विषेश स्वास्थ्य सतर्कतासहितको मापदण्डहरु तय गरिएको आयोगले जनाएको छ । पहिलो चरण अन्तर्गत अक्टोबर २८ तारिखका दिन हुने मतदानमा ७१ पदका लागि निर्वाचन हुनेछ भने नोभेम्बर ३ तारिखका दिन हुने दोस्रो चरणको निर्वाचनबाट ९४ जना निर्वाचित हुनेछन् । त्यसैगरी नोभेम्बर ७ तारिखका दिन हुने मतदानबाट अरु ७८ जना विधान सभा सदस्यहरु चयन हुनेछन् । आयोगका अनुसार निर्वाचनका लागि सात लाख सेनिटाइजर, ४६ लाख मास्क, छ लाख पिपिइ, छ लाख ७० हजार अनुहार ढाक्ने र २३ लाख जोडी हाते पञ्जाको व्यवस्था गरिएको छ ।

यी सामग्रीहरुको प्रयोग बाहेक सामाजिक दुरी कामय गर्ने, भिडभाड गर्न नहुनेलगायतका नियमलाई पनि कडाइका साथ कार्यान्वयन गर्न आग्रह गरिएको छ ।

## काश्मीरमा पहिलो गिजर ट्यांक प्लान्ट सेट गरिदै

जम्मु-काश्मीर । स्थानीय औद्योगिक क्षेत्रको विकासका लागि काश्मीरको बडगाम जिल्लाको ओमपोरा क्षेत्रमा पहिलो गिजर ट्यांक प्लान्ट स्थापना गरिने भएको छ । दुई हप्ताभित्र यसका कार्यहरु सुरु गरिने जनाइएको छ ।

हाइसेन्स इन्डस्ट्रीजका सञ्चालक मोहम्मद मकबूलले यो स्थानीय उद्योगको लागि ठूलो उपलब्धी भएको बताएका छन् । उनले पहिले काश्मीरबाहिरबाट आयात गरिने गिजर ट्यांकहरु अहिले काश्मीरमा नै पाइने उनले बताए ।

उनले भने, 'हामी पहिले भारतका अन्य राज्यहरूबाट आयात गर्ने अधिकांश सामग्रीहरू प्रयोग गरिरहेका थियौं । अब यो प्लान्टले स्थानीय बासिन्दाका लागि राहत मिल्नेछ ।'

मकबूलले काश्मीर उपत्यकाको पहिलो गिजर ट्यांकको उत्पादन इकाई हाइसेन्स भएको र र यसले स्थानीय व्यापार बढाउन निर्णायक भूमिका खेल्नेसमेत दाबी गरेका छन् । मकबूलका अनुसार सरकारले केही व्यक्तिलाई गिजर निर्माण इकाईका लागि जग्गा प्रदान गरिसकेको छ तर उनीहरूले अझै प्लान्ट स्थापना गर्न सकेका छैनन् । मकबूलले उनीहरूसँग चिनार कालोनी ओमपोरामा निर्माण इकाई पनि भएको र जुन २०१७ मा स्थापना गरिएको थियो । उनले यो परियोजना जम्मू कश्मीर बैंक शाखा ओमपोराको सहयोगमा सम्पन्न भएकोसमेत बताएका छन् ।

## भारत र जापानका प्रधानमन्त्रीबीच टेलिफोन वार्ता

नयाँदिल्ली । भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र जापानका प्रधानमन्त्री योशिहिदे सुगाबीच टेलिफोन वार्ता भएको छ । भारतीय प्रधानमन्त्रीको कार्यालयले एक विज्ञप्ति प्रकाशन गरेर सो कुराको जानकारी गराएको हो।

सो विज्ञप्तिका अनुसार उनीहरुबीच शुक्रबार फोनवार्ता भएको थियो । त्यस वार्ताका क्रममा भारतीय प्रधानमन्त्री मोदीले जापानी प्रधानमन्त्री सुगालाई बधाई दिएका थिए । सुगा जापानको प्रधानमन्त्रीमा हालैमात्र निर्वाचित भएका थिए। प्रधानमन्त्री मोदीले जापानी प्रधानमन्त्री सुगालाई कार्यकालको सफलताको कामना गरेर बधाई ज्ञापन गरेको सो विज्ञप्तिमा जनाइएको छ ।

साथै भारत र जापानबीचको विगत लामो समयदेखिको सम्बन्ध उनको कार्यकालमा थप सुदृढ हुने धारणा प्रधानमन्त्री मोदीले राखेको पनि सो विज्ञप्तिमा जनाइएको छ । प्रधानमन्त्री सुगाको कार्यकालमा आगामी दिनमा भारत र जापान आर्थिक तथा अरु पनि धेरै क्षेत्रमा साझेदारी गरेर अघि बढ्ने विषयमा सो फोनमा कुराकानी भएको थियो ।

त्यस वार्ताका क्रममा भारतीय प्रधानमन्त्री मोदीले जापानी प्रधानमन्त्री सुगालाई अहिलेको कोभिड १९ को महामारी कम भएपछि भारतको भ्रमणका लागि आमन्त्रण पनि गरेको बताइएको छ ।

त्यस फोनवार्तामा उहाँहरुबीच कोभिड १९ ले पारेको असरका बारेमा छलफल गर्दै यसको नियन्त्रण र रोकथामका लागि गरिएका कार्यहरुका बारेमा पनि आपसी अनुभव आदानप्रदान गरेका थिए ।

श्रम ऐन, २०७४ को पालना गरौं, श्रमिक, श्रमिक आपूर्तिकर्ता र रोजगारदाता सजग बनौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## चिनियाँ दूतावास अगाडि प्रदर्शन

काठमाडौं । नेपाल विद्यार्थी संघ ( नेविसंघ)काले चिनियाँ दूतावास अगाडि प्रदर्शन गरेका छन् । प्रदर्शनमा उत्रिएका नेता नवराज त्रिपाठीसहित ६ जना विद्यार्थी नेता कार्यकर्ता पक्राउ परेका छन् ।

चिनियाँ दूतावास अगाडि प्रदर्शन गरिरहेका मध्ये ६ जनालाई प्रहरीले सोमबार पक्राउ गरेको हो । नेविसंघका कार्यकर्ताले चिनियाँ हस्तक्षेप बन्द गर, सीमा मिच्न पाइँदैन भन्दै चिनिया दूतावासमा प्रदर्शन गरेका थिए । नेविसंघका नेता कुन्दन काफ्ले चिनियाँले नेपाली भूमि मिचेर भवन निर्माण गर्दा पनि सरकार मौन बसेकाले आफूहरु सडकमा उत्रनु परेको बताए ।

उनले भने, 'माझा गाउँपालिका वडा नम्बर ६ मा सीमा मिचिएको । २०६६ सालसम्म नेपालीले भोगचलन गर्दै आएको करिब डेढ किलोमिटर जग्गा मिचिएको छ । अहिले त्यहाँ ठूला भवनलगायत भौतिक संरचना निर्माण गर्ने काम भएको छ । नेपालको कम्युनिस्ट सरकारलाई चिनियाँ कम्युनिस्ट पार्टीले प्रशिक्षण दिएपछि सरकारले चीनका कुनै पनि गतिविधिमा बोलेको छैन् । यो रोक्नुपर्छ । सीमा मिच्ने काम कुनै हालतमा सह्य हुने छैन ।'

कालापानी, सुस्तालगायतका क्षेत्रमा नेपाली भूमि निरन्तर अतिक्रमणमा परिरहेको र समस्या समाधानमा राज्य उदासीन रहिरहेको सन्दर्भमा स्कुल क्याम्पसमा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई नेपाली भूमि र सिमानाबारे सूचित गराउनु नेपाली विद्यार्थी आन्दोलनको एउटा महत्वपूर्ण जिम्मेवारी रहेको अभियन्ताहरुले बताएका छन् ।

## जिल्ला समाचार

### पर्साको स्वास्थ्य अवस्थाप्रति ध्यानाकर्षण

वीरगंज । पर्सा जिल्लाको हाल स्वास्थ्य अवस्था देखेर सरोकारवालाहरुको ध्यानाकर्षण भएको छ। पर्सामा अहिले उपचार नपाएर अस्पताल भौतारिनु परेकोले गिरिजा प्रसाद कोईराला फाउण्डेशन पर्साले जिल्ला प्रशासन कार्यालय पर्साको ध्यानाकर्षण गराएको छ। कोरोना महामारीका कारण पर्सामा हजारौं सकंक्रमित छन भने कयौंले ज्यान गुमाएका छन्। साथै पर्सामै ८ जनाभन्दा बढी व्यक्ति उपचार नपाएर अस्पतालको गेटमा मृत्यु भएको सर्वविदितै छ। उपचार नपाएर मृत्यु भएको कारणले पर्साको स्वास्थ्य अवस्था नराम्रो भएकोले गिरिजा प्रसाद कोइराला फाउण्डेशनका अध्यक्ष मोहम्मद सहाबुदिनको अध्यक्षतामा सचिव धिरज प्रसाद गुप्ताले पर्साका प्रमुख जिल्ला अधिकारी आशमान तामाङलाई ज्ञापन पत्र बुझाएका छन्। गिरिजा प्रसाद कोइराला फाउण्डेशन पर्साका अध्यक्ष मोहम्मद सहाबुदिनको अध्यक्षतामा ज्ञापन पत्र बुझाउन गएको समूहले पर्साको कोरोना महामारी तथा पर्सा जिल्लाको स्वास्थ्य क्षेत्रको यथास्थितिबारे पर्साका प्रमुख जिल्ला अधिकारीसँग सल्लाह गरेका छन्। जिल्ला प्रशासन कार्यालय पर्सामा गिरिजा प्रसाद कोइराला फाउण्डेशन पर्साका सहसचिव मिन्टु देवी सिंह, कोषाध्यक्ष मनोहर साह, सदस्य प्रिति सिंह, जंगबहादुर पटेल, सनतोष कुमार गुप्ता, शेख नेजामुदिन, दिनानाथ प्रसाद गुप्ता, पप्पु सिंह, संदिप कुमार केवट, जितेन्द्र ठाकुर, मनजेश कर्ण, पप्पु बैठा, संजय पटेल, सफु शर्मा, अशोक बैठा, कर्ण पटेल, लालबाबु साह लगायतका कार्यकर्ताको उपस्थिति रहेको थियो।

### वार्षिक प्रतिवेदन हस्तान्तरण

जनकपुरधाम । प्रदेश नीति तथा योजना आयोगले आर्थिक वर्ष २०७६/७७ को वार्षिक प्रतिवेदन प्रदेश सरकारलाई हस्तान्तरण गरेको छ। आयोगका उपाध्यक्ष डा. भोगेन्द्र झाले मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीलाई सो प्रतिवेदन हस्तान्तरण गरेका छन्। आयोगले गत आर्थिक वर्षमा गरेको कामहरुको विवरण समेट्दै ४२ पृष्टको प्रतिवेदन तयार पारेको छ। आयोगले आफ्नो प्रतिवेदनमा गत आर्थिक वर्षको उपलब्धीहरुमा प्रदेश सरकारको नीति तथा कार्यक्रम, विषयगत मन्त्रालयको बजेट सीमा निर्धारण र मार्गदर्शन, मध्यकालीन खर्च संरचना, प्रदेशको प्रथम आवधिक योजना, दीगो विकासको लक्ष्यहरुको मार्गचित्र, प्रदेशको जनसाँख्यिकस्थिति विवरण, प्रदेशको प्रोफाइल निर्माण, प्रदेश अनुगमन, तथा मुल्यांकन दीग्दर्शन, प्रदेश योजना तथा कार्यक्रम दीग्दर्शन निर्माण आदि राखेको छ। प्रतिवेदन हस्तान्तरण कार्यक्रममा मुख्यन्यायाधिवक्ता दिपेन्द्र झा, आयोगका उपसचिव ठुलोबाबु दहाल समेतको उपस्थिति रहेको थियो।

### बाँकेमा रोकिएन बालविवाह

बाँके। बाँकेमा 'विहेबारी, बीस वर्षपारि' भन्ने नाराको व्यावहारिक परिपालना समुदायस्तरमा गराउन सरोकारवाला निकायबीच थुप्रै चुनौती देखिएको छ। जिल्लाका सचेत युवायुवती, किशोरकिशोरी र बालबालिका संस्थागतरूपमा जनचेतनामूलक कार्यक्रममा लागि परे पनि बालविवाह रोक्न नसकिएकाले चुनौती देखिएको बाल अधिकारकर्मी साहिल अन्सारीको भनाइ छ। बाँकेमा बालविवाह कतिले गरिरहेका छन् भन्ने यकिन तथ्याङ्क नभए पनि बालविवाह बढ्दै गएको बालविवाहको क्षेत्रमा काम गर्ने सङ्घसंस्थाको बुझाइ छ। गत आर्थिक वर्षमा जिल्ला प्रहरी कार्यालयमा लिखित र मौखिक गरी ५० भन्दा बढी उजुरी परे पनि दोषीमाथि कानूनी कारवाही भएको पाईंदैन। दुई परिवारको सहमतिमा हुने बालविवाह कानूनले नियन्त्रण गर्न नसकिने भएकाले अभिभावकमा नै जागरण ल्याउनु पर्ने खाँचो रहेको छ। 'हामीले नेपालगञ्ज उपमहानगरपालिकासँगको सहकार्यमा बालबालिका र किशोरकिशोरीका लागि सञ्चालन गरेको चार वर्षे परियोजनाले बालविवाह, बालश्रम, बालअधिकार, उनीहरुको शिक्षा, स्वास्थ्यलगायतका अधिकारलाई धेरै हदसम्म व्यवस्थित गर्न सकेको छ', सिविन नेपाल, नेपालगञ्जका प्रमुख सिद्धराज पनेरुको भनाइ छ। नेपालको कानूनले बालविवाह गर्ने र गराउनेलाई तीन वर्ष कैद र रु ३० हजारसम्म जरिवानाको व्यवस्था गरेको छ तर बालविवाह रोकथामका लागि बनाइएका कानून प्रभावकारीरुपमा कार्यान्वयन हुन नसक्दा बालविवाहका घटना बढ्दै गएको छ। बालविवाह रोकथामका लागि स्थानीय सरकार र सङ्घसंस्थाले सामूहिक पहल गर्नुपर्ने अधिवक्ता विश्वजित तिवारीको सुझाव छ।

### रौतहटका चार पालिकाको परिषद् अझै भएन

रौतहट। मेयर र उपमेयरबीचको विवादले रौतहटमा चार पालिकाको परिषद् हुन सकेको छैन। देबाही गोनाही, राजदेबी, कटहरिया र फतुवा बिजयपुर नगरपालिकाको परिषद् अझै हुन सकेको छैन। परिषद् ढिला हुँदा नगरपालिकाको आगामी वर्षको विकास निर्माणका योजनाहरु प्रभावित हुने देखिएको छ। यी नगरपालिकाहरुले चालू आर्थिक वर्षमा गरिने विकास निर्माणको कामको योजना तर्जुमा गर्न सकेको छैन। देबाही गोनाहीका मेयर धर्वेन्द्रप्रसाद पटेल र उपमेयर पनरिया देवी बीचको विवादले अहिलेसम्म परिषद् हुने छाँटकाँट देखिएको छैन्। मेयर पटेलले उपमेयर पनरिया देवीले विभिन्न बाहनाबाजी गरेकोले परिषद् प्रभावित भएको आरोप लगाएका छन्। उपमेयर पनरिया देवीले अघिल्लो वर्षको हिसावकिताब हेरेर मात्र परिषद् गरौं भन्ने आफ्नो मान्यता रहेको बताए। स्थानीय सरकार संचालन ऐनमा आर्थिक वर्षको असार १० गते सबै स्थानीय तहको परिषद् सम्पन्न गर्नु पर्ने उल्लेख छ। १५ गते परिषद्मा प्रस्तुत बजेट बहुमत सदस्यबाट पारित गर्नुपर्ने प्रावधान छ। जिल्लाको १८ स्थानीय तहमध्ये केहीले मात्र समयमा परिषद् गरेका छन्। अधिकांशमा आन्तरिक विवाद चुलिएकाले परिषद् ढिला भएको हो। संघीय मामिला मन्त्रालयले जिल्लाका सबै स्थानीय तहमा असार १० गते पेस गरिएको बजेटको विवरण माग गरिएको छ। तर परिषद् नै नभएको नगरपालिकाले विवरण दिने सक्ने अवस्था छैन। यस्तै राजदेवी नगरपालिका मेयर धिरेन्द्रकुमार सिंह र उपमेयर अन्सु सिंह बीचको विवाद उत्कर्षमा पुगेपछि परिषद् अन्योलमा परेको छ। परिषद् हुनुअघि आन्तरिक आयको लागि राजस्व परामर्श समितिको निर्णयले चालु आर्थिक वर्षको बजेटबारे प्रतिवेदन तयार गर्नु पर्छ। यसैगरी फतुवा बिजयपुरका मेयर गोपालराय यादव र उपमेयर कान्तिदेवी बीचको विवादका कारण परिषद् हुन नसकेको हो। मेयर यादवले चाँडै परिषद् हुने जनाए। यो नगरपालिकामा गएको वर्ष अन्तिम समयमा आएर परिषद् भएको थियो। कटहरियामा पनि उस्तै समस्या छ।

### तास खेलिरहेको अवस्थामा नौ जना पक्राउ

कैलाली । धनगढी उपमहानगरपालिका-२ बोगटी चोकस्थित कृष्ण सिंहको घरमा तास खलिरहेको अवस्थामा नगद ९ जनालाई ७५ हजार २ सय १० रुपैयाँ र २ गड्डी तास सहित शनिबार प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा कञ्चनपुर कृष्णपुर नगरपालिका-९ बस्ने ३४ वर्षीय राम बहादुर ऐर, भिमदत्त नगरपालिका-६ बस्ने ४३ वर्षीय जनक राज जोशी, बझाङ केदारस्यु गाउपालिका-४ बस्ने ३३ वर्षीय नरेन्द्र मल्ल, सोही ठाउँ बस्ने २८ वर्षीय मिलन भण्डारी, कैलाली धनगढी उपमहानगरपालिका-२ बस्ने ४० वर्षीय पवन भाट, सोही उपमहानगरपालिका-१ बस्ने २७ वर्षीया नितु चन्द, सोही उपमहानगरपालिका-२ बस्ने ३८ वर्षीय दिल बहादुर सिंह, सोही उपमहानगरपालिका-३ बस्ने ३८ वर्षीय शेर बहादुर साउद र चुरे गाउँपालिका-३ बस्ने ३८ वर्षीय नर बहादुर धामी रहेका छन्। कृष्ण सिंहको घरमा तास खेलिरहेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो।

### यादव मृत फेला

रुपन्देही । ओमसतिया गाउँपालिका-५ भेलाहीस्थित खाल्डोमा सोही ठाउँ बस्ने ४३ वर्षीय सुनिरका यादव बुधबार मृत अवस्थामा फेला परेका छन्। यस सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### साढे सात किलो गाँजासहित पक्राउ

कपिलवस्तु । कृष्णनगर नगरपालिका-२ पिपलबोटबाट ७ किलो ५ सय ग्राम अवैध लागूऔषध अफिम सहित रोल्पा परिवर्तन गाउँपालिका-१ बस्ने ५० वर्षीया सिता रोकालाई मंगलबार राति प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय कृष्णनगरबाट खटिएको प्रहरीले चन्द्रौटाबाट कृष्णनगरतर्फ आउँदै गरेको लु.१ ह १५७ नम्बरको अटोमा सवार उनलाई जाँच गर्ने क्रममा उक्त अफिम सहित फेला पारी पक्राउ गरेको हो। साथै अटो चालक शिवराज नगरपालिका(५ बस्ने शुशिल क्षेत्री समेतलाई आवश्यक अनुसन्धानका लागि प्रहरीले नियन्त्रणमा लिएको छ।

### चोरीपैठारीका सामान बरामद

रुपन्देही । सशस्त्र प्रहरी बल, नेपाल नम्बर २७ गण रुपन्देहीबाट खटिएको एपीएफ टोलीले करीव एक लाख एक हजार रुपैयाँ बराबरको चोरीपैठारीको किराना तथा हार्डवयरका सामान बरामद गरेको छ। भारतबाट अवैध रुपले भन्सार छली ल्याउँदै गरेको उक्त सामान एपीएफ टोलीले रुपन्देही जिल्लाको सिद्धार्थनगर नगरपालिका ११ भुजौली स्थित सीमा ईलाकाबाट बरामद गरेको हो। बरामद सामान भैरहवा भन्सार कार्यालयमा बुझाईएको छ।

# राजदूतको अभिव्यक्तिप्रति आपत्ति

काठमाडौं। चीनका लागि नेपाली राजदूत महेन्द्र बहादुर पाण्डेको अभिव्यक्तिप्रति प्रमुख प्रतिपक्षी नेपाली काँग्रेसका नेताहरुले आपत्ति जनाएका छन्। हुम्लामा चीनले अतिक्रमण गरेको नेपाली भूमिको विषयमा आएको सरकारको अभिव्यक्तिप्रति गम्भीर आपत्ति जनाएको काँग्रेसले राजदूत पाण्डेले चिनियाँ शासनप्रणाली अनुकरणीय भन्दै दिएको अभिव्यक्तिमाथि प्रश्न उठाएको छ।

नेपाली काँग्रेसका उपसभापति विमलेन्द्र निधिले चीनले नेपाली भूमि अतिक्रमण गरेको विषयमा विवाद भइरहेका बेला चीनका लागि राजदूत पाण्डेले दिएको अभिव्यक्तिप्रति प्रश्न उठाएका हुन्।

निधिले सत्ताधारी दलका यी र यस्ता अभिव्यक्तिका कारण वर्तमान राजनीतिक प्रणालीमाथि खतरा उत्पन्न भएको बताए।

यस्तै नेपाली काँग्रेसका नेता गगन थापाले पनि राजदूत पाण्डेको अभिव्यक्तिप्रति आपत्ति जनाउँदै सरकारको आधिकारी धारणा के हो भन्द प्रश्न गरेका छन्।

थापाले ग्लोबल टाईम्समा राजदूत पाण्डले दिएको अन्तरवार्तामा व्यक्त विचार र भाषा कुटनीतिज्ञको मर्यादा विपरीत भएको बताए।

अन्तराष्ट्रिय सम्बन्ध जस्तो संवेदनशील विषयमा राजदूतबाट हलुका टिप्पणी सदा अवाञ्छनीय हुने थापाको भनाइ छ।

यसैगरी काँग्रेसका नेता गुरुराज घिमिरेलले राजदूत पाण्डेको अभिव्यक्ति संवेदनहीन र गैरकुटनीतिक भएको दाबी गरे। उनले ट्वीटरमा लेखेका छन्,'नेपालको हुम्ला जिल्लाको भौगोलिक सीमाका विषयमा बेइजिङमा रहेका नेपालका राजदूत पाण्डेको अभिव्यक्ति संवेदनहीन र गैरकुटनीतिक देखिन्छ।'

उनले थपेका छन्, 'उनको काम राष्ट्रको हितमा चीनसँगको सम्बन्धलाई अझ सुमधुर बनाउने हो। एउटा छिमेकीको अनावश्यक पैरवी गरेर अर्को छिमेकीलाई आधारहीन गाली गर्ने होइन।'

यस्तै काँग्रेसका नेता उदय शमशेर राणाले पनि विदेशमा रहेका नेपाली राजदूतहरुले राष्ट्रिय हितका रुपमा सेवा गर्दै नेपालको पक्षमा बोल्नुको सट्टा राजदूत भएको देशको पक्षमा बोल्दै आएको टिप्पणी गरे।

पूर्व अर्थराज्यमन्त्री समेत रहेका नेता राणाले राजदूतले आफूले गर्नुपर्ने भन्दा विपरीत काम गरेको बताए।

नेपाली काँग्रेसका प्रवक्ता विश्वप्रकाश शर्माले पनि नेपालको सार्वभौमिकता र सीमा सम्बन्धी अत्यन्त संवेदनशील र गम्भीर विषयमा वास्तविकता सार्वजनिक गर्न गरिएको विलम्वले सरकारको नियतमाथि गम्भीर प्रश्न खडा भएको बताए।

चीनसँगको सीमा विवाद नभएको तथा अहिले मिडियामा आइरहेको विषय भारतको इसारामा प्रोपोगण्डाको रुपमा आइरहेको राजदूत पाण्डेले अन्तर्वार्ताका क्रममा बताएका थिए।

# परराष्ट्र मन्त्रालयसँग जवाफ माग

काठमाडौं। नेपाली कांग्रेसका नेता गगन थापाले चीनका लागि नेपाली राजदुतको अभिव्यक्ति सरकारको आधिकारिक धारणा हो की होइन भनि परराष्ट्र मन्त्रालायलाई सोधेका छन्।

पूर्व परराष्ट्रमन्त्री समेत रहेका राजदुत महेन्द्र पाण्डेको नाम नलिई कांग्रेस नेता थापाले चिनियाँ राजदुतले दिएको अभिव्यक्ति सरकारको धारणा हो वा होइन भनी सरकारलाई नै सोधेका छन्।

राजदुत पाण्डेले चिनियाँ सरकारी मिडिया ग्लोबल टाइम्समा दिएको गैर कुटनीतिक अभिव्यक्तिको राजनीतिक र कुटनीतिक वृत्तमा आलोचना भइरहेको छ। कुटनीतिज्ञ तथा कुटनीतिक मामिलाका जानकारहरुले सरकारले यस बारेमा आफ्नो धारणा स्पष्ट गर्न दवाव बढाएका छन्।

कांग्रेस नेता थापाले चीनका लागि नेपाली राजदुतले ग्लोबल टाईम्समा दिएको अन्तरवार्तामा व्यक्त विचार र भाषा कुटनीतिज्ञको मर्यादा विपरित भएको उल्लेख गर्दै परराष्ट्रमन्त्री प्रदिप ज्ञवालीलाई राजदूत पाण्डेको त्यो अभिव्यक्ति नै सरकारको आधिकारिक धारणा हो वा होइन भनेर सोधेका हुन्। पाण्डेको अभिव्यक्ति सरकारको आधिकारिक धारणा होइन भने परराष्ट्र मन्त्रालयले आफ्नो धारणा स्पष्ट गर्न समेत थापाले माग गरेका छन्।

कांग्रेस नेता थापाले अन्तर्राष्ट्रिय सम्बन्ध जस्तो संवेदनशील विषयमा राजदूतबाट हलुका टिप्पणी सदा अवाञ्छनीय हुने बताए। थापाले ट्वीट गर्दै भनेका छन्, 'यतिखेर भारत-चीन, नेपाल-भारत र नेपाल-चीन सम्बन्ध यथास्थितिभन्दा अलि फरक र जटिल बन्दै गएको छ। यो समयमा राजदूत पाण्डेको गैरजिम्मेवार अभिव्यक्तिले नेपालको कुटनीतिक कौशलमा समेत प्रश्न उठाउँछ।'

## चीनको प्रस्ताव भारतद्वारा अस्वीकार

नयाँ दिल्ली। चीनले भारतसँगको सीमा विवाद हल गर्न सन् १९५९ मा प्रधानमन्त्री चाउ एनलाइले राखेको प्रस्तावमा सहमत हुन भारतलाई आग्रह गरेको प्रस्तावलाई भारतले खारेज गरेको छ। ७ नोभेम्बर १९५९ मा प्रधानमन्त्री चाओले भारतीय समकक्षी जवाहरलाल नेहरुलाई पत्र लेख्दै सो प्रस्ताव राखेका थिए। चाओले सो पत्रमा पूर्वी सेक्टरमा म्याकमोहन लाइन र पश्चिम सेक्टरमा आआफ्नो नियन्त्रणमा रहेको क्षेत्रबाट दुवै देशले आफ्नो सैनिक २० किलोमिटर पछाडि सार्ने प्रस्ताव राखेका थिए।

# ५० प्रतिशत भाडा बढाउने निर्णय फिर्ता लिन माग

काठमाडौं। लकडाउनपछि सरकारले सार्वजनिक यातायात सञ्चालन गर्दा क्षमताभन्दा आधा मात्र यात्रु राख्ने र ५०% भाडा बढाउने गरेको निर्णय फिर्ता लिन माग गरिएको छ। सार्वजनिक सुधार अभियन्ता प्रेमबहादुर थापाले यस्तो माग गरेका हुन्। लामो समयदेखि सार्वजनिक सवारी साधनमा भइरहेको अनियमितता सुधारका निम्ति अभियान चलाइरहेको थापाले सरकारको सो निर्णयबाट आम सर्वसाधारण जनता बढी मारमा परेको गुनासो गरेका छन्। उनले कोरोनाबाट बच्न सवारी साधनमा आवश्यक सुरक्षा नअपनाइएको, क्षमताभन्दा बढी यात्रु राखेको र भाडा पनि दोब्बर लिएको पाइएको उनले बताए। उनले सरकारले भाडा बढाउने गरेको निर्णय फिर्ता लिई सुरक्षाका सम्पूर्ण मापदण्ड अपनाई मात्रै सवारी साधन चलाउन सम्बन्धित निकायमा अपिल समेत गरेका छन्।

उनले सरकारले भाडा बढाउने निर्णय गरेपनि यसको निगरानी नगरेको गुनासो पोखेका छन्। साथै उनले विद्यार्थी, ज्येष्ठ नागरिक र अपाङ्गलाई समेत तोकिएअनुसारको छुट नदिइरहेको बताए। सरकारले निर्धारण गरेको दूरीअनुसारको भाडा लिनुपर्ने, लामो दूरीका सुपरडिलक्स र डिलक्सको नाममा लिइरहेको भाडा हटाउनुपर्ने उनको भनाई छ। लामो दूरीमा पनि विद्यार्थी, ज्येष्ठ नागरिक र अपाङ्गलाई छुट दिनुपर्ने उनको तर्क छ। सरकारले तोकेको भाडादर जनताले देख्नेगरी सवारी साधनहरु राख्नुपर्नेसमेत उनले माग गरेका छन्।

सरकारले सार्वजनिक यातायातको सिन्डिकेट हटाएपनि सोहीअनुसार अहिले पनि भइरहेको भन्दै उनले सिन्डिकेट हटाउने निर्णय भएपनि पूरानै तरिकाले सवारी साधन सञ्चालन भइरहेको बताएका छन्। यात्रुले गुनासो गर्ने ट्राफिक प्रहरीको १०३ नम्बरमा पनि फोन नउठ्ने गरेको जिकिर गरेका छन्।

साथै उनले ट्याक्सीवालाहरुले मिटरअनुसार हिंड्न नमानेको बताए। एयरपोर्टमा सिन्डिकेटरहेको र त्यसले जनतालाई ठगिरहेको उनको आरोप छ।







# नेपाल-भारत सीमा खुलाउन प्रधानमन्त्रीलाई ज्ञापन

जनकपुरधाम। नेपाल-भारत सीमा खुलाउन प्रधानमन्त्री केपी शर्मा ओलीलाई विभिन्न संघसंस्थाहरुले ज्ञापनपत्र बुझाएका छन्। सीमा बन्दका कारण नेपाल भारत सीमा क्षेत्रमा रहेका दुबै देशका जनतालाई निकै कठिनाई भइरहेको भन्दै कोरोनाको कारण इतिहासमा पहिलो चोटी नेपाल भारतको सुमधुर सम्वन्धमा तिक्तता आएको दाबी गरिएको छ। 'यस मुद्दामा नेपाल र भारतका नीति निर्माण गर्ने व्यक्तिहरुको गलत सोच र दिशानिर्देशनको कारण पछिल्लो कहि महिनादेखि दुबैतिरको जनतालाई दुःख भोग्न बाध्य बनाएको छ।' ज्ञापनपत्रमा भनिएको छ। जिल्ला प्रशासन कार्यालय धनुषामार्फत् प्रधानमन्त्रीलाई बुझाइएको ज्ञापनमा 'आपत विपतको बेला नेपाल भारतको सीमा बन्द हुँदा भारतबाट आँखाको उपचार गराउन नेपाल आउने र नेपालबाट अन्य रोगको उपचार गराउन भारत जाने बिरामीहरु विचल्लीमा परि कयौं जना त ज्यान गुमाइसकेको अवस्था छ।' सन १९५० को सन्धी अनुसार नेपाल भारत निर्वाधरुपमा आवागमन सहज गर्नु पर्छ। बेटीरोटीको सम्बन्ध रहेको कुरो एकातर्फ छ भने अर्कोतर्फ एकअर्काको विवाह, पूजा, मरणहरणमा सहभागि हुन नपाएका अवस्था बनेको छ।

भारतमा रोजगारी गरिरहेको लाखौं नेपाली कोरोनाको डरले नेपाल त आयो अब बन्द सिमानाको कारण भारत जान न पाएर दुई छाक खाना जुटाउन साहुकारको ऋणको बोझले दब्दै गएको छ। सीमा बन्द भन्दा पनि सर्तकताले कोरोना घट्ने हो। सीमा कुनै त्यस्तो समस्या देखिदैछ भने त्यहाँ स्वास्थ्यकर्मी राखिनुपर्छ जसले कोरोनाबाट बच्न जानकारी गराउँछन्। अहिलेको परिस्थितिमा सीमालाई बन्द गरेर राख्नुको औचित्य नभएकोले सीमाक्षेत्रमा चाडै आबत जाबत सहज गर्नु माग गरिएको छ। नेपाल भारत खुल्ला सीमा सम्वाद समूह, नेपाल उद्योग वाणिज्य महासंघ-प्रदेश २, माँ जानकी यातायात प्रालि, जनकपुरधाम, लोकतान्त्रिक युवा नागरिक समाज, फलफुल व्यवसायी संघ, जनकपुरधाम, धनुषा चेम्बर अफ कमर्स, जनकपुर अञ्चल ग्यास व्यवसायी संघ, जिरोमाइल युवा कमिटी र क्लोथ बैंक नेपालले गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय र प्रदेश २ को मुख्यमन्त्री कार्यालयलाई बोद्धार्थ गराउँदै प्रधानमन्त्रीलाई संयुक्तरुपमा ज्ञापनपत्र पठाएका हुन्।

## भारतमा स्कुल तथा कलेज खोल्न अनुमति

काठमाडौं। कोरोनाका कारण मार्चबाट बन्द रहेका स्कुल तथा कलेज खोल्न भारतको केन्द्र सरकारले अनुमति दिएको छ। अनलक–५ अन्तरगत केन्द्र सरकारले लकडाउन थप खुकुलो गर्दै स्कुलक तथा कलेज यही अक्टुबर १५ बाट खोल्ने अनुमति दिएको हो। यद्यपि खोल्ने नखोल्ने अन्तिम निर्णयको अधिकार केन्द्र सरकारले राज्य सरकार र सम्बन्धित संस्थालाई दिएको छ। केन्द्र सरकारले अझै पनि अनलाइन र दूरी शिक्षलाई नै प्राथमिकता र प्रोत्साहन दिइने जनाएको छ। यसैबीच, भारतमा सिनेमा हल खोल्न पनि केन्द्र सरकारले अनुमति दिएको छ। अक्टोबर १५ बाट भारतमा सिनेमा हल खोल्ने अनुमति सरकारले दिएको हो। सिनेमा हलसँगै मल्टिप्लेक्स, प्रदर्शनी हल र मनोरन्जन पार्कहरू पनि खोल्ने अनुमति संघीय सरकारले दिएको हो। स्वास्थ्य सुरक्षा सावधानी अपनाउँदै हल खोल्ने अनुमति दिएको हो। भारतले स्कुल तथा कलेज खोल्ने अनुमति दिए पनि त्यहाँ कोरोनाको जोखिम भने कम भएको छैन। दैनिक ८० हजारभन्दा माथि कोरोना संक्रमित थपिरहेका छन् भने हजारको सेरोफेरोमा संक्रमितको मृत्यु भइरहेको विश्व स्वास्थ्य संगठनको तथ्यांकले देखाएको छ। भारत कोरोना संक्रमित सबैभन्दा धेरै हुने देशको सूचीमा दोस्रो स्थानमा छ।

## पोखरा-दिल्ली बस सेवा पुनः सुरू

पोखरा। लकडाउनका कारण बन्द रहेको पोखरा-नयाँदिल्ली बस सेवा बिहीबारदेखि पुनः सञ्चालनमा आएको छ। पर्यटकीय शहर पोखराबाट भारतको राजधानी नयाँदिल्लीसम्म सिधा बस सेवा सञ्चालन गर्दै आएको मोडर्न इरा टुर्स एण्ड ट्राभल्स प्रालिले सात महिनापछि पुनः सेवा शुरु गरेको हो। पोखरादेखि नेपाल-भारत सीमासम्म सो प्रालिअन्तर्गतको बसले यात्रुलाई पुऱ्याउने, त्यहाँबाट दिल्ली नेपाल-भारत मैत्री सेवाअन्तर्गत उत्तर प्रदेश परिवहन निगमका बसले यात्रुलाई गन्तव्यसम्म पुऱ्याउने र दिल्लीबाट समेत सोहीअनुसार सेवा सञ्चालनको व्यवस्था मिलाइएको प्रालिका अध्यक्ष केशवप्रसाद अधिकारीले बताए।

# ९३ वर्षपछि...

निर्माण थालेको थियो। जयनगरदेखि जनकपुर हुँदै कुर्थासम्म दुई वर्षअघि अर्थात् २०१८ देखि रेल सञ्चालन गर्ने लक्ष्य थियो। तर, पहिले निर्माणमा ढिलाइ भयो, पछि रेल गाडी खरिदमा। त्यसैले निर्धारित समयभन्दा दुई वर्षपछि रेल आएको हो। अहिले जयनगरबाट जनकपुरसम्म-कुर्थासम्म ३४ किलोमिटरमा रेल सञ्चालनका लागि तयार भएको छ भने यही रेलमार्गको जनकपुरबाट बर्दिबासखण्डको ३५ किलोमिटर निर्माण हुन बाँकी छ। कुर्थादेखि बिजलपुरासम्म १८ किलोमिटरमा रेलमार्गको लिग बिछ्याउने काम भइरहेको छ। बिजुलपुराबाट बर्दिबाससम्म १७ किलोमिटर रेलमार्गका लागि जग्गा अधिग्रहण हुन नै बाँकी छ। आगामी डिसेम्बर २०२० अर्थात् आगामी पुससम्म बर्दिबाससम्म रेलमार्ग सम्पन्न गर्ने लक्ष्य थियो। तर, अहिलेसम्म मुआब्जाको नै टुंगो लागेको छैन। भारतको इरकन इन्टरनेसनल कम्पनीले रेलमार्ग निर्माण गरिरहेको छ। त्यस्तै, बिजलपुरादेखि बर्दिबाससम्म १७ किलोमिटरसम्म रेल्वे लिकका लागि सर्भे भई जग्गा अधिग्रहण प्रक्रिया थालिएको भए पनि लामो समयदेखि विवादको कारण कुनै प्रगति हुन सकेको छैन। सीमावर्ती भारतीय बजारसँग नेपाललाई जोड्ने गरी भारतीय अनुदानमा निर्माण हुने भनिएका थप चार रेलमार्गको काम नै सुरु भएको छैन। पहिलो चरणमा विराटनगर-जोगबनी १८ किमि र जयनगर-जनकपुर-बर्दिबास ७९ किमि रेलमार्ग निर्माणको योजना बनेको थियो। दुवै रेलमार्ग सन् २०१५ सम्म सक्ने लक्ष्य थियो। तर, ढिलाइ हुँदा २०१४ बाट मात्र काम थालियो र २०१८ मा सम्पन्न गर्ने म्याद तोकिएको थियो। त्यस्तै, भारतको जोगबनीदेखि नेपालको विराटनगरसम्म १८ किलोमिटर रेलमार्ग जोड्ने योजना छ। यसमध्ये अहिलेसम्म १० किलोमिटर रेलमार्ग निर्माण सम्पन्न भएको छ। धेरै ठाउँमा जग्गा विवाद र केही ठाउँमा संरचना विवादको कारण थप प्रगति हुन सकेको छैन।

नेपाल-भारत जोड्ने अरू तीन रेलमार्गमा ७० किमिको न्यू जलपाइगुडी-काँकडभिट्टा, १५ दशमलव ३० किमिको नौतनवा-भैरहवा र १२ दशमलव १० किमिको रुपैडिया-नेपालगन्ज छन्। पहिलो चरणका दुई रेलमार्ग सम्पन्न गरेर दोस्रो चरणको निर्माण थालनी गर्ने योजना छ। पहिलो चरणको निर्माण नै ढिलो हुँदा दोस्रो चरणका रेलमार्ग निर्माण थालिएको छैन। रेल सञ्चालनका लागि जनकपुर आइपुगेको छ, तर रेल्वे कम्पनीसँग अहिलेसम्म जनशक्ति छैन। 'यसअघि रेलचालकसहित २६ जना प्राविधिक कर्मचारी भर्नाका लागि रेल विभागले सूचना प्रकाशित गरेको थियो। पहिलो चरणमा भारतबाटै प्राविधिक कर्मचारी ल्याउने र उनीहरूकै सहयोगमा नेपालीलाई तालिम दिएर सक्षम बनाउने तयारी छ। मन्त्रिपरिषद्ले २६ जना विदेशी र दुई सयजना नेपाली गरी दुई सय २६ कर्मचारी नियुक्त गर्न स्वीकृति दिइसकेको छ। चालक, इन्जिनियर, संकेत देखाउनेलगायतका कर्मचारी भारतबाट र बाँकी प्रशासनिक कर्मचारी नेपाली राखिने तयारी भइरहेको छ। भारतीय कर्मचारी राख्ने विषयमा नेपाल र भारतबीच सम्झौता भएको छ।

रेल्वे सञ्चालक समितिले रेलको टिकटको मूल्य निर्धारण गरी स्वीकृतिका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा पठाएको छ। भाडादर मन्त्रालयबाट स्वीकृत हुन बाँकी छ। जयनगरदेखि कुर्थासम्म ३५ किलोमिटरको भाडा जनरल बोगीमा ७० रुपैयाँ र एसी बोगीमा ३ सयसम्म छ। त्यसैगरी, प्रतिकिलोमिटर बढीमा १५ रुपैयाँ जनरल बोगीमा र एसीमा जनरलभन्दा ५ गुणा बढी भाडा तोकिएको उनले बताए। एक स्टेसनबाट अर्को स्टेसनमा झरेको खण्डमा प्रतिकिलोमिटर १५ रुपैयाँको दरले भाडा लाग्नेछ। दुई वा दुईभन्दा बढी स्टेसनसम्म यात्रा गरे त्योभन्दा कम भाडा लाग्ने उनले बताए।

कुर्थादेखि जयनगरसम्म ५ वटा स्टेसन जयनगर, इनर्वा, खजुरी, वैदही र कुर्था छन्। तीनवटा हल्टहरू जनकपुर, मैनाथपुर र परवहा रहेका छन्। स्टेसनमा एकभन्दा बढी रेल्वे लिक बनाएकाले त्यहाँ रेलको क्रसिङ गरिनेछ। हल्ट भएको स्थानमा रेल केही समयका लागि विश्राम अर्थात् त्यहाँ यात्रु ओसारपसार मात्रै हुनेछ। स्टेसन र हल्ट भएका स्थानमा रेलको टिकट काटिनेछ। अनलाइनमार्फत पनि टिकट बुक गर्न सकिने छ। टिकटसम्बन्धी सफ्टवेयर निर्माणको कार्य भइरहेको छ। जयनगरदेखि कुर्थासम्म ३५ किलोमिटर यात्रा गर्न दुईदेखि तीन घन्टा लाग्ने रेललाई ब्रोडगेज सेवा सुरु भएपछि एक घन्टामा उक्त दूरी तय गरिने छ।

**रेलमा कस्ता छन् सुविधा ?**

कम्पनीले डिजेल इलेक्ट्रिक मल्टिपल युनिट भएका रेल डिजेल र विद्युत् दुवैबाट चल्ने विश्वमै नयाँ मोडेलका रूपमा तयार गरिएको दाबी गरेको छ/। डिपिसी १९०१ र डिपिसी १९०२ नम्बरको दुवै रेल १६ सय हर्स पावरका छन्।

प्रतिघन्टा ११० किलोमिटरको गतिमा चल्न सक्ने रेलमा एक हजार तीन सय सिट क्षमता छ। एउटै इन्जिन भए पनि दुवैतर्फबाट चलाउन सकिने रेलको एउट बोगी (डब्बा)मा ७० सिट छन्। २० मिटर लामो रेलको इन्जिनबाहेक एक एसी र दुई जनरल बोगी छन्। प्रतिकिलोमिटर दुई लिटर डिजेल खपत हुने रेलमा आवश्यकताअनुसार थप चारवटा बोगीसम्म जोड्न सकिने निर्माण कम्पनीको दाबी छ। नेपाललाई लक्षित गरी बनाएको रेल भारतमा सञ्चालनमा रहेको अन्य रेलभन्दा फरक रहेको निर्माण कम्पनीको दाबी छ। प्रत्येक बोगीमा शौचालय छ। एसीबाहेक अन्य जनरल बोगीमा ठाउँठाउँमा पंखा लगाइएको छ। यात्रुबाहक रेल भएकाले सामान ओसारपसार गर्न भने मिल्ने छैन।

## आर्थिक समाचार

### मेरी उनीलाई मुद्दति खाता योजना

काठमाडौं। ग्लोबल आइएमई बैंकले महिलाहरुलाई आर्थिकरुपमा शसक्त र स्वतन्त्र बनाउने उद्देश्यले **'मेरी उनीलाई'** मुद्दति खाता योजना सञ्चालनमा ल्याएको छ। 'मेरी उनीलाई' मुद्दति योजनाले, महिलाहरुका नाममा बचत गर्न, महिलाहरुलाई बचतमा अभ्यस्त बनाउन, व्यक्तिगत खाताबाहक महिलाहरुलाई राम्रो प्रतिफल प्रदान गर्न र आर्थिक रुपमा महिलाहरुलाई सबल बनाउन सहयोग पुऱ्याउने बैंकले जनाएको छ। एकलाख रुपैयाँभन्दा बढी रकममा खोल्न सकिने 'मेरी उनीलाई' मुद्दति योजनामा वार्षिक ९ प्रतिशतसम्म ब्याज पाइनेछ। यो मुद्दति योजनामा ६ महिनादेखि ५ वर्षसम्मको अवधिको लागि खोल्न सकिनेछ। बचत गर्ने बानीलाई प्रोत्साहन गर्ने यो योजनामा आवश्यकताअनुसार पटकपटक रकम थप गर्न पनि सकिने व्यवस्था छ। बैंकले यो खातासँगै निशुल्क डेबिट कार्ड, लकर शुल्कमा शतप्रतिशत छुट, मुद्दति बचतको ९० प्रतिशतसम्म ऋृण सुविधा र दश लाखभन्दा बढी रकमको मुद्दति खाता खोल्ने ग्राहकहरुलाई प्रिभिलेज कार्ड उपलब्ध गराउनेछ।

### ट्राफिक पोल हस्तान्तरण

काठमाडौं। ग्लोबल आइएमई बैंक लिमिटेडले बैंकको संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत ट्राफिक प्रहरीलाई काठमाडौं उपत्यका भित्रका सडकहरुमा ट्राफिक जनचेतनाका लागि उपयोगी हुने ट्राफिक पोलहरु हस्तान्तरण गरेको छ। यसअघि पनि मिति २०७७ बैशाख ३१ मा ग्लोबल आइएमई बैंकले ट्राफिक जनचेतनाक्रम निम्ति ट्राफिक पोलहरु हस्तान्तरण गरेको थियो। बैंकले प्रदान गरेको ट्राफिक पोलहरुले जनचेतना फैलाउने, ट्राफिक नियमको पालना गर्न सहयोग पुऱ्याउने र ट्राफिक जाम तथा दुर्घटना न्यूनीकरण गर्न सहयोग पुऱ्याउने बताउदैं यस्तो समाजोपयोगी कार्यमा सहयोग पुऱ्याएकोमा महानगरीय ट्राफिक महाशाखाले बैंकलाई धन्यवाद दिएको छ। बैंकले स्थापनाकालदेखि नै संस्थागत सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राखेर विभिन्न सामाजिक कार्यहरुमा सहयोग गर्दै आएको छ।

### आइएमई पे र लालबन्दी खानेपानीबीच सम्झौता

काठमाडौं, १४ असोज। आइएमई ग्रुपद्वारा प्रवर्द्धित आइएमई डिजिटल सोलुसन लिमिटेड अन्तर्गत संचालित 'आइएमई पे' र लालबन्दी खानेपानीबीच सम्झौता भएको छ। सम्झौता अनुसार उक्त क्षेत्रका खानेपानी उपभोक्ताले खानेपानीको महसुल आइएमईका एजेण्ट पार्टनरहरू वा आइएमई पे वालेट मार्फत भुक्तान गर्न सक्नेछन्। सम्झौता पत्रमा 'आइएमई पे' का तर्फबाट आइएमईका प्रदेश नं. २ इन्चार्ज अरुण कुमार भण्डारी र लालबन्दी खानेपानी प्रमुख मुकुन्द कुमार श्रेष्ठले हस्ताक्षर गरेका छन्। यस सम्झौताबाट ६ हजार ५ सय १४ (६५१४) घरधुरी लाभान्वित हुनेछन्।

### भारतमा पहिलो अनलाइन स्टोर

काठमाडौं। अमेरिकी कम्पनी एप्पल भारतीय बजारमा प्रवेश गरेको २० वर्ष पुगिसकेको छ। अब बल्ल एप्पलले भारतीय बजारमा आफैंले प्रत्यक्ष रुपमा आफ्ना उत्पादनहरु बेच्ने भएको छ। एप्पलले भारतमा आफ्नो पहिलो अनलाइन स्टोर खोलेको छ। विश्वको सबैभन्दा ठूलो मध्येको एक अर्थतन्त्र भएको मुलुक भारतमा पहिलो अनलाइन स्टोर खोल्ने कदमलाई एप्पलको भविष्यका लागि निकै महत्वपूर्ण मानिएको छ। हाल अनलाइन स्टोर मात्र सञ्चालन गरेको एप्पलले अर्को वर्ष नै भारतमा भौतिक रुपको एप्पल स्टोर खोल्नेछ। वर्षौंयता भारतमा विदेशी बिक्रेता कम्पनीहरुलाई भारतमा आफ्नो शाखा खोल्न एक प्रकारको बन्देज जस्तै थियो। अर्थात् भारतमा आफ्नो पसलको शाखा खोल्नका लागि उनीहरुले आफ्नो उत्पादनको कच्चा पदार्थमध्ये कम्तिमा ३० प्रतिशत भारतीय सामान प्रयोग गर्नु पर्दथ्यो। सोही कारण भारतीय बजारमा आफ्ना उत्पादन बेच्नका लागि एप्पलले डिलरहरुको भर पर्नु परेको थियो।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **डा.राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं